
# येशूको साँचो चेला कसरी बन्ने ?



# इकाई १ क

# येशूको साँचो चेला कसरी बन्ने ?

## परमेश्वरको परिचय

खीष्टियनको रूपमा, हाम्रो सबभन्दा ठूलो आधारभूत धार्मिक विश्वास नै परमेश्वरको अस्तित्व छ भन्नु हो। बाईबलमा परमेश्वरलाई यसरी व्याख्या गरिएको छ कि : एक असल र शक्तिशाली आत्मिक प्राणी हुनुहुन्छ जसले सबै कुराहरूको सृष्टि गर्नुभयो, जसले हाम्रो वास्ता गर्नुहुन्छ, जसले हामी जे गर्दछौं त्यसको फिक्रि गर्नु हुन्छ, जो हाम्रो जीवनमा सामेल गरिनु भएको छ र उहाँले हामीलाई उहाँको महानतासँगको अनन्तता दिनु हुन्छ।

मानव जातिले परमेश्वरलाई सम्पूर्ण रूपमा बुझ्न सम्भव छैन तर परमेश्वर को हुनुहुन्छ र परमेश्वरले हाम्रो जीवनमा के गर्दै हुनुहुन्छ भन्ने बुझ्नको निम्ति हामीसँग एक ठोस पोइन्ट छ। हामी परमेश्वरको गुणहरूमा केन्द्रित हो कि एक नयाँ विश्वासीलाई सहायक सिद्ध होस्।

## उहाँको अस्तित्व

धेरै मानिसहरू, पुरानो विश्वासीहरूले पनि परमेश्वरको अस्तित्वको प्रमाण खोज्दछन्। सबैलाई विश्वास तुल्याउने परमेश्वरको अस्तित्वलाई प्रमाणित गर्ने कुनै तरीका छैन। सम्भवत, प्रमाण भन्दा पनि घटना क्रमहरूको बारेमा कुरा गर्नु असल हुनेछ। घटना क्रमका सबुतले हामीलाई विश्वस्त तुल्याउँदछ कि परमेश्वर हुनु हुन्छ र उहाँ नै बाईबलले व्याख्या गरेका कुराहरूको श्रोत हुनु हुन्छ।

लुस्त्राका मानिसहरूलाई पावलले भने, परमेश्वरले "आफूलाई गवाही बिना छोड्नु भएन" (प्रेरित १४ : १७) ठिकै छ त्यसो भएको सबुत चाहिं के छ ?

**सृष्टि :** भजनसंग्रह १९ : १ ले हामीलाई बताउँदछ, "आकाशले परमेश्वरका महिमाको वर्णन गर्दछ।" रोमी १ : २० ले भन्दछ "उहाँको अदृश्य गुण अर्थात उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाईएका थोकहरूमा छर्लङ्ग देखिएको छ।" सृष्टि आफैले हामीलाई परमेश्वरको बारेमा केहि



copyright 2010 Grace Communion International
www.gci.org

कुरा बताउँदछ । पृथ्वी, सूर्य र ताराहरू हुनुमा केहि कारण छ भनी विश्वास गर्न हाम्रो निम्ति कारण सिद्ध हुँदछ । वैज्ञानिकहरूले भन्दछन् कि ब्रम्हाण्ड एक ठूलो विस्फोटबाट शुरु भयो र यो विस्फोट हुनुमा पनि केही कारण छ भनी विश्वास गर्न हाम्रो लागि उपयुक्त हुन्छ । त्यही केही भनेर हामीले विश्वास गर्ने कुरा नै परमेश्वर हुन् ।

**बनावट :** सृष्टिले शरिर र थोकहरूको बनावट र यसको अवस्था र नियमको चिन्हहरूलाई देखाउँदछ । यहि थोकहरूको विविध तत्त्वहरू फरक भएका भए पृथ्वी अस्तित्वमा रहने थिएन अर्थात मानव जाति अस्तित्वमा रहने थिएन । यदि पृथ्वी आकार वा कक्ष फरक भएको भए यस ग्रहको अवस्थाहरूले गर्दा मानव जीवन रहन सम्भव हुदैन्थ्यो । केही मानिसहरू विश्वास गर्दछन् कि यो एक भौतिक दुर्घटना हो, अरुले विश्वास गर्दछन् कि धेरै उपयुक्त व्याख्या चाहिँ एक बुद्धिमान सृष्टिकर्ताद्वारा सौर्यमण्डल बनाइयो ।

**जीवन :** जीवन अद्भूत कठिन रसायनहरू र प्रतिक्रियाहरूमा आधारित छ । केही मानिसहरूले विश्वास गर्दछन् कि जीवन एक बुद्धिमानीको कारणले भयो । अरुले विश्वास गर्दछन् कि यो त्यतिकै हुन आयो । केहीले चाहिँ वैज्ञानिकहरूले प्रस्तुत गर्न परमेश्वर बिनाको जीवनमा विश्वास राख्दछन । तर धेरै मानिसहरूको निम्ति चाहिँ जीवनको शुरुवात एक सृष्टिकर्ता परमेश्वरबाटको हो ।

**मानवजाति :** मानवहरू आत्मचेतना भएका प्राणिहरू हुन् जसले ब्रम्हाण्डको खोजी गर्दछन्, जीवनको अर्थ बारेमा सोच्दछन्, र यसको महत्त्वलाई खोज्दछन् । शारिरीक भोकले खानाको अस्तित्वलाई सम्झाउँदछ , तिर्खाले हाम्रो तिर्खा मेट्ने केही कुरा छ भनी बताउँदछ । उद्देश्य प्राप्तिको निम्ति हाम्रो बौद्धिक अभिलाषाले के हामीले पाउनु पर्ने वास्तविक अर्थलाई पाउने बाटो देखाउँदछ त ? धेरै मानिसहरूले परमेश्वरसँगको सम्बन्धमा पाईने अर्थ पायौं भनी दावी गर्दछन् ।

**नैतिकता :** बहुमतको कदर / शासन बारेको सोचाई ठिक र गतल के छ अर्थात असल र खराब छुट्याउने केही अद्भूत मानविय अख्तियार छ ? यदि परमेश्वर नै छैनन् भने मानिससँग कुनै पनि दुष्ट्याईको बारेमा जातिय हिंसा, हत्या, सतावट वा अत्याचार हुनु हुँदैन् भनी दावी गर्ने कुनै आधार नै छैन । परमेश्वरको

अस्तित्वको भएकोले मात्र दुष्टको अस्तित्व पनि छ । यदि परमेश्वर छैनन् भने शक्तिले शासन गर्नुपर्दछ । यो नै परमेश्वरमा विश्वास गर्न कारणसिद्ध छ ।

**विशालता :** परमेश्वर कति विशाल हुनुहुन्छ त ? हामीले सोच्न सक्ने भन्दा पनि अझ विशाल ! यदि उहाँले ब्रहाण्ड बनाउनु भयो भने उहाँ त्यो ब्रम्हाण्ड भन्दा पनि विशाल हुनुहुन्छ - समय, शुन्यता वा शक्तिले सिमित गर्न सक्तैन किनकी उहाँ समय, शुन्यता, थोक र शक्ति हुनु भन्दा अगाडी नै हुनुहुन्थ्यो ।

२ तिमोथी १ : ९ ले केही कुरा उल्लेख गर्दछ कि "समय शुरु हुनु भन्दा अघि नै" परमेश्वरले काम गर्नुभयो । समय सँग शुरुवात थियो र त्यो समय भन्दा अगाडी नै परमेश्वर हुनुहुन्थ्यो । उहाँको अस्तित्व समयसिमा विहिन छ जसलाई वर्षहरूमा नाप्न सकिदैन । उहाँ अनन्तको, असिमत उमेरको- र असिमितमा कैयौ करोड जोड्दा पनि अझै अपुगको हुनु हुन्छ । हाम्रो गणितिय हिसाबले पनि परमेश्वरको अस्तित्वलाई व्याख्या गर्न अपुग हुँदछ ।

जब परमेश्वरले भौतिक पदार्थ बनाउनु भयो उहाँ त्यो पदार्थ भन्दा अगाडी नै हुनुहुन्थ्यो र उहाँ कुनै पदार्थबाट बनिनु भएको होइन । उहाँ आत्मा हुनुहुन्छ तर उहाँ "आत्माबाट बनिनु भएको" होइन । वास्तवमा परमेश्वर बनाइनु भएको होइन, उहाँ त त्यति कै हुनुहुन्छ र उहाँ आत्माको रूपमा हुनुहुन्छ । उहाँले वस्तु को अस्तित्वलाई व्याख्या गर्नु हुन्छ, आत्माको बारेमा स्पष्ट पार्नु हुन्छ र उहाँले पदार्थको बारेमा बयान गर्नु हुन्छ ।

पदार्थ हुनुभन्दा अघि नै परमेश्वर हुनुहुन्थ्यो र पदार्थका कुराहरू उहाँमा लागु हुदैनन् ।कुनै पनि नापको इर्काइले उहाँलाई नाप्न सकिदैन । सोलोमनले

**परमेश्वरको बारेमा जान्ने पाँचवटा तथ्यहरू:**

१. परमेश्वर सर्वशक्तिशाली हुनुहुन्छ, - जे चाहानु हुन्छ त्यो गर्न सक्ने । उहाँ सर्वशक्तिशाली हुनुहुन्छ ।

२. परमेश्वर अमर हुनुहुन्छ, स्थीर चरित्रको, सधैं भरपर्दो हुनुहुन्छ । उहाँ अनन्तको हुनुहुन्छ ।

३. परमेश्वर सर्वव्यापी हुनुहुन्छ - ठाउँ र समयद्वारा असिमित । उहाँ सधैं नजीक मै हुनुहुन्छ ।

४. परमेश्वर सर्वज्ञानी हुनुहुन्छ - सारा सत्यता र सबै बुद्धि जान्नु हुने । पिताले साँचो गरी जान्नु हुन्छ ।

५. परमेश्वर साँच्चै नै असल र निस्वार्थी हुनुहुन्छ । परमेश्वर प्रेम हुनुहुन्छ ।

थाहा गरे कि स्वर्गभन्दा पनि उच्च स्वर्गमा परमेश्वर अटाउनु हुन्न (१ राजा ८:२७) उहाँले स्वर्ग र पृथ्वी ढाक्नु हुन्छ (यर्मिया २३ : २४) । उहाँ सबै ठाउँमा हुनुहुन्छ अर्थात सर्वव्यापी । उहाँ नहुनु हुने ब्रम्हाण्डको कुनै ठाउँ नै छैन ।

परमेश्वर कति शक्तिशाली हुनुहुन्छ ? यदि परमेश्वरले एक ठूलो विस्फोट गराउन सक्नुहुन्छ, सौर्यमण्डलको रचना गर्न सक्नुहुन्छ, मानविय कोष DNA बनाउन सक्नु हुन्छ र यी सबै प्रकारका शक्तिको व्यवस्थापन गर्न सक्नु हुन्छ भने उहाँ असिमित शक्तिको हुनुपर्छ अर्थात सर्वशक्तिशाली । लुका १:३७ ले भन्दछ, "परमेश्वरको निम्ति कुनै कुराको असम्भव छैन ।" परमेश्वरले जे गर्न चाहानु हुन्छ त्यो गर्न सक्नुहुन्छ ।

परमेश्वरको सृजनाले हामीले बुझ्न सक्ने भन्दा पनि अझ महान् बुद्धिलाई देखाउँदछ । उहाँले सम्पूर्ण ब्रम्हाण्डलाई आफ्नो शक्तिको वचनले सम्भाल्नु हुन्छ (हिब्रू १: ३) । त्यसको मतलब ब्रम्हाण्डभर के हुँदैछ सो उहाँले जान्नु हुन्छ, उहाँ असिमित बुद्धिको हुनुहुन्छ - उहाँ सर्वज्ञानी हुनुहुन्छ । उहाँले जे जान्नु चाहनु हुन्छ त्यो जान्नु हुन्छ ।

यदि परमेश्वरले साँचो र झूटो छुट्याउन हुन्छ भने उहाँ साँचोको पक्षमा हुनुहुन्छ र उहाँसँग सधै साँचो काम गर्ने शक्ति छ । "कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्तैन" (याकुब १:१३) । उहाँ धर्मी हुनुहुन्छ (भजन संग्रह ११:७) । उहाँको स्तर नै धर्मी हुनु हो, उहाँका निर्णयहरू सहि हुन्छन् र उहाँले संसारलाई धार्मिकतामा न्याय गर्नु हुन्छ किनकी उहाँ साँच्चै नै असल र धर्मी स्वभावको हुनुहुन्छ ।

यी सबै कुराहरूले, परमेश्वर हामी भन्दा धेरै भिन्न हुनुहुन्छ, कि हामीसँग खास शब्दहरू छन् जसलाई हामी परमेश्वरको निम्ति मात्र प्रयोग गर्दछौं । परमेश्वर मात्र सर्वज्ञानी, सर्वव्यापी, सर्वशक्तिशाली, अनन्तको हुनुहुन्छ । हामी पदार्थका हौ , उहाँ आत्मा हुनुहुन्छ । हामी मरणशील हौ, उहाँ अजम्बरी हुनुहुन्छ । परमेश्वर र हामी बिचको यो ठूलो भिन्नता, यो फरकपनलाई नै उहाँको अलौकिकपन भनिन्छ । यसको मतलब्व हुन्छ कि उहाँले हामीलाई उछिन्नु हुन्छ, हाम्रो समझ भन्दा बाहिरको हुनुहुन्छ, उहाँ हामी जस्तो हुनुहुन्न ।

अन्य प्राचिन संस्कृतिहरूले एक आपसमा लडाई गर्ने देवी देवताहरूमा विश्वास

गर्दथे जो स्वार्थी काम गर्दथे जसलाई विश्वास गर्नै सकिंदैन । तर बाईबलले एक स्वभाविक परमेश्वरको बारेमा बताउँदछ जो कसैबाट केहि पनि चाहानु हुन्न केवल अरुलाई सहायता गर्न मात्र चाहानु हुन्छ । उहाँ पूर्णरूपले स्थीर हुनुहुन्छ, उहाँको व्यवहार पूर्णरूपले धार्मिक र विश्वासयोग्य छ । यसैले त बाईबलले बताउँदछ कि परमेश्वर पवित्रः नैतिकरूपमा सिद्ध हुनुहुन्छ ।

यसले जीवन अझ सरल बनाउँदछ । मानिसले १० वा २० विभिन्न भगवानहरूलाई खुशी पार्न कोशिस गर्नु पर्दैन किनकी एउटै मात्र परमेश्वर हुनुहुन्छ । सबै कुराको एउटै सृष्टिकर्ता सबै कुराको शासक हुनुहुन्छ र उहाँले नै सबैको इन्साफ गर्नु हुनेछ । हाम्रो अतित, वर्तमान र भविष्य सबै एउटै परमेश्वर, सर्वज्ञानी, सर्वशक्तिशाली, अनन्तताको परमेश्वरबाट निर्धारण गरिएको छ ।

## महानता

यदि हामी सबैले परमेश्वरसँग हामी माथिको अपार शक्ति छ भनी जानेको भए हामीले भयकासाथ घूँडा टेकेर र विनम्र हृदयले उहाँको आज्ञापालन गर्नै पर्थ्यो । तर परमेश्वर हामीकहाँ उहाँको अर्को स्वरूपमा प्रकट हुनु भएको छ : साह्रै भयावह परमेश्वर साह्रै नै असल र भलाद्मी पनि हुनुहुन्छ ।

येशूको चेलाहरू मध्ये एक जनाले उहाँलाई सोधे "हामीलाई पिता देखाईदिनुहोस्" (यूहन्ना १४:८) । उसले परमेश्वर कस्तो हुनुहुन्छ भनी जान्न चाहान्थ्यो उसलाई जलिरहेको पोथ्राको कथाहरू, सिनाई पर्वतमा बादल र आगोका खामो, इज़किएलले देखेको सिंहसान र एलियाले सुनेको सानो आवज बारेमा थाहा थियो (प्रस्थान ३:४,१३ :२१, १ राजा १९ : १२, इजकिएल १) परमेश्वर यी सबै तरिकाले देखा पर्न सक्नुहुन्छ, तर वास्तविकमा उहाँ कस्तो हुनुहुन्छ ? हामीले कहाँ हेर्नु पर्छ ? येशूले भन्नुभयो "जसले मलाई देखेको छ त्यसले पितालाई देखेको छ" (यूहन्ना १४:८) । परमेश्वर कस्तो हुनुहुन्छ भनी यदि हामी जान्न चाहान्छौं भने, हामीले येशूलाई हेर्नु पर्छ । हामी प्रकृतिबाट परमेश्वरको बारेमा केही जान्न सक्छौं, पुरानो करारमा उहाँ आफैलाई प्रकट गर्नु भएका कुराहरूबाट हामी उहाँको बारेमा केही बढी जान्न सक्छौं तर सबभन्दा बढी चाहिँ परमेश्वरले आफैलाई येशूमा प्रकट गर्नु भएकोबाट जान्न सक्छौं ।

परमेश्वर कस्तो हुनुहुन्छ भनी येशूले हामीलाई देखाउनु हुन्छ । उहाँ

इम्मानुएल हुनुहुन्छ जसको अर्थ परमेश्वर हामीसँग हो (मत्ती १:२३) उहाँले पापरहित र निश्वार्स्थी जीवन जीउन भयो। उहाँ अनुकम्पाको एक व्यक्तित्व हुनुहुन्छ। उहाँसित प्रेम र आनन्द, उदासी र रिसको अनुभव छ। उहाँले मानिसहरूको वास्त गर्नु हुन्छ। उहाँले धार्मिकताको वकालत गर्नु हुन्छ र उहाँले पापको क्षमा गर्नु हुन्छ। उहाँले उहाँको पिडा र मृत्यूमा पनि अरुको सेवा गर्नु भयो।

परमेश्वर त्यस्तै हुनुहुन्छ। उहाँले आफैलाई मोसाकहाँ यसरी व्याख्या गर्नुभयो: "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढीला र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौ माथि कृपा देखाउनु हुन्छ र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ" (प्रस्थान ३४:६-७)।

परमेश्वर जो सारा सृष्टि भन्दा उच्च हुनुहुन्छ उहाँ सृष्टिमा स्वतन्त्र रूपले काम गर्न पनि सक्नु हुन्छ। यो नै उहाँको महानता हामीसँग उहाँको अस्तित्व हो। परमेश्वर ब्रम्हाण्ड भन्दा पनि विशाल हुनुहुन्छ र ब्रम्हाण्डको सारा भागमा हुनुहुन्छ तापनि उहाँ हामीसँग पनि हुनुहुन्छ अविश्वासीहरूसँग हुनुहुन्न। विशाल परमेश्वर सधैभरी हाम्रो नजिकमा हुनुहुन्छ। उहाँ नजिक र टाढा एकै समयमा रहनु हुन्छ (यर्मिया २३:२३)।

येशूमा, उहाँ मानव इतिहास, ठाउँ र समयमा प्रवेश गर्नु भयो। उहाँ हामीलाई शरिरको जीवन के हो र शरिरमा भन्दा पनि बढी हाम्रो जीवनमा परमेश्वरले के चाहानु हुन्छ भन्ने देखाउँदै मानव जीवनमा काम गर्नुभयो। हामीलाई अनन्त जीवन दिइएको छ, हामीले अहिले जानेको शारीरिक क्षमताहरू भन्दा पनि अर्को जीवन। जसरी परमेश्वरको आत्मा आफै हामीहरूमा वास गर्न आउनुहुन्छ र हामीलाई उहाँको सन्तान बनाउनु हुन्छ त्यसरी नै हामीलाई आत्मिक जीवन पनि दिनुहुन्छ (रोमी ८:११, १ यूहन्ना ३:२) परमेश्वर निरन्तररूपमा हामीसँग हुनुहुन्छ, हरेक ठाउँ र हरेक समय हामीलाई सहायता गर्न।

महान र शक्तिशाली परमेश्वर भद्र र दयालु परमेश्वर पनि हुनुहुन्छ, सिद्ध धार्मिक न्यायाधिश कृपालु र उद्धारकर्ता पनि हुनुहुन्छ। पापको निम्ति रिसाउने परमेश्वरले पापबाटको मुक्ति पनि जुटाउन हुन्छ। उहाँ अति दयालु र महा भलाद्मी हुनुहुन्छ। मानवीय कोष, इन्द्रेणीका रङ्गहरू र सुक्ष्म विउ विजनहरूको सृष्टि गर्न सक्नेबाट

हामी जे पनि आशा गर्न सक्छौं । परमेश्वर दयालु र भद्र नहुनु हो त हामी अस्तित्वमा आउने नै थिएनौं ।

परमेश्वरले उहाँ र हामी बिचको सम्बन्धलाई कैयौं तरिकाले प्रस्तुत गर्नुहुन्छ । उहाँ पिता हुनुहुन्छ र हामी उहाँका सन्तानहरू हौं भनी उहाँ भन्नु हुन्छ । अझ अर्कोतिर उहाँ पति हुनुहुन्छ र सबै उहाँका मानिसहरू उहाँको पत्नी हौं भनी भन्नु हुन्छ । अर्थात उहाँ राजा हुनुहुन्छ र हामी उहाँका सम्पतिहरू हौं । उहाँ गोठालो हुनुहुन्छ र हामी भेंडाहरू हौं । यी सबै तुलनात्मक प्रसङ्गहरूले परमेश्वेरले आफैले उहाँको मानिसहरूको आवश्यकताहरूको निम्ति जुटाई दिने, बचाउने र सहायता गर्ने जिम्मेवारी लिनु भएको छ ।

हामी कति साना छौं भन्ने परमेश्वर जान्नुहुन्छ । उहाँले जान्नु हुन्छ कि उहाँले हामीलाई एउटा औंलाले नै मेटि दिन सक्नु हुन्छ । तर येशूमा परमेश्वरले हामीलाई देखाउनु हुन्छ कि उहाँले हामीलाई कति धेरै प्रेम गर्नुहुन्छ, कति धेरै हाम्रो निम्ति वास्ता गर्नुहुन्छ । हामीलाई सहायता होस् भनेर येशूले कष्ट सहनु भयो र मृत्युसम्म नै नम्र हुनुभयो । हामी कस्तो पिडाबाट गुज्रनु पर्छ भन्ने उहाँ जान्नु हुन्छ किनभने उहाँले यो पिडा अनुभव गर्नु भएको छ । उहाँलाई दुष्ट कारणहरूको पिडा थाहा छ र उहाँले यो स्वीकार गर्नु भयो कि हामीले परमेश्वरलाई विश्वास गर्न सकौं ।

परमेश्वरसँग हाम्रो निम्ति योजनाहरू छन् किनकी उहाँले हामीलाई उहाँको आफनै स्वरूपमा बनाउनु भयो (उत्पत्ती १:२७) । उहाँले हामी शक्तिमा हैन तर सद्‌गुणमा उहाँ जस्तो हुन सकौं भनी बोलाउनु हुन्छ । येशूमा परमेश्वरले हामीलाई एक उदाहरण पछ्याउनको निम्ति दिनु हुन्छ ; नम्रताको एक उदाहरण, स्वार्थ रहित सेवा, प्रेम र दयामा, विश्वास र आशामा ।

"परमेश्वर प्रेम हुनुहुन्छ" भनी यूहन्नाले लेखे (१ यूहन्ना ४:८) येशूलाई हाम्रो पापहरूको निम्ति मर्न पठाएर परमेश्वरले उहाँको प्रेम देखाउनु भयो जसले गर्दा परमेश्वर र हामी बिचको अवरोधको पर्खाल हटोस् जसले गर्दा हामी उहाँसित अनन्तको आनन्दमा रहन सकौ । परमेश्वरको प्रेम शुभ सोचाई मात्र हैन यो त वास्तविकतामा हुन आएको छ जसले हाम्रो सबभन्दा आवश्यकतामा सहायता गर्दछ ।

हामी परमेश्वर बारेमा पुनरुत्थानबाट भन्दा पनि येशूको क्रुसमा टागिएबाट बढी सिक्दछौं । येशूले हामीलाई देखाउनु हुन्छ कि परमेश्वर पिडा सहदै हुनुहुन्छ, उहाँले सहायता गरेका मानिसहरूबाटको पिडा पनि । उहाँको प्रेमले हामीलाई निमन्त्रणा दिँदछ, हामीलाई हौसला दिँदछ । उहाँले हामीलाई उहाँको इच्छा अनुसार गर्न कर गर्नुहुन्छ ।

हाम्रो निम्ति परमेश्वरको प्रेम, स्पष्ट गरी येशू ख्रीष्टमा देखाइएको छ जो हाम्रो निम्ति उदाहरण हो । "प्रेम यसैमा छ कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौ तर उहाँले हामीलाई प्रेम गर्नु भयो र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनु भयो । प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नु भएको हो भने, हामीले पनि एउटाले अर्कालाई प्रेम गर्नु पर्छ" (१ यूहन्ना ४:१०- ११) । यदि हामी प्रेममा जिउँदछौं भने अनन्त जीवनको आनन्द हाम्रो निम्ति मात्र होइन तर हामीसँग हुनेहरूका लागि पनि हुनेछ । यदि हामीले येशूलाई जीवनमा पछ्याउँदछौं भने हामीले उहाँलाई मृत्युमा पनि पछ्याउने छौं र त्यसपछि पुनरुत्थानमा पनि । ख्रीष्ट येशूलाई मरेका बाट जीवित पार्नु हुने उहाँ परमेशवरले हामीलाई पनि जीवित पार्नु हुन्छ र अनन्तको जीवन दिनुहुन्छ (रोमी ८ : ११) तर यदि हामी प्रेम गर्न सिक्दैनौ भने हामी अनन्त जीवन उपभोग गर्न सक्ने छैनौ । त्यसैले परमेश्वरले हामीलाई प्रेम गर्न सिकाउँदै हुनुहुन्छ, हामीले पछ्याउन सक्ने पथमा, एक सिद्ध उदाहरण दिएर, हामीभित्र काम गर्नु हुने पवित्र आत्माद्वारा हाम्रो हृदय परिवर्तन गरेर । सूर्यको प्रचण्ड तापलाई नियन्त्रणमा लिन सक्ने शक्तिले हाम्रो हृदयमा कोमलताका साथ काम गर्दै हुनुहुन्छ, हामीलाई बोलाउन, हाम्रो सौहार्दता जित्न, हाम्रो निष्टा र भक्ति जित्न ।

परमेश्वले हामीलाई जीवनको अर्थ, जीवनका लागि दिशा (उपाय), अनन्त जीवनको लागि आशा दिनुहुन्छ । हामी उहाँलाई भरोसा गर्न सक्छौं, हामी असल कुराको निम्ति जाँचिएको बेला पनि । परमेश्वरको बैभव उहाँको शक्तिद्वारा सम्भालिएको छ, उहाँको प्रेम उहाँको बुद्धिद्वारा निर्देशित छ । ब्रम्हाण्डका सबै शक्तिहरू उहाँको नियन्त्रणमा छन् र उहाँले ती हाम्रो लाभको निम्ति प्रयोग गर्दै हुनुहुन्छ । "उहाँलाई प्रेम गर्नेहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ" (रोमी ८:२८) ।

## जवाफ

अति महान र भद्र, भयावह र अति कोमल परमेश्वरलाई हामीले कसरी जवाफ दिने ? हामी आराधनाद्वारा जवाफ दिन सक्छौं : उहाँको महिमामा डर राखेर, उहाँको कामहरूको प्रशंसा गरेर, उहाँको पवित्रताको आदर गरेर, उहाँको शक्तिको सम्मान गरेर, उहाँको उपस्थितिमा पश्चातापी भएर, उहाँको सत्यता र बुद्धिमा भएको अख्तियारीमा आज्ञाकारिता द्वारा ।

उहाँको दयाको निम्ति, हामीले धन्यवादीसाथ जवाफ दिनुपर्छ , उहाँको अनुग्रहको निम्ति हाम्रो भक्ति र निष्ठासित, उहाँको महानता र सद्‌गुणको निम्ति हाम्रो प्रेमद्वारा । हामीले उहाँको प्रशंसा गर्नुपर्छ। हामीले उहाँको आराधना गर्नुपर्छ, हामीले आफैलाई उहाँमा समर्पित गर्नुपर्छ। उहाँले हामीलाई उहाँको प्रेम देखाउनु भए झै हामीलाई परिर्वतन गर्नुहोस् भनी हामी आफैलाई उहाँमा सुम्पिनु पर्दछ जसले गर्दा हामीले हाम्रो वरपरका मानिसहरूलाई प्रेम गर्न सकौं । हामीसँग जे छ र जे छौं ती सबै हामी प्रयोग गर्न सक्छौं, उहाँले हामीलाई जे दिनुहुन्छ त्यसले अरुको सेवा गर्नुपर्छ जस्तो कि येशूले पनि गर्नुभयो ।

हामीले जान्नु पर्दछ कि हामीले प्रार्थना गरेको परमेश्वरले प्रत्येक शब्द सुन्नु हुन्छ, प्रत्येक सोचाई जान्नु हुन्छ, हाम्रो आवश्यकता बुझ्नु हुन्छ, हाम्रो भावनाहरूको वास्ता गर्नु हुन्छ, उहाँ हामीसँग सदासर्वदा रहन चाहानु हुन्छ, उहाँसँग प्रत्येक अनुरोध पुरा गर्ने शक्ति छ, उहाँसँग बुद्धि पनि छ ।

परमेश्वरले आफैलाई येशू खीष्टमा विश्वासयोग प्रमाणित गर्नु भएको छ। परमेश्वर सहायता गर्नका निम्ति हुनुहुन्छ । स्वार्थी हुन होइन । उहाँको शक्ति सधै नै प्रेममा प्रकट हुदछ । हाम्रो परमेश्वर शक्तिमा अद्‌भूत हुनुहुन्छ र प्रेममा पनि अचम्मको हुनुहुन्छ । हामी उहाँलाई सम्पूर्ण रूपले प्रत्येक कुरामा भरोसा गर्न सक्छौं ।

★★★

## इकाई १ ख

# परमेश्वरलाई विश्वाससितको जवाफ

अगाडिको पाठले परमेश्वरको दुइवटा गुणहरू उहाँको महानता र उहाँको वैभवलाई प्रस्तुत गरेको थियो । परमेश्वरले सँधैभरी उहाँको अद्भूत शक्तिलाई उहाँले प्रतिज्ञा गर्नु भएको प्रेम र उहाँको मानिसहरूको निम्ति अनुग्रहमा प्रयोग गर्नु हुन्छ । उहाँ भद्र हुनुहुन्छ, प्रेमिलो, क्रोध गर्नमा ढिला र दयाले भरिएको हुनुहुन्छ ।

यहाँ हामी "त्यस्तै के" भन्ने प्रश्नमा केन्द्रित हुन चाहान्छौं । यो प्रसँग कसरी हामीमा मिल्छ ? यसले हाम्रो जीवनमा के भिन्नता ल्याउँछ ? हामीले एक अद्भूत शक्तिशाली र भद्र परमेश्वरलाई कसरी जवाफ दिनें ? हामी थोरैमा दुई प्रकारले जवाफ दिन्छौं । यो पाठमा हामी भरोसाको बारेमा हेर्नछौं र अर्को पाठमा आराधनाको बारेमा छलफल गर्नेछौं ।

## भरोसा

जब हामी मान्दछौं कि परमेश्वरसँग उहाँले जे गर्न चाहानु हुन्छ त्यो गर्न सक्न शक्ति छ र त्यो उहाँले मानवको निम्ति असल कामको निम्ति प्रयोग गर्नुहुन्छ त हामी पूर्णरूपले यो कुरामा पनि विश्वस्त हुन सक्छौं कि हामी असल हातमा छौं । हाम्रो विद्रोह, उहाँको विरुद्धमा र हामी एक आपसमा घृणा र तिक्तता जस्ता सारा कुराहरूको बावजुद पनि हाम्रो उद्धारको निम्ति कामको निश्चित उद्देश्य र क्षमता दुवै नै उहाँसँग छ । उहाँ पुरा भरोसा योग्य हुनुहुन्छ-हाम्रो विश्वासको भरोसा ।

हामी जाँच र परीक्षाहरूमा गुज्रिरहेको बेला, बिमार, दुःख र तड्पाईको बेला पनि हामी विश्वस्त हुन सक्छौं कि परमेश्वर हाम्रो साथ नै हुनुहुन्छ, उहाँले हाम्रो वास्ता गर्नु हुन्छ, सबै कुरा उहाँको नियन्त्रणमा छ । यस्तो देख्दैनौ र हामी निश्चयनै सम्भालिन सक्तैनौ तर हामी विश्वस्त हुनु पर्छ कि परमेश्वरले पहरा दिन छोड्नु भएको छैन । उहाँले कुनै पनि अवस्था, दुर्भाग्यबाट छुट्कारा दिन सक्नु हुन्छ र उहाँले यो हाम्रो सफलताको निम्ति गर्नुहुन्छ ।

हामीले कहिल्यै पनि हामी प्रति परमेश्वरको प्रेममा शंका गर्नु हुँदैन । "परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनु हुन्छ कि हामी पापी हुँदै ख्रीष्ट हाम्रा निम्ति

मर्नु भयो" (रोमी ५:८)। "यसैबाट प्रेम के हो हामी थाहा पाउछौं कि उहाँले हाम्रा निम्ति अफ्नो प्राण दिनुभयो" (१ यूहन्ना ३:१६)। परमेश्वरले हामीलाई अनन्तको खुशीको निम्ति चाहिने सबै कुरा उहाँको पुत्रद्वारा हामीलाई दिनको निम्ति उहाँले आफ्नो पुत्रलाई पनि बाँकी राख्नु भएन।

परमेश्वरले अरु कसैलाई पठाउँनु भएन : परमेश्वरको पुत्र , त्रिएक परमेश्वरका एक स्वरूप नै मानवको रूपमा आउनु भयो ताकी उहाँ हाम्रो निम्ति मर्न सकून् र फेरी हाम्रो निम्ति बौरी उठून् (हिब्रू २:१४)। हामी जनवारहरूको रगतले छुटकारा पाएका हैनौ न त कुनै धेरै राम्रो मानिसको रगतले तर हामी त मानवको रूपमा आउनु भएका परमेश्वरको रगतले छुटाइएको हौं। प्रत्येक समय हामीले प्रभुभोज लिएको बेला हाम्रो निम्ति उहाँको प्रेम हामीलाई सम्झना गराइन्छ। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ भनी हामी विश्वस्त हुन सक्छौं। उहाँले हाम्रो विश्वास कमाउनु भएको छ।

पावल भन्दछन्, "परमेश्वर विश्वासयोग्य हुनुहुन्छ"। "उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुने छैन" (१ कोरिन्थी १०:१३)। "प्रभु त विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई स्थिर गराउनु हुनेछ र दुष्टबाट सुरक्षित राख्नु हुनेछ" (२ थेसोलोनिकी ३:३)। "हामी अविश्वासी छौं भने पनि उहाँ विश्वासयोग्य रहनु हुनेछ" (२ तिमोथी २:१३)। उहाँले हामीलाई चाहेर, बोलाएर, हाम्रो निम्ति दयालु भएर उहाँको मन परिवर्तन गर्दै हुनुहुन्न। "हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं किनकी जसले प्रतिज्ञा गर्नुभयो उहाँ विश्वास योग्य हुनुहुन्छ" (हिब्रू १०:२३)।

उहाँले हामीलाई एउटा प्रतिज्ञा, हामीसित एक करार बाँध्नु भएको छ कि हामीलाई छुटकारा दिने, हामीलाई अनन्त जीवन दिने, हामीलाई सदासर्वदा प्रेम गर्ने। उहाँ हामीबिना रहनु हुन्न। उहाँ भरोसायोग्य हुनुहुन्छ तर हामी उहाँलाई कसरी जवाफ दिन्छौं त ? के हामी चिन्तित हुने ? उहाँको प्रेमको योग्य हुन के हामी संधर्ष गर्ने ? अर्थात के हामी उहाँलाई भरोसा गर्ने ?

हामीले कहिल्यै पनि परमेश्वरको शक्तिमाथि शंका गर्नुहुँदैन। यो शक्ति येशूलाई मृत्युबाट जिवित बनाउँदा प्रकट गरिएको छ। उहाँ त्यही परमेश्वर हुनुहुन्छ जोसँग मृत्युमाथि विजयको शक्ति छ, उहाँका सारा सृष्टिमाथिको शक्ति, सारा शक्ति र प्रधानतामाथिको शक्ति छ (कलस्सी २:१५)। उहाँले सबैमाथि क्रूसमा

विजय प्राप्त गर्नुभयो र यो उहाँको बौरी उठाईमा प्रकट गरियो । मृत्युले उहाँलाई जकडी राख्न सकेन किनकी उहाँ नै जीवनका कर्ता हुनुहुन्छ (प्रेरित ३:१५) ।

येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै हामीलाई पनि अमर जीवन दिनुहुनेछ (रोमी ८:११) । हामी विश्वास गर्न सक्छौं कि उहाँले हामीलाई गर्नु भएका सबै प्रतिज्ञाहरू पुरा गर्ने उहाँसँग शक्ति छ र इच्छा पनि छ । हामी उहाँलाई सबै कुराले विश्वास गर्न सक्छौं - र त्यो राम्रो कुरा हो, किनकी बाँकी अरु कुरामा विश्वास गर्नु मुर्खता हो । आफैमा हामी असफल हुनेछौं । सूर्य आफै पनि असफल हुनेछ । केवल हाम्रो आशा परमेश्वरमा मात्र छ जो सँग सूर्य भन्दा अद्भूत, ब्रम्हाण्ड भन्दा विशाल शक्ति छ, समय र शुन्यता भन्दा पनि विश्वासयोग्य, प्रेमले भरिपूर्ण र हामीप्रति विश्वासयोग्य हुनुहुन्छ । हामीसँग त्यो निश्चित आशा येशू हाम्रो उद्धारकर्तामा छ ।

## विश्वास र भरोसा

येशू खीष्टमा विश्वास गर्ने सबैले उद्धार पाउनेछन् (प्रेरित १६:३१) । तर येशू खीष्टमा विश्वास गर्नु भनेको के हो त ? दुष्टले पनि विश्वास गर्दछ कि येशू नै ख्रीष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ । उसले यो मन पराउँदैन तर पनि यो साँचो हो भनी उसले जान्दछ । दुष्टले पनि जान्दछ कि परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनु हुन्छ (हिब्रू ११:६) ।

त्यसो भए हाम्रो विश्वास र दुष्टको विश्वासमा के भिन्नता छ त ? याकुवले हामीलाई उत्तर दिँदछन् : साँचो विश्वास कामद्वारा देखिन्छ (याकुव २:१८- १९) । हामी जे गर्दछौं त्यसले हामी के विश्वास गर्दछौं भन्ने देखाउँदछ । व्यवहार विश्वासको प्रकटिकरण हुन

### विश्वासको बारेमा जान्नु पर्ने पाँचवटा तथ्यहरू:

१. हामी शत्रु हुँदै परमेश्वरले हामीलाई प्रेम गर्नुभयो, उहाँ हरेक परिस्थितिहरूमा विश्वासयोग्य हुनुहुन्छ ।

२. येशूको पुनरुत्थानले देखाउँदछ कि परमेश्वरसित हामीलाई मृत्यूबाट पनि बचाउन शक्ति छ ।

३. जब हामी परमेश्वरलाई भरोसा गर्दछौ तब उहाँका आज्ञाहरू हाम्रो हितको निम्ति भन्ने जानेर हामीले उहाँको आज्ञा पालन गर्दछौं ।

४. कसैसँग पनि सिद्ध विश्वास छैन, जीवनको अनुभवहरूद्वारा हामी विश्वासमा बृद्धि हुन्छौं ।

५. शंका र प्रश्नहरूले हामीलाई नजानिंदो तरीकाले पनि खीष्टलाई विश्वास गर्न तिर डोऱ्याउन सक्तछ ।

सक्छ यद्यपी केही मानिसहरू खराबीलाई पनि पालना गर्दछन् । परमेश्वरद्वारा व्यवस्था गरिएका बाधा व्यवधानमा पनि दुष्टले काम गर्दछ । उसलाई यस्तो मन लाग्दैन तर पनि गर्दछ ।

त्यसो भए विश्वास के हो र यो कसरी विश्वासबाट भिन्न हुन्छ ?

सबभन्दा सरल व्याख्यामा बचाउने विश्वास नै भरोसा हो । हामी परमेश्वरलाई भरोसा गर्दछौं कि उहाँले हामीलाई वास्ता गर्नुहुन्छ, खराबी नभएर हाम्रो निम्ति असल गर्नुहुन्छ, हामीलाई अनन्त जीवन दिनुहुन्छ । भरोसा गर्नुको अर्थ परमेश्वर हुनुहुन्छ भनी जान्नु हो, उहाँ असल हुनुहुन्छ भनी जान्नु, जे गर्न चाहानु हुन्छ त्यो गर्ने शक्ति उहाँसँग छ भनी जान्नु, र यो उहाँले हाम्रो भलाईको निम्ति प्रयोग गर्नु हुन्छ भनी भरोसा गर्नु हो । भरोसा गर्नुको मतलब आफैलाई उहाँको मुनि राख्ने इच्छा गर्नु, डरले होइन तर प्रेमले आज्ञा पालन गर्ने इच्छा हुनु हो । जब हामी परमेश्वरलाई भरोसा गर्दछौं तब हामी उहाँलाई प्रेम गर्दछौं ।

हामी जे गर्दछौं त्यसले नै भरोसालाई देखाउँदछ । तर काम नै भरोसा होइन र यसले भरोसालाई सृजना गर्न सक्तैन- यो केवल भरोसाको परिणाम मात्र हो । मुख्य कुरा चाहिँ, साँचो विश्वास भनेको येशू खीष्टमा भरोसा हो ।

## परमेश्वरको वरदान

कहाँबाट यस्तो भरोसा आउँदछ ? यो हामीले आफ्नो निम्ति गर्न सक्ने कुरा होइन । हामी आफै यो प्रसङ्गमा कुरा गर्न सक्तैनौ अर्थात मानविय तर्क प्रयोग गरेर यसलाई हावा जस्तै बन्द गरेर राख्न सक्तैनौ । हामीसित सबै सम्भावित इन्कारका तर्कहरूलाई समेट्ने, परमेश्वरको बारेमा सबै दार्शनिक कुराहरू गर्ने समय कहिल्यै हुनेछैन । तर प्रत्येक दिन हामीले एउटा निर्णयको छनौट गर्ने पर्छ : हामी परमेश्वरलाई भरोसा गर्दछौं कि गर्दैनौ ? निर्णय ढिलो गर्ने कोशिस गर्नु नै आफैमा एक निर्णय हो कि हामीले अहिले सम्म उहाँलाई भरोसा गर्दैनौ ।

प्रत्येक खीष्टियनले केही तरिकाले वा अर्को रूपमा खीष्टमा भरोसा गर्ने एक निर्णय गरेका छन् । कसैको लागि यो साह्रै सोचनिय-निर्णय भन्दा बाहिरको भयो । बाँकी अरुको निम्ति, यो एक असंगत निर्णय, खराब कारणहरूको निम्ति बनाइएको - तर जे होस सहि निर्णय भएको छ । हामी कसैलाई पनि भरोसा गर्न सक्तैनौ, आफैलाई पनि । हामी आफैमा त भन, हामी हाम्रो जीवन नै अस्तव्यस्त पाऔंला ।

नत हामी अरु मानविय अख्तियारहरूलाई नै भरोसा गर्दछौं । हामी कसैको लागि, विश्वास निराश अवस्थाको एक निर्णय थियो- हामी कहिं जानु परेन तर ख्रीष्ट कहाँ (यूहन्ना ६:६८) ।

यो सामान्य हो कि हाम्रो पहिलो विश्वास एक अपरिपक्त विश्वास हो-एक असल शुरुवात तर एक असल ठाउँमा नरहेको । हामी हाम्रो विश्वासमा बढ्न आवश्यक छ । एक जना मानिसले येशूलाई भने झैं "म विश्वास गर्दछु, मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस्" (मर्कूस ९:२४) । बौरी उठेको येशूलाई दण्डवत् आराधना गरेपछि पनि चेलाहरू आफैसँग पनि केही शंका थियो (मत्ति २८:१७) ।

त्यसो भए विश्वास कहाँबाट आउँछ ? यो परमेश्वरको एक वरदान हो । एफिसी २:८ ले हामीलाई भन्दछ कि उद्धार परमेश्वरको वरदान हो जसको मतलब उद्धारमा डोऱ्याउने विश्वास पनि उहाँकै वरदान हुनुपर्छ । प्रेरित १५:९ मा हामीलाई बताइएको छ कि परमेश्वरले विश्वासीहरूको हृदय विश्वासद्वारा शुद्ध पार्नु हुन्छ । परमेश्वर तिनीहरूको हृदयमा काम गर्दै हुनुहुन्थ्यो । उहाँ त्यही हुनुहुन्छ जसले "विश्वासको ढोका खोल्नु भयो" (प्रेरित १४:२७) । परमेश्वरले यो गर्नुभयो किनकी उहाँ उही हुनुहुन्छ जसले हामीसँग भएको विश्वासलाई सहायता गर्नुहुन्छ ।

हामी परमेश्वरलाई भरोसा गर्न सक्तैनौ जब सम्म परमेश्वरले हामीलाई उहाँमाथि भरोसा गर्ने क्षमता दिनुहुन्न । आफ्नै सामर्थ्य वा वुद्धिमा परमेश्वरलाई भरोसा गर्न र विश्वास गर्न मानव जातिलाई पापद्वारा दास बनाईएको छ । त्यसैले विश्वास हामीलाई उद्धारको लागि योग्य बनाउने "काम" होईन । हामीले योग्यतालाई यसको श्रेय दिनुहुँदैन - विश्वास त केवल सित्तैमा पाईने वरदान हो, वरदानको निम्ति धन्यवादी हुनुपर्छ । परमेश्वरले हामीलाई उहाँको वरदान लिन सक्ने, उहाँको वरदानमा आनन्द मनाउन सक्ने क्षमता दिनुहुन्छ ।

## भरोसायोग्य

हामीलाई विश्वास दिने बारेमा परमेश्वरसँग असल कारण छ किनकी एक जना त्यस्तो विश्वासयोग्य हुनुहुन्छ । जसलाई हामी विश्वास गर्न सक्छौं र बचाइदछौं । उहाँले हामीलाई दिने विश्वास हाम्रो उद्धारको निम्ति देहधारी हुनुभएको उहाँको पुत्रमा रोपिएको छ । हामीसँग विश्वास भएको असल कारण छ किनकी हामीसँग एक जना मुक्तिदाता हुनुहुन्छ जसले हाम्रो निम्ति हाम्रो उद्धार किन्नु भएको छ । उहाँले

यसको निम्ति हाम्रो चाहिने सबै कुरा गर्नु भयो, सबै कुरा एकै पटकमा गर्नु भयो, छाप, मोहर लगाउनु भयो र दिनुभयो । हाम्रो विश्वासको जग येशू खीष्ट हुनुहुन्छ ।

येशू नै हाम्रो विश्वास शुरु गर्न हुने र पुरा गर्नु हुने हुनुहुन्छ (हिब्रू १२:२)- तर उहाँले यो एक्लै गर्नु हुन्न । येशूले पिताले जे चाहानु हुन्छ त्यो मात्र गर्नु हुन्छ र उहाँले पवित्र आत्माद्वारा हाम्रो हृदयमा गर्नुहुन्छ । पवित्र आत्माले हामीलाई सिकाउनु हुन्छ, कायल बनाउनु हुन्छ र हामीलाई विश्वास दिनु हुन्छ (यूहन्ना १४:२६, १५:२६, १६:१०) ।

## वचनद्वारा

परमेश्वर (पिता, पुत्र र पवित्र आत्मा) ले हामीलाई कसरी विश्वास दिनुहुन्छ त ? प्राय यो वचन प्रचार द्वारा गरिन्छ । "विश्वास सुनाईद्वारा र खीष्टको वचनको सुनाइद्वारा आउँदछ" (रोमी १०:१७) । वचन लिखित शब्द बाईबलमा छ र यो बोलिने शब्दमा छ, यसलाई मण्डली वा एक आपसको सामान्य गवाहीमा प्रयोग गर्न सकिन्छ ।

सु-समाचारको वचनले हामीलाई येशू, परमेश्वरको वचन बारेमा बताउँदछ र पवित्र आत्माले यो वचनलाई हामीकहाँ प्रकट गर्नुहुन्छ र यो वचनमा विश्वास गर्ने बनाउनु हुन्छ । यसलाई कहिलेकाही "पवित्र आत्माको गवाही" भनिन्छ, तर यो अदालतमा बकेको साक्षी जस्तो हामीले जतासुकै प्रश्न सोध्ने खालको चाहिँ होइन ।

यो चाहिँ हामी भित्र रहेको स्वीच जस्तै हो यो बालिन्छ र प्रचार गरिको सु-समाचार स्वीकार गर्ने बनाउँछ । असल लाग्दछ यद्यपी हामीसँग धेरै सवालहरू हुँदछन् र पनि हामी विश्वास गर्दछौं कि हामी त्यही सु-समाचारमा जीउन सक्छौं । हामी हाम्रो जीवनको आधार यसैलाई बनाउन सक्छौं, यसैमा आधारीत निर्णयहरू बनाउन सक्छौं । यसले निचोड दिँदछ । यो नै सम्भावित सबभन्दा उत्तम छनौट, निर्णय हो ।

परमेश्वरले हामीलाई उहाँलाई भरोसा गर्न सक्ने क्षमता दिनुहुन्छ । उहाँले हामीलाई विश्वासमा बढ्न सक्ने क्षमता पनि दिनुहुन्छ । विश्वासको चुकाईएको मुल्य नै एक्र विउ हो जुन वृद्धि हुन्छ । यसले हाम्रो मन र भावनालाई झन् बढी सु-समाचार बुझ्नलाई तयार पार्दछ र सहायता गर्दछ । यसले हामीलाई परमेश्वरको बारेमा अझ बढी बुझ्न उहाँ हामी कहाँ येशू खीष्टमा प्रकट हुनुहुन्छ भनी जान्न सहायता गर्नुहुन्छ । पुरानो करारको शैलीमा भन्ने हो भने, हामी

परमेश्वरसित हिड्न शुरु गर्दछौं । हामी उहाँमा जीउदछौं, उहाँमा सोच्दछौं, र उहाँमा विश्वास गर्दछौं ।

## शंका

तर धेरै ख्रीष्टियनहरू कहिलेकाहीँ वा हरदम नै विश्वासको निम्ति संघर्ष गर्दछन् । हाम्रो वृद्धि सधै नै सजिलो र सिधा गरी हुँदैन - यो जाँच र सवालहरूद्वारा आउँदछ । कसैको लागि शंकाहरू वियोग र भयानक दुखको कारणले आउँदछ । अरु कसैको लागि, परमेश्वरको सट्टामा अरु नै प्रसस्तता आरामदायीसमय जस्ता हामीलाई सजिल्यै फन्दामा पार्ने कुराहरूमा मन लगाएको कारण शंका आउँदछ । हामी धेरैले विश्वासको निम्ति यी दुवै प्रकारका चुनौतीहरूको सामना गर्नुपर्नेछ ।

प्रायः धनी मानिसहरू भन्दा गरीब मानिसहरू सित दह्रो विश्वास हुन्छ । मानिसहरू परीक्षाको घडीबाट गुज्रेर प्राय थाहा गर्दछन् कि परमेश्वर सिवाय कुनै आशा नै छैन, केवल उहाँलाई भरोसा गर्नु सिवाय अरु कुनै उपाय नै छैन । तथ्याङ्कले देखाउँदछ कि धनी मानिसहरू भन्दा गरीबहरूले नै बढी प्रतिशतले तिनीहरूको आम्दामीलाई मण्डलीमा दिएका छन् यसले देखाउछ कि तिनीहरूको विश्वास (सिद्ध नभए पनि) बढी स्थीर छ ।

यो देखिन्छ कि विश्वासको सबभन्दा ठूलो शत्रु नै सबैकुरा ठिकठाक भएको बेला हो । मानिसहरू यस्तो सोचेर परीक्षामा पर्दछन् कि तिनीहरूसँग जे छ र जति हासिल गरेका छन् ति सबै तिनीहरूको सामर्थ्य वा बुद्धिले भएका हुन् । तिनीहरूले परमेश्वरको साहारामा रहेको बालक जस्तो हौं भन्ने तिनीहरूको सोचाइ नै गुमाउँदछन् । तिनीहरू परमेश्वरमा भर पर्नुको सट्टामा तिनीहरूसित भएकै थोकहरूमा भर पर्दछन् ।

गरीब मानिसहरूले धेरै राम्ररी जानेका छन् कि यो संसारको जीवन सवालहरूले भरीएको छ र तिनीहरूसित परमेश्वरलाई गर्नु पर्ने थोरै सवाल मात्र छन् । तिनीहरूले उहाँमा भरोसा गर्दछन् किनकी अरु सबै आफसेआफका भरोसा अयोग्य प्रमाणित भएका छन् । रूपैंया पैसा, स्वथ्य र साथीभाईहरू सबै क्षणिक र अस्थिर हुन्छन् । हामी तिनीहरूमा भर पर्न सक्तैनौ । केवल परमेश्वर मात्र भर पर्दो हुनुहुन्छ, तर त्यसो हो भने हामीले सधै हामीले चाहे जस्तो प्रमाण खोज्नु हुँदैन । हामीले उहाँलाई भरोसा गर्नुपर्छ । अय्यूवले भने जस्तै, उहाँले मलाई मार्नु

भए तापनि म उहाँमाथि आफ्नो आशा राख्नेछु (अय्यूब १३:१५)। उहाँले मात्र अनन्त जीवनको आशा दिनु हुन्छ। उहाँले मात्र आशा र उद्देश्य सहितको जीवन दिनुहुन्छ।

## वृद्धि

तर अझ पनि हामी कहिलेकाहीँ शंकाहरूसित कुस्ती खेल्दछौं। यो विश्वासमा वृद्धिको सामान्य एक अंश हो, जीवनभरी परमेश्वर लाई भरोसा गर्न सिकेको एक भाग हो। हामीले हाम्रो अगाडी राखिएको छनौटहरूको सामना, गर्दछौं र एकपटक फेरी उत्तम निर्णयको रूपमा परमेश्वरलाई चुन्दछौं।

शताब्दीऔ अघि ब्लेस पास्कलले भने झैं, यदि हामीले विश्वास गर्ने कुनै कारण नैं छैन भने पनि हामीले विश्वास चाहिँ गर्नैपर्छ किनकी परमेश्वर नै सबभन्दा उत्तम वाजी हुनुहुन्छ। यदि हामीले उहाँलाई पछ्यायौ र उहाँ हुनुहुन्न भने पनि हामीले केही पनि गुमाउदैनौ। तर यदि हामीले उहाँलाई पछ्याएनौं र उहाँ हुनुहुन्छ भनेत हामीले सबैकुरा गुमाउँदछौं। त्यसैले हामीले गुमाउने केही छैन र हामीले परमेश्वरमा विश्वास गरेर उहाँ ब्रम्हाण्डमा निश्चित रूपमा हुनुहुन्छ भनी सोचेर र जीएर सबै कुरा पाउँदछौं।

यसको मतलब यो होइन कि हामीले सबै कुरा जान्नेछौं। होइन, हामीले कहिल्यै पनि सबै कुरा बुझ्दैनौ। विश्वासको मतलब हामीले नबुझे पनि परमेश्वरमा भरोसा गर्नु हो। हामी सँग शंका भएपनि हामी उहाँलाई पुज्न सक्छौं (मत्ती २८:१७)। उद्धार एक दिमागको खेल होइन। बचाउने विश्वास प्रत्येक शंकालाई जवाफ दिने दार्शनिक तर्कहरूबाट आउदैन। विश्वास परमेश्वरबाट आउँदछ। यदि हामी प्रत्येक सवालको जवाफ मै भर पर्दछौं भने हामी परमेश्वरमा भर परेका छैनौ।

हामी परमेश्वरको राज्यमा हुन सक्ने एउटै मात्र कारण अनुग्रहद्वारा, उद्धारकर्ता येशू ख्रीष्टमा हाम्रो विश्वासद्वारा मात्र हो। यदि हामी हाम्रो आज्ञाकारीतामा भर पर्दछौं अर्थात हामीले गर्ने अरु कुनै कुरामा भर पर्दछौं भने हामी झुटो र अविश्वासनिय कुरामा भर पर्दछौं। हामीले हाम्रो विश्वासलाई (परमेश्वरलाई पुनः निर्माण गर्न दिएर) ख्रीष्टमा, केवल उहाँमा पुनः निर्माण गर्न आवस्यक छ। कामहरू, धेरै असल कामहरू पनि हाम्रो उद्धारको आधार हुन सक्तैनन्। आज्ञाकारीता, येशूको आज्ञाहरू पनि हाम्रो मुक्तीको स्रोत हुन सक्तैन। केवल ख्रीष्ट

मात्र विश्वासयोग्य हुनुहुन्छ ।

जब हामी आत्मिक परिपक्वतामा बढ्दछौं तब हामी प्राय हाम्रो आफ्नै पापहरू र हाम्रो आफ्नै पापीपनबाट सचेत हुँदछौं । हामी महसुस गर्दछौं कि हामी खीष्टबाट कति टाढा छौं, यसले हामीलाई शंकातिर पनि डोऱ्याउन सक्छ, हामी जस्तै जानीजानी बाटो विराउने मानिसहरूको निम्ति मर्नलाई परमेश्वरले साच्चै नै उहाँको पुत्रलाई पठाउनु भयो ।

शंकाले पनि हामीलाई खीष्टमा ठूलो विश्वासतिर डोऱ्याएर ल्याउनै पर्छ किनकी उहाँमा मात्र हामीले शरण लिने अवसर छ । कुनै अरु जाने ठाउँ नै छैन । उहाँको वचन र कामहरूमा हामी देख्दछौं कि उहाँ हाम्रो निम्ति मर्न आउनु भन्दा अगाडी नै हामी कति गलत बाटोमा थियौं भनेर उहाँले राम्ररी जान्नुहुन्थ्यो । हामीले आफैलाई राम्रो पाउन हामीले आफैलाई परमेश्वरको अनुग्रहमा समर्पित हुनु आवश्यक छ । उहाँमात्र हामीलाई हामी आफैबाट बचाउन सक्ने योग्यताको हुनुहुन्छ र केवल उहाँले मात्र हामीलाई हाम्रो शंकाहरूबाट बचाउनु हुनेछ ।

## *संगती*

विश्वासद्वारा नै हामी परमेश्वरसँग फलदायी सम्बन्ध राख्दछौं । विश्वासद्वारा नै हामी प्रार्थना गर्दछौं, विश्वासले नै हामी आराधना गर्छौं, विश्वासले नै हामी सेवा सँगतीहरूमा उहाँको वचनहरू सुन्दछौं । विश्वासले हामीलाई पिता पुत्र र पवित्रआत्मासित सँगतीमा सामेल हुन सहायता गर्दछ । विश्वासले नै हामीलाई राम्रो भक्ति परमेश्वरलाई, हाम्रो उद्धार कर्ता येशू खीष्टद्वारा, हाम्रो हृदयमा काम गर्ने पवित्रआत्माद्वारा दिन साहयता गरिन्छौं ।

विश्वासले नै हामी अरु मानिसहरूलाई प्रेम गर्न सक्छौं । विश्वासले नै हामीलाई निन्दा र ग्लानीको डरमा मुक्त गराउछ । मानिसहरूले हामीलाई के गर्दछन् कि भन्ने चिन्ता नै वेगर हामी उनीहरूलाई प्रेम गर्न सक्दछौं किनभने हामीले इनाम पाउनेछौं भने खीष्टमा भरोसा गर्दछौं । परमेश्वर माथिको विश्वासद्वारा हामी अरुसित उद्धार चित्तको हुन सक्छौं ।

परमेश्वर माथिको हाम्रो विश्वासद्वारा हामी उहाँलाई हाम्रो जीवनमा पहिलो स्थानमा राख्न सक्छौं । जब हामीले परमेश्वरलाई उहाँ आफैले भन्नु भए जस्तै असल हुनुहुन्छ भनी विश्वास गर्दछौं त्यसपछि हामी अरुभन्दा उहाँलाई नै मूल्यवान ठान्ने

छौं र उहाँले हामीलाई माग्ने बलिदानहरू दिन इच्छा गर्नेछौं । हामी उहाँलाई भरोसा गर्नेछौं र यो भरोसाद्वारा हामी उद्धारको आनन्दलाई अनुभव गर्नेछौं । शुरु देखि अन्तिम सम्म नै ख्रीष्टियन जीवन भनेको नै परमेश्वरलाई भरोसा गर्ने कुरा हो ।

★★★

## इकाई १ ग

# आराधनाद्वारा परमेश्वरलाई जवाफ

हामी आराधनाद्वारा परमेश्वरलाई जवाफ दिदछौं किनकी आराधना नै परमेश्वरलाई दिइने उपयुक्त कुरा हो। उहाँ प्रशंसा योग्य हुनुहुन्छ, उहाँको शक्तिको निम्ति मात्र होइन तर उहाँको भद्रपनको निम्ति पनि। धेरै मानिसहरूले शक्तिको प्रशंसा गर्दछन् तर भद्रपना पनि प्रशंसायोग्यको छ। यो बारेमा हामी सोचौं। प्राकृतिक शक्ति नत असल न खराब नै हुन्छ, नत आफैमा प्रशंसायोग्य न आफैमा तुच्छ नै हुन्छ। तानाशाहहरूसँग शक्ति हुन्छ, ज्वालामुखीको शक्ति हुन्छ र ब्याक्टेरियासँग पनि शक्ति हुन्छ तर हामी यस्ता शक्तिको प्रशंसा गर्दैनौ। शक्ति त्यतिखेर मात्र प्रशंसनीय हुन्छ जब यो असल तरिकामा, अरुको सहायताको निम्ति प्रयोग गरिन्छ।

परमेश्वर प्रेम हुनुहुन्छ र उहाँले गर्ने सबै कुरा प्रेममा गरिन्छन्। यो प्रशंसनिय छ। हामी मानवीयरूपले पनि प्रेमको प्रशंसा गर्दछौं हैन र ? हामी अरुको सहायताको निम्ति जीवन दिने मानिसहरूको प्रशंसा गर्दछौं। तिनीहरूसँग तिनीहरूको आफ्नै जीवन बचाउने शक्ति थिएन तर जुन शक्ति तिनीहरूले अरुलाई सहायता गर्न प्रयोग गरे त्यो प्रशंसनिय छ। भिन्नता चाहिँ, हामी ती मानिसहरूलाई निन्दा गर्दछौं जोसँग सहायता गर्ने शक्ति भएर पनि सहायता गर्न इन्कार गर्दछन्। महानता भन्दा सद्‌गुण नै बढी प्रशंसनिय हुन्छ र परमेश्वरसँग सद्‌गुण र महानता दुवै छ।

प्रशंसाले परमेश्वर र हामी बिचको प्रेमको डोरोलाई अझ गहिरो पार्दछ। हाम्रो लागि परमेश्वरको प्रेम कहिल्यै पनि घटि हुदैन तर उहाँको लागि हाम्रो प्रेम चाहिँ प्राय कमजोर हुदछ। प्रशंसामा , हामी हाम्रो निम्ति उहाँको प्रेम पुनह : सुन्दछौं र यसको प्रभाव चाहि, पवित्र आत्माले हामीभित्र शुरु गर्नु भएको प्रेमको ज्वाला उहाँको निम्ति दन्कदछ। परमेश्वर कति अचम्मको हुनुहुन्छ भनी सम्झन र पुनह सुन्न हाम्रो निम्ति असल हुन्छ किनकी त्यसले हामीलाई ख्रीष्टमा साहास दिँदछ र सद्‌गुणमा उहाँ जस्तै हुनलाई हाम्रो उत्प्रेरणालाई वृद्धि गर्दछ जसले हाम्रो आनन्दलाई बढाउँदछ।

हामी परमेश्वरको प्रशंसा गर्नको लागि बनाईएका हौ (१ पत्रुस २:९), उहाँलाई महिमा र आदर दिनको निम्ति र अझ असल कुरा चाहिँ जीवनको निम्ति उहाँको उद्देश्यसित एकै साथमा रहौं भनेर बनाइएका हौं, महान आनन्द हाम्रै हुनेछ। हामी परमेश्वरलाई आदर गर्नको निम्ति बनाइएका हौं, जे काम गर्न हामी बनाइएका हौ त्यही काम गर्दछौं भने सामान्य रूपमै जीवन सन्तुष्ट हुनेछ। हामी त्यो काम आराधनाको बेला मात्र नभएर प्रत्येक दिनको हाम्रो जीवनमा गर्न सक्छौं। हामी परमेश्वरलाई त्यति बेला आदर दिदछौं जुन बेला हामी परमेश्वरले हामीलाई दिनु भएका वरदानहरूको प्रयोग गरेर अरुको सेवा गर्दछौं। हामी त्यति बेला परमेश्वरलाई आदर दिदछौं जुन बेला हामी बद्ला लिन खोज्नुको सट्टामा क्षमा दिदछौं। हामी परमेश्वरलाई त्यतिखेर आदर दिन्छौं र उहाँ महान हुनुहुन्छ भनी देखाउँदछौं जुन बेला हामी हाम्रो जीवन उहाँको समिपमा राख्दछौं, हामी संसारको बाटो र तरीकालाई भन्दा उहाँको प्रेमिलो वचनलाई महत्त्व दिन्छौं। हामी परमेश्वरलाई त्यतिबेला आदर दिँदछौं जुन बेला हामी समाजको सट्टामा पवित्रशास्त्रलाई हेर्दछौं, हामी जिम्मेवारीबाट पन्छिनुको सट्टामा हाम्रो ति कर्तव्य र जिम्मेवारीलाई अरुको निम्ति वहन गर्दछौं।

## जीवनको बाटो

आराधना नै जीवनको एउटा बाटो हो। हामी हाम्रो शरिर र मनलाई जीउदो बलिदानको रूपमा अर्पण गर्दछौं (रोमी १२ :१- २)। हामीले उहाँको पुत्रको प्रचार गरेको बेला हामी परमेश्वरको आराधना गर्दछौं (रोमी १५:१६)। हामी त्यति बेला परमेश्वरलाई आराधना चढाउँदछौं जतिबेला हामी भेटी दिँदछौं (फिलिपी ४:१८)। हामी परमेश्वरलाई तब आराधना चढाउँदछौं जब हामी अरु मानिसहरूलाई सहायता गर्दछौं (हिब्रू १३:१६)। हामी भन्दछौं कि उहाँ योग्य हुनुहन्छ, हाम्रो समय, ध्यान र भक्तिको योग्य, हामी उहाँको शक्ति र धैर्यताको प्रशंसा गर्दछौं। हामी उहाँको महिमा र हाम्रो खातिर भएको उहाँको नम्रतालाई प्रशंसा गर्दछौं। हामी उहाँको धार्मिकता र कृपाको प्रशंसा गर्दछौं। हामी उहाँलाई उहाँ साच्चै नै हुनु भएकोले प्रशंसा गर्दछौं।

हामी उहाँको प्रशंसाको घोषणा गर्न बनाइएका हौं। यदि हामीले परमेश्वरले चाहानु भए अनुसारको बाटोमा जीउँदछौं भने जीवनले उत्तम काम गर्दछ। अनि यो हाम्रो अर्थपूर्ण कर्तव्य हो। यो सामान्य सत्यता हो कि हामी हामीलाई सृष्टि

गर्नुहुने, हामीलाई बचाउन भनेर बौरी उठ्नु हुने र हामीलाई अनन्तको जीवन दिने साथै अहिले पनि हामीलाई उहाँ जस्तै हुन सहायता गर्नु हुनेलाई प्रशंसा गर्नु हो । हामी उहाँलाई हाम्रो भक्ति चढाउँदछौं र हामी उहाँलाई हाम्रो प्रेम अर्पण गर्दछौं ।

हामी परमेश्वरलाई प्रशंसा चढाउन बनाइएका हौ र यो हामी अनन्तसम्म गर्नैछौं । यूहन्नालाई हाम्रो भविष्यको बारेमा एउटा दर्शन दिईयो : "अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुन्द्र र त्यहाँ भएका हरेक प्राणीले यसो भनिरहेको मैले सुने, सिंहासनमा विराजमान हुनु हुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा र सामर्थ्य सदासर्वदा होस्" (प्रकाश ५:१३) । यो नै असल जवाफ हो : भययोग्यलाई भय, आदरयोग्यलाई आदर, प्रशंसायोग्यलाई प्रशंसा र भरोसा योग्यलाई भक्ति ।

## प्रशंसाका पाँच आधारभूत सिद्धान्तहरू

भजन संग्रह ३३:१-३ ले हामीलाई बताउँदछ, "हे धर्मीगण हो , परमप्रभुमा आनन्दसित भजन गाओ । सोझो मन भएकाहरूले उहाँको स्तुती गर्नु सुहाउँदो छ । वीणा बजाउँदै परमप्रभुको प्रशंसा गर दश तारे सारङ्गी बजाउँदै उहाँको स्तुती गाओ । उहाँको निम्ति एउटा नयाँ भजन गाओ जयजयकार गर्दै निपुणतासाथ वाद्यहरू बजाऔ ।" वचनले हामीलाई भन्दछ कि परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ, आनन्दसित गाओ, वीणा, वासुरी, खैजडी, सारङ्गी, तुरही, र झ्याली बजाउ-नाच्दै पनि उहाँको प्रशंसा गर (भजन संग्रह १४९- १५०) । यो दृष्य चाहिँ उन्मादको, असिमित आनन्दको, अवरोध विहिन प्रकट गरिएको खुशीको हो ।

बाईबलले हामीलाई भव्यसाथको आराधनाको उदाहरणहरू दिदछ । यसले हामीलाई एकदमै औपचारीक तरीकाले आराधना गर्ने उदाहरणहरू दिदछ, विशेष नमुनाको जुन शताब्दीऔ देखि एक समान्त रहेको छ । आराधनाका दुवै तरीका वैधानिक हुन सक्दछन्, एउटाले मात्रै परमेश्वरलाई प्रशंसा गर्ने जायज तरीका भनेर दावी गर्न सक्तैन । अब आराधनामा समाविष्ट सैद्धान्तिक केही सिमाको पुनर्विचार गरौ ।

## १. हामी आराधना गर्न बोलाइएका हौं ।

प्रथम त, परमेश्वर हामीले उहाँलाई आराधना गरेको चाहानु हुन्छ । यो अटल रहेको कुरा हामी बाईबलको शुरु देखि अन्तसम्मै रहेको देख्छौं (उत्पत्ती ४:४,

यूहन्ना ४:२३ प्रकाश २२:९) । आराधना गर्नुको एउटै मात्र कारण चाहिँ हामी उहाँको आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न बोलाइएका हौं (१ पत्रुस २:९) । परमेश्वरका मानिसहरूले उहाँलाई प्रेम गर्ने र आज्ञा पालन गर्ने मात्र होइन तर विशेष आराधनाका कामहरू पनि गर्दछन् । तिनीहरू बलिदान चढाउदछन्, प्रशंसा गर्दछन्, प्रार्थना गर्दछन् ।

**आराधना बारेमा पाँचवटा तथ्यहरू:**

१. परमेश्वर हामीले आराधना गरेको, उहाँलाई प्रशंसा र धन्यवादले जवाफ दिएको चाहानु हुन्छ ।

२. परमेश्वर मात्र हाम्रो आराधना र भक्तिका योग्य हुनुहुन्छ ।

३. आराधना इमान्दारीकासाथ समर्पणमा हुनुपर्छ, देखावटी होइन ।

४. यदि हामीले साँच्चै नै परमेश्वरलाई आदर र प्रेम गर्छौं भने उहाँले जे भन्नु हुन्छ त्यो हामी गर्नेछौं ।

५. आराधना हामीले मण्डलीमा गरेको क्रियाकलाप मात्र होइन - यसले त हामीले गर्ने हरेक कुरा समेट्दछ ।

पवित्रशास्त्रमा हामी आराधना धेरै प्रकारले गर्न सकिने कुरा देख्दछौं । मोसाको व्यवस्थाको पुस्तकमा धेरै जानकारीहरू दिइएको छ । विशेष मानिसहरू विशेष समय र विशेष ठाउँमा विशेष कामहरू गर्न नियुक्त गरिन्थे । व्यक्ति, थोक, समय, ठाउँ र गराइले विशेष अर्थ राख्दथ्यो । त्यस सम्बन्धमा, पुर्खाहरू कसरी आराधना गर्दथे भन्ने केही नियमहरू उत्पत्तिको पुस्तकमा हामी देख्दछौं । तिनीहरूसँग विशेष पुजारी नियुक्त गरिएको हुँदैनथ्यो, खास ठाउँ तोकिएको हुँदैनथ्यो र तिनीहरूलाई के र कहिले चढाउने बारेमा मात्र बताइएको थियो ।

नयाँ करारमा पनि कसरी र कहिले आराधना गर्ने भन्ने बारेमा हामी थोरै मात्र देख्दछौं । आराधनाका क्रियाकलापहरू खास मानिसहरूको समूह अर्थात खास ठाउँको निम्ति मात्र सिमित गरिएको छैन । मोसाले बनाएका शर्त र सिमाहरूलाई खीष्टले हटाउनु भयो । सबै विश्वासीहरू पुजारीहरू हुन् र निरन्तर आफैलाई जिउँदो बलिको रूपमा अर्पण गर्न सक्तछन् ।

## २. परमेश्वरलाई मात्र आराधना गर्ने

आराधना गर्ने धेरै तरीकाहरू भएतापनि हामी धर्मशास्त्रभरी नै एक स्थीर कुरा

देख्छौं: केवल परमेश्वरलाई मात्र आराधना गरिनुपर्छ। आराधना स्वीकार योग्य हुनुपर्छ, एकाग्रको हुनुपर्छ। परमेश्वरले हाम्रो सारा प्रेम र सारा भक्ति चाहानु हुन्छ। हामी दुई परमेश्वरलाई पुज्न सक्तैनौ। हामीले उहाँलाई विभिन्न तरीकाले आराधना गर्न सक्छौं तापनि हाम्रो एकता चाहिँ हामी उहाँलाई नै आराधना गर्दछौं भन्ने सत्यतामा आधारित हुनुपर्छ।

प्राचिन इस्राएलमा वाल देवता अर्को परमेश्वरको रूपमा थियो। येशूको समयमा, आत्म-आत्मिकपना र पाखण्डीपनको धार्मिक परम्परा थियो। वास्तवमा, परमेश्वर र हामी बिचमा आउने कुनै कुरा-कुनै कुरा जसले हामीलाई उहाँको आज्ञापालन गर्न अवरोध पुऱ्याउँदछ-जुन झुटो परमेश्वर र मुर्ति मात्र हो। केही मात्रामा आज चाहिँ यो पैसा पनि हो। अझ अरुमा यो पनि हो। कोहीसँग चाहिँ कसैले मलाई कस्तो सम्झिदछन् भन्ने खालको अहंकारको ठूलो समस्या हुन्छ। यूहन्नाले केही झुटा देवी देवताको बारेमा लेख्दछन् संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकी संसारमा भएका सबै थोक, अर्थात शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन् तर संसारबाट आएका हुन्। संसार विति जान्छ, तर परमेश्वरको इच्छा पुरा गर्ने चाहिँ सधैंको निम्ति रहन्छ (१ यूहन्ना २:१५-१७)।

हामीसित कमजोरीहरू छन् तर यसलाई हामीले क्रूसमा टाँग्नु आवश्यक छ, यसलाई मार्नुपर्छ, सबै झुटा देवी देवतालाई त्याग्नु पर्दछ। यदि केही चिजले परमेश्वरको आज्ञा पालन गर्नबाट हामीलाई वञ्चित गर्दछ भने, हामीले यसलाई जित्नै पर्छ। परमेश्वरले उहाँलाई मात्र आराधना गर्ने मानिसहरू चाहनु हुन्छ।

## ३. इमानदारी

पवित्रशास्त्रमा हामीले देख्ने आराधनाको बारेमा तेस्रो अटल कुरा चाहिँ आराधना इमानदारीसाथ हुनुपर्छ भन्ने हो। यदि हामीले हाम्रो हृदयदेखि नै साँचो गरी परमेश्वरलाई प्रेम गर्दैनौ भने साँचो गतिविधिहरू गरेर, सही भजनहरू गाएर, सहि ठाउँमा भेला भएर र साँचो वचनहरू मात्र बोलेर कुनै असल हुँदैन। येशूले ओठद्वारा मात्र परमेश्वरको आदर गर्ने तर साँचो गरी नपुज्नेहरूको आलोचना गर्नुभयो किनभने तिनीहरूको हृदय परमेश्वरको नजिकमा थिएन। तिनीहरूको

परम्पराहरू (विशेष गरी तिनीहरूको प्रेम र आराधना प्रकट गर्न निर्मित) नै साँचो प्रेम र आराधना गर्नको निम्ति अवरोध भएका थिए। येशूले पनि समर्पणको आवश्यकतालाई जोड दिनुभयो जब उहाँले भन्नु भयो कि आराधना आत्मा र सत्यतामा हुनुपर्छ (यूहन्ना ४:२४)। यदि हामी परमेश्वरलाई प्रेम गर्दछौं भन्दछौं तर उहाँको आज्ञाहरूको अवहेलना गर्दछौं भने हामी पाखण्डीहरू मत्र हुदछौं। यदि हामी उहाँको अधिकारमा नरहेर हाम्रो स्वतन्त्रतालाई मात्र महत्त्व दिन्छौं भने हामी उहाँलाई सत्यतामा पुज्न सक्तैनौ। हामीले उहाँको वचन लत्याएर हाम्रो ओंठले उहाँको करारको कुरा गर्न सक्तैनौ (भजन संग्रह ५०:१६-१७)। उहाँको कुराहरूलाई वेवास्ता गरेर हामी उहाँलाई प्रभु भन्न सक्तैनौ।

## ४. *आज्ञाकारीता*

पवित्रशास्त्र भरी नै , हामी देख्दछौं कि साँचो आराधना आज्ञाकारीतासहितको हुनुपर्छ। यो आज्ञाकारीता हामीले एक अर्काको सहायता गर्नुपर्छ भन्ने परमेश्वरको वचन सहितको हुनुपर्छ। हामीले परमेश्वरको छोराछोरीको अनादर गरेर उहाँको आदर गर्न सक्तैनौ। "यदि कसैले म परमेश्वरलाई प्रेम गर्छु भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झुटो हो, किनकी आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्तैन" (१ यूहन्ना ४:२०-२१)। यसले यशैयाले समाजमा न्याँयोचित न्याय नगर्ने तर धार्मिकताको स्वाङ रच्नेहरूलाई भनेको कुरा याद दिलाउछ :

जब तिमीहरू मसँग भेट्नलाई आउँछौं, तिमीहरूले चढाएका यी थोकहरू कसले चाहान्छ र ? मेरा आगनहरू खुट्टाले कुल्चीमिल्ची गर्न कसले तिमीहरूलाई भनेको छ र ? व्यर्थका बलिहरू नल्याओ ! तिमीहरूको धूप त मेरो निम्ति घिनलाग्दो छ। औंसी, शवाथ र सभाघरहरूका साथसाथै तिमीहरूका दुष्ट जमघटहरू म सहन सक्तिन। तिमीहरूका औंसीका दिनहरू र ठहराएका चाडहरूलाई मेरो हृदयले घृणा गर्छ। ती त मेरो निम्ति भार भएका छन्। ती बोक्दा-बोक्दा म थाकेको छु। तिमीहरूले प्रार्थनामा आफ्ना हात पसार्दा, म मेरा आँखा तिमीहरूदेखि छोप्ने छु। तिमीहरूले ज्यादै प्रार्थना गर्दा पनि म सुन्ने छैन (यशैया १:११- १५)।

हामी भन्न सक्तछौं, त्यो दिनका मानिसहरूको थोकहरू अर्थात तिनीहरूले ल्याएका धूपको प्रकार र जन्तुहरूमा कुनै खराबी थिएन। समस्या चाहिँ तिनीहरू बाँकी समयमा

जीउने शैलीमा थियो । उहाँले भन्नुभयो "तिमीहरूका हातहरू रगतले रंगिएका छन्" र यो निश्चित छ कि समस्या चाहिँ तिनीहरू वास्तविक हत्यामा संग्लग्न थिए भन्ने मात्र थिएन ।

उहाँले एक व्यापक समाधानको निम्ति आव्हान गर्नु भयो : "खराबी गर्न छोड, भलाई गर्न सिक ! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देऊ, टुहुरा टुँहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ" (पद १६-१७) । तिनीहरू आफैभित्र सहि हुनु आवश्यक थियो । तिनीहरू जातिय विभेद, सामाजिक वर्गीय भिन्नता र गैर आर्थिक क्रियाकलापबाट बाहिर निस्कनु आवश्यक थियो ।

## ६. जीवनभर

आराधना यदि विशेष हुनु होत यो हामीले एक अर्कालाई हप्ताभर व्यवहार गरे भैं नै भिन्न बन्नुपर्छ । यो नै अर्को सिद्धान्त हो जो हामी पवित्रशास्त्र भरी देख्दछौं ।

हामीले कसरी आराधना गर्नैपर्छ ? मीका आफैले प्रश्न गर्दछन् र जवाफ पनि दिँदछन् । के लिएर म परमप्रभुको सामु आऊ र उच्च भएका परमेश्वरको सामु निहुरू ? के एक वर्षे, वाछ्राहरू लिएर होमवलि चढाउनलाई उहाँको सामु आऊ ? के परमप्रभु हजारौं भेडाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र ? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढाऊ ?

ए मानिस,जे असल छ त्यो उहाँले तलाई देखाउनु भएको छ । र परमप्रभुले तँबाट के चाहानु हुन्छ ? केवल यति, ठीकसित काम गर्नु र कृपालाई प्रेम गर्नु र तेरा परमेश्वरसित विन्रम भएर हिड्नू (मीका ६:६-८) ।

होशेले पनि जोड दिँदछन् कि थोकहरूद्वाराको आराधना भन्दा व्यक्तिगत सम्बन्ध नै बढी महत्त्वपूर्ण हुन्छ : "म बलिदान होइन, दया चाहान्छु र होमवलि भन्दा परमेश्वरको मान्यता अझ बढी चाहान्छु" (होशे ६:६) । हामी प्रशंसा गर्न मात्र होइन तर असल कामहरू गर्न पनि वोलाइएका हौं (एफिसी २:१०) ।

आराधनाको बारेमा हाम्रो सोचाई संगीतभन्दा पनि बढी र विशेष दिनहरू भन्दा पनि बढी हो भन्ने हुनुपर्छ । यी सबै कुराहरू हाम्रो जीउने तरीका जतिको महत्त्वपूर्ण छैनन् । भाइहरूको बीचमा वैमनस्यता छरेर शवाथ मान्नु पनि पाखण्डीपनमात्र

हो । बताईएको अनुसार आराधना नगरेर भजनहरू मात्र गराउनु पनि पाखण्डीपन नै हो । आराधना गर्दछु भनी घमण्डी हुनु र नम्रता नहुनु पनि पाखण्डीपन नै हो । यदि हामीले उहाँको न्याँय र दयाको भावलाई नखोजी येशू प्रभु मात्र भन्दछौं भने यो पनि पाखण्डीपन नै हो ।

साँचो आराधना भनेको बाहिर गरिने क्रियाकलापहरू भन्दा अझ बढी कुरा हो यस्तो आराधना सम्पूर्णरूपले बानीव्यहोरा परिवर्तनमा रहन्छ, सम्पूर्णरूपले परिवर्तन भएको हृदयमा रहेको हुन्छ, पवित्रआत्माद्वारा हामीमा आएको परिवर्तनमा हुन्छ । यस परिवर्तनलाई थाहा गर्ने प्रविधि चाहिँ परमेश्वरसित प्रार्थनामा समय बिताउने, वचन अध्ययन गर्ने इच्छा हुनु र अन्य आत्मिक कुराहरूमा लगाव हुनु हो । यो परिवर्तन अद्‌भूत शब्दहरू अर्थात जादूगरीको पानीले हुँदैन - यो त परमेश्वरसितको सँगतीद्वारा आउँदछ । आराधना जीवनभर नै संलग्न हुँदछ । यो कुरा खास गरेर हामी पावलका उद्‌गारहरूमा देख्दछौं ।

## आराधनाको बारेमा पावलको विस्तृत विचार

पावलले बलिदान र आराधनाको बारेमा यस्ता शब्दावलीको प्रयोग गर्दछन : भाई हो, "परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर" (रोमी १२:१) । सारा ज़ीवन नै आराधना गर्नको निम्ति हो, केवल हप्ताको केही घण्टाको निम्ति मात्र होइन । निश्चय नै, यदि हाम्रो सारा जीवन आराधना गर्न समर्पित गरिन्छ भने निश्चित रूपमा हप्ताको केही घण्टा अन्य ख्रीष्टियनहरूसित बित्नेछ ।

पावलले रोमी १५:१६ मा वलिदान र आराधनाको लागि अझ बढी बताउँदछन् । ज़ब उहाँले परमेश्वरले उहाँलाई दिएको अनुग्रहको बारेमा बोल्दछन, "यो अनुग्रह अन्य जातिहरूका निम्ति परमेश्वरका सु-समाचारको पुजाहारीले गर्नु पर्ने कर्तव्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरू पवित्रआत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून् ।" यहाँ हामी देख्दछौं कि सु-समाचार प्रचार गर्नु पनि आराधनाको एक रूप हो ।

यदि हामी सबै पुजाहारीहरू हौं भने हामी सबैसँग हामीलाई बोलाउनु हुनेको प्रशंसाको घोषणा गर्ने पुजाहारीको कर्तव्य पनि छ (१ पत्रुस २:९) - कुनै पनि

सदस्यले आराधना गर्न सक्तछ अर्थात थोरैमा अरुलाई सुसमाचार प्रचार गर्न सहायता गर्नमा सहभागी भएर । पावलले उहाँलाई आर्थिक सहायता पठाउने फिलिपीहरूलाई धन्यवाद दिएको वेला पनि उहाँले आराधनाको निम्ति शब्दहरू प्रयोग गरेका छन् :"इफाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो वास्ता भएको, र परमेश्वरलाई मनपर्दो र ग्रहणयोग्य वलिदान पाएर म तृप्त भएको छु" (फिलिपी ४:१८) ।

अन्य खीष्टियनहरूलाई दिइने आर्थिक सहायता पनि आराधनाको एक रूप हुनसक्छ । हिब्रू १३ ले शब्द र काम दुवैमा आराधना दिने बारेमा व्याख्या गर्दछ : "परमेश्वरलाई प्रशंसाको बलि निरन्तर चढाऔं - यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो । भलाई गर्न र आफूसँग भएका कुरा बाँडचुड गर्न नभूल किनकी यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ" (पद १५ १६) ।

जब हामीले आराधनालाई एक जीवन शैलीको रूपमा, दिनहुँको आज्ञाकारीताले भरीएको प्रार्थना र वचन अध्ययनको रूपमा बुझ्दछौं भने संगीत, बाजा, दिन र बाहरू हेरेको भन्दा अझ असल दृष्टिकोण हुँदछ । संगीत दाउदको समयदेखि आराधनाको एक महत्त्वपूर्ण भाग भएतापनि संगीत नै आराधनाको सबभन्दा महत्त्वपूर्ण भाग भने होइन ।

उस्तै गरी पुरानो करारले पनि बताउँदछ कि आराधनाको दिन र बार हामीले हाम्रो छिमेकीहरूलाई व्यवहार गर्ने जस्तो महत्त्वपूर्ण हुँदैन । नयाँ करारले आराधनाको लागि विशेष दिनको माग गरेको छैन तर एक अर्काको निम्ति प्रेमको व्यवहारिक कामहरू गर्ने वारेमा बताउँदछ । हामी भेला हुनुपर्छ भनेर भन्दछ तर कहाँ भेट्ने भनेर विशेष ठाउँ तोकिएको छैन ।

मित्रहरू, हामी परमेश्वरलाई आराधना गर्न, प्रशंसा गर्न र महिमा दिन बोलाइएका छौं । उहाँको कामहरूको घोषणा गर्न सक्नु, उहाँले हाम्रो प्रभु र उद्धारकर्ता येशू खीष्टद्वारा हाम्रो निम्ति गर्नु भएको खुशीको खबर वाड्न सक्नु नै हाम्रो आनन्द हो ।

★★★

# इकाई २ क

# येशू को हुनुहुन्छ ?

येशूले उहाँका चेलाहरूलाई सोध्नुभयो, "मानिसहरूले म को हुँ भनी भन्दछन् ?" प्रश्न हामीमा पनि खडा हुँदछ : यो मानिस को हुन् ? उहाँसँग के अख्तियार छँ ? हामीले किन उहाँलाई भरोसा गर्नुपर्छ ?

खीष्टियनको विश्वास येशू खीष्टमा केन्द्रित छ । उहाँ कस्तो प्रकारको मानिस हुनु हुन्छ भनी हामीले जान्नु आवश्यक छ ।

## पूर्णरूपले मानिस - र त्यसपछि केही

येशू सामान्य रूपले जन्मनुभयो, सामान्यरूपले वढ्नु भयो, भोकाउनु भयो, तिखाउनु भयो र थाक्नुभयो, खानु, पिउनु र सुत्नु भयो । उहाँ सामान्य हुनुहुन्थ्यो, साधारण भाषामा बोल्नुभयो र सामान्य रूपले हिँडडुल गर्नुभयो । उहाँसँग भावनाहरू थिए जस्तै दया लाग्ने, अचम्म हुने, शोक र व्याकुल हुने, (मत्ती ९:३६, लूका ७:९, युहन्ना ११:३८, मत्ती २६:३६) । मानिसले जस्तै उहाँले परमेश्वरलाई पुकार्नु भयो । उहाँले आफैलाई एक मानिस भन्नुहुन्थ्यो र अरु मानिसहरूले उहाँलाई एक मानिस नै हो भन्थे । उहाँ एक मानव नै थिए ।

तर येशू एक यस्ता अलौकिक मानव थिए कि उहाँ स्वर्गमा जानुभयो, केही मानिसहरूले दावी गरे कि उहाँ मानव मात्र थिएनन् (२ यूहन्ना ७) । तिनीहरू सोच्दथे कि येशू अति पवित्र भएकोले निश्चय नै उहाँसँग शरीरको र यसको फोहोर पसिना, पाचन क्रियाहरू र असिद्धताहरू थिएनन् । शायद उहाँ केवल मानव भएर प्रकट हुनु भयो कहिलेकाहीं स्वर्गदतूहरू मानवको रूपमा देखापरे झैं गरी वास्तविक रूपमा मानव नभइकनै ।

त्यसैले नयाँ करारले यसलाई स्पष्ट गर्दछ कि येशू वास्तविक रूपमै एक मानव थिए । यूहन्नाले हामीलाई बताउँदछन् "वचन देहधारी हुनुभयो" (यूहन्ना १:१४) । उहाँ देहको रूपमा प्रकट हुनु मात्र भएन अर्थात आफैलाई शरीरको खोल ओढ्नु मात्र भएन । उहाँ देहधारी हुनु भयो "येशू खीष्ट शरीरमा आउनु भयो" (१ यूहन्ना ४:२) । यूहन्ना भन्दछन्, हामीलाई थाहा छ किनकी हामीले उहाँलाई देखेका छौं र छोएका छौं ( १ यूहन्ना १:१-२)

पावलले भने कि येशू "मानव जस्तै गरी वनिनु भयो" (फिलिपी २:७), "व्यवस्थाको अधीनमा जन्मनुभयो" (गलाती ४:४), "पापी मानिस जस्तै भएर" (रोमी ८:३) किनकी उहाँ मानिसहरूलाई बचाउन आउनु भयो, हिब्रूको पुस्तक लेखकले कारणहरू दिँदछन्, कि उहाँले मानविय रूपमै काम गर्न आवश्यक थियो (हिब्रू २:१४-१७)। हाम्रो उद्धार येशू मानव भएको वास्तविकतामा आधारित छ। हाम्रो मध्यस्तकर्ता, हाम्रो प्राचिन पुजारीको रूपमा उहाँको भूमिका एक मानवको रूपमा उहाँको अनुभवमा आधारीत छ (हिब्रू ४:१५)। उहाँको पुनरुत्थान पछि पनि येशूसित शरीर र हाड थिए (यूहन्ना २०:२७, लुका २४:३९)। स्वर्गीय महिमामा पनि उहाँ एक मानव कै रूपमा हुनुहुन्छ (१ तिमोथी २:५)।

## परमेश्वर जस्तै कार्य

"यो मानिसको हुन् ?" भनी फरिसीहरूले सोधे जब तिनीहरूले येशूले पापको क्षमा दिनुहुन्छ भनी सुने। "कसले पाप क्षमा गर्न सक्छ, परमेश्वरले मात्र हैन र ?" (लूका ५:२१) पाप परमेश्वरको विरुद्धमा एक विरोध हो त्यसो हो भने एउटा मानिसले कसरी परमेश्वर हु भनी भन्न सक्छ र सबै पाप उठाई लैजान्छ भन्न सक्छ ? तिनीहरूले यो ईश्वर निन्दा हो भनी भने। येशूले तिनीहरूले के सोचे भनेर जान्नु भयो तर जसरी भए पनि उहाँले पापको क्षमा दिनु भयो। उहाँले यो पनि भन्नु भयो कि उहाँसँग उहाँको आफ्नो पाप थिएन (यूहन्ना ८:४६) उहाँले केही अद्भूत दावीहरू गर्नुभयो :

- उहाँले स्वर्गमा परमेश्वरको दाहिने वाहुलीमा वस्दछु भनी भन्नुभयो - यहुदी गुरुहरूले ईश्वर निन्दा हो भनी सोचेको अर्को दावी (मत्ती २६:६३, ६५)।
- उहाँले परमेश्वरको पुत्र हुँ भनी दावी गर्नुभयो - यो अर्को ईश्वर निन्दा भनी तिनीहरूले भने, किनकी त्यो समयमा यसले परमेश्वरको गुणलाई देखाउँथ्यो (यूहन्ना ५:१८,१९:७)।
- परमेश्वरसित पूर्ण वार्तालापमा छु भनी येशूले दावी गर्नु भयो कि उहाँले जे गर्नु हुन्छ परमेश्वरको इच्छा अनुसार मात्र गर्नुहुन्छ (यूहन्ना ५:१९)।
- पितासित एउटै हुँ भनी उहाँले दावी गर्नुभयो (यूहन्ना १०:३०) जसलाई यहुदी गुरुहरूले फेरी पनि ईश्वर निन्दा भने (यूहन्ना १०:३३)।

- पिता जस्तै हुँ भनी उहाँले दावी गर्नुभयो कि पितालाई देख्न मानिसहरूले उहाँलाई नै हेर्नु पर्छ । (यूहन्ना १४:९, १:१८) ।
- परमेश्वरको आत्मा पठाउन सक्छु भनी उहाँले दावी गर्नुभयो (यूहन्ना १६:७) ।
- उहाँले दावी गर्नुभयो कि उहाँसँग स्वर्गदूतहरू छन् जसलाई उहाँले पठाउन सक्नु हुन्छ (मती १३:४१) ।
- उहाँ जान्नु हुन्थ्यो कि परमेश्वर नै संसारको न्याँयकर्ता हुनुहुन्थ्यो तर उहाँले उहाँ नै न्यायकर्ता हुँ भनी दावी गर्नुभयो (यूहन्ना ५:२२) ।
- उहाँले आफैलाई पनि मृत्युबाट फेरी उठाउन सक्छु भनी भन्नु भयो (यूहन्ना ५:२१,६: ४०,१०:१८) ।
- उहाँले भन्नुभयो कि प्रत्येकको अनन्त जीवन उहाँसितको सम्बन्धमा आधारित हुन्छ (मत्ती ७:२३) ।
- उहाँले भन्नुभयो कि मोसाको व्यवस्था पूर्ण थिएन (मत्ती ५:११-४८) ।
- उहाँले सवाथको प्रभु परमेश्वरले दिएको व्यवस्थाको प्रभु हुँ ! भनी दावी गर्नुभयो (मती १२:८) ।

यदि उहाँ केवल मानव मात्र हुनुभएको भए उहाँको शिक्षा अहंकारी र पापमय हुन्थ्यो । तर येशूले उहाँको वचनहरूलाई केही अद्भूत कामहरूले समर्थन गर्दछन् । "मलाई विश्वास गर कि म पितामा छु र पिता ममा हुनुहुन्छ । नत्र भने यी आश्चर्यको कामहरूकै खातिर विश्वास गर" (यूहन्ना १४:११) । आश्चर्यकर्महरूले कसैलाई पनि विश्वास गर्न दवाब दिन सक्तैन तर त्यसले शक्तिशाली रूपमा सहायताको काम गर्न सक्छ ।

उहाँसँग पाप क्षमा गर्ने अख्तियार छ भनी देखाउन येशूले पक्षघाती मानिसलाई निको पार्नु भयो (लूका ५:२३-२५) । उहाँको आश्चर्यकर्महरूले उहाँले आफ्नो बारेमा जे भन्नु भयो त्यो साँचो हो भन्ने सावित गर्दछ । उहाँसित मानवको भन्दा पनि बढी शक्ति छ किनकी उहाँ एक मानवभन्दा अझ बढी हुनुहुन्छ । दावी गरिएका कुराहरू कसैको लागि ईश्वर निन्दा भएपनि वास्तवमा येशूको निम्ति सत्य थिए । उहाँ परमेश्वर जस्तै बोल्न सक्नु हुन्थ्यो र परमेश्वर जस्तै गर्नु सक्नु हुन्थ्यो किनकी उहाँ परमेश्वर शरीरमा हुनुहुन्थ्यो ।

## उहाँले आफैलाई को हुँ भनी भन्नुभयो ?

येशूसँग स्पष्टरूपमा आत्म पहिचान थियो। १२ वर्षको उमेरमा नै उहाँसँग स्वर्गमा हुने उहाँको पितासितको विशेष सम्बन्ध थियो (लूका २:४९)। उहाँको वप्तिस्मामा, उहाँले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने स्वर्गबाटको आवाज सुन्नु भयो (लूका ३:२२)। उहाँ जान्नु हुन्थ्यो कि उहाँसित पुरा गर्नु पर्ने एक कार्य थियो (लूका ४:४३, ९:२२,१३:३३, २२:३७)।

जब पत्रुसले भने तपाई ख्रीष्ट, "जिउँदो परमेश्वरको पुत्र हुनुहुन्छ", तब येशूले जवाफ दिनुभयो, "योनाको छोरा सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नु भएको हो" (मत्ती १६:१६-१७)। येशू परमेश्वरको पुत्र हुनुहुन्थ्यो। उहाँ ख्रीष्ट, मसिहा - विशेष कामको निम्ति परमेश्वरद्वारा अभिषिक्त व्यक्ति हुनुहुन्थ्यो।

जब येशूले इस्राएलको प्रत्येक कूलबाट एक जना गरी १२ चेलाहरूलाई बोलाउनु भयो तब उहाँले आफैलाई १२ जनामा गन्ती गर्नु भएन। उहाँ तिनीहरूभन्दा माथि हुनु हुन्थ्यो किनकी उहाँ सारा इस्राएल भन्दा माथि हुनु हुन्थ्यो। उहाँ नै नयाँ इस्राएलको रचनाकार र निर्माता हुनुहुन्थ्यो। अन्तिम भोजमा, उहाँले आफैलाई नै नयाँ करारको आधार, परमेश्वरसितको एक नयाँ सम्बन्ध भएको घोषणा गर्नुभयो। उहाँले आफैलाई परमेश्वरले यस संसारमा जे गर्दै हुनुहुन्थ्यो त्यसको केन्द्र बिन्दुको रूपमा देख्नु भयो।

येशूले साहसका साथ परम्पराको विरुद्धमा, व्यवस्थाको विरुद्धमा, मन्दिरको विरुद्धमा, धार्मिक अगुवाहरूको विरुद्धमा बोल्नुभयो। उहाँले भन्नु भयो कि उहाँलाई पछ्याउनेहरूले सबैकुरा त्यागेर उहाँलाई पछ्याउनु पर्छ, तिनीहरूको जीवनमा उहाँलाई नै पहिलो स्थानमा राख्नु पर्छ, उहाँलाई नै सम्पूर्ण भक्ति दिनुपर्छ। उहाँले परमेश्वरको अख्तियार सित बोल्नु भयो - तर उहाँले उहाँको आफ्नै अधिकारमा बोल्नुभयो।

येशूले विश्वास गर्नुभयो कि उहाँ नै पुरानो करार को भविष्यवाणीहरू पुरा गर्नेवला हुनुहुन्थ्यो, उहाँ नै कष्ट भोग्ने दास हुनुहुन्थ्यो जसले मानिसलाई तिनीहरूको पापबाटको ज्याला तिर्न मर्नु पर्थ्यो (यशैया ५३:४,५,१२; मत्ती २६:२४ मर्कूस ९:१२, लूका २२:३७,२४:४६)। उहाँ नै शान्तीको राजा हुनुहुन्थ्यो जो गधामा

चडेर येरुशलेममा प्रवेश गर्नुपर्थ्यो (जकरिया ९:९-१०, मत्ती २१:१-९) । उहाँ नै मानिसको पुत्र हुनुहुन्थ्यो जसलाई सारा शक्ति र अधिकार दिइएको थियो (दानिएल ७:१३-१४, मत्ती २६:६४) ।

## अधिको जीवन

अब्राहाम जन्मनु भन्दा अगाडी नै थिएँ भनी येशूले द्वावी गर्नुभयो : उहाँले भन्नुभयो "साँचो कुरा म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनु भन्दा अधिबाटै म छँदैछु" (यूहन्ना ८:५८) । येशूले केही स्वर्गीय कुरा दावी गर्दै हुनुहुन्छ भनी यहुदी गुरुहरूले सोचे र तिनीहरूले उहाँलाई ढुंगाले हानेर मार्न चाहे (पद ५९) "म हुँ" भन्ने वाक्य प्रस्थान ३:१४ को प्रतिध्वनी हो जहाँ परमेश्वरले उहाँको नाम मोसालाई प्रकट गर्नुभयो: "इस्राएलीहरूलाई तैले भन्नु "म हुँ" भन्नेले तिमीहरूकहाँ मलाई पठाउनु भएको हो ।" येशूले यो नामलाई आफ्नै निम्ति प्रयोग गर्नुभयो ।

येशूले भन्नुभयो, संसारको शुरुवात भन्दा अधि नै उहाँ परमेश्वर सितको महिमामा सहभागी हुनुहुन्थ्यो (यूहन्ना १७:५) । यूहन्नाले भन्दछन् कि उहाँ समयको शुरुवात मै वचनको रूपमा हुनुहुन्थ्यो (यूहन्ना १:१) । यूहन्नाले भन्दछन् कि ब्रम्हाण्ड वचनद्वारा हुनआयो (यूहन्ना १:३) । पिता सृजनहार हुनुहुन्थ्यो र वचन सृष्टिकर्ता हुनुहुन्थ्यो जसले सृजनालाई पूर्णता दियो सबैथोक उहाँद्वारा र उहाँकै निम्ति सृष्टि गरिएका हुन्" (कलस्सी १:१६,१ कोरिन्थी ८:६) । हिब्रू १:२ ले भन्दछ कि परमेश्वरले पुत्रद्वारा ब्रम्हाण्ड बनाउनु भयो ।

हिब्रू र कलस्सी दुवैले बताउँदछ कि पुत्रले नै ब्रम्हाण्ड सम्भाल्नु हुन्छ (हिब्रू १:३, कलस्सी १:१७) दुवैले हामीलाई बताउँदछ कि उहाँ नै "अदृश्य परमेश्वरको प्रतिरूप हुनुहुन्छ" (कलस्सी १:१५), "परमेश्वरको स्वभावको वास्तीक प्रतिरूप" (हिब्रू १:३) ।

येशू को हुनुहुन्छ ? उहाँ स्वर्गीय व्यक्तित्व हुनुहुन्छ जो देहधारी हुनुभयो ।

**येशू बारेमा पाँच तथ्यहरू:**

१. येशू शरीर, मरणशील मानव थिए ।
२. येशूसित परमेश्वरको अख्तियार छ ।
३. येशूले भन्नुभयो कि उहाँ परमेश्वर को महिमामा सहभागी हुनुहुन्थ्यो ।
४. नयाँ करारले भन्दछ कि येशूलाई आराधना गर्न मानिसहरूको निम्ति उपयुक्त हुन्छ ।
५. येशू साँचो मानव र साँचो परमेश्वर हुनुहुन्छ र मानव कस्तो हुनुपर्छ भनी हामीलाई देखाउनको निम्ति ।

उहाँ शुरुमा नै परमेश्वरसित हुनुहुन्थ्यो, उहाँ नै सबै कुराको सृष्टिकर्ता, जीवनको कर्ता हुनुहुन्थ्यो (प्रेरित ३:१५) । उहाँ परमेश्वर जस्तै देखिनु हुन्छ, उहाँसित परमेश्वरको जस्तै महिमा छ र परमेश्वरसँग मात्र हुने शक्तिहरू पनि छ । थोरै आश्चर्यको कुरा जुन चेलाहरूले निर्क्यौल गरेका छन् कि उहाँ शरीरमा पनि परमेश्वर हुनुहुन्थ्यो ।

## आराधनाको योग्य

येशू अलौकिक तवरले गर्भमा आउनुभयो (मत्ती १:२०,लूका १:३५) । उहाँले पापरहित जीवन जीउनु भयो (हिब्रू ४:१५) उहाँ दोष रहित , अशुद्धता वेगंरको हुनुहुन्थ्यो (हिब्रू ७:२६, ९:१४) उहाँले पाप गर्नु भएन (१ पुत्रस २:२२), उहाँमा कुनै पापै थिएन (१ यूहन्ना ३:५), उहाँलाई पापै थाहा थिएन (२ कोरिन्थी ५:२१), जस्तो सुकै परीक्षामा पार्ने पाप भए पनि, येशूले सधै पिताका आज्ञा पालन गर्ने इच्छा गर्नुभयो । उहाँको कार्य परमेश्वरको इच्छा पुरा गर्नु नै थियो (हिब्रू १०:७) ।

कैयौ अवसरहरूमा, मानिसहरूले येशूको आराधना गरे (मती १४:३३, २८:९,१७ यूहन्ना ९:३८) स्वर्गदूतहरूले आराधना गर्न इन्कार गर्दछन् (प्रकाश १९:१०) तर येशूले इन्कार गर्नु भएन । साच्चै नै स्वर्गदूतहरूले पनि परमेश्वरको पुत्रको आराधना गर्दछन् (हिब्रू १:६) केही प्रार्थनाहरू येशूमा जाहेर गरिन्छन् (प्रेरित ७:५९-६०, २ कोरिन्थी १२:८ प्रकाश २२:२०) । उहाँ आराधनाको योग्य हुनुहुन्छ ।

नयाँ करारले सामान्यतया परमेश्वरको निम्ति मात्र प्रयोग गरिने प्रशंसाहरूलाई प्रयोग गरेर विस्तृत रूपमा येशू ख्रीष्टको महिमा गाउँदछ । " उहाँलाई सदासर्वदा महिमा होस । आमिन " (२ तिमोथी ४:१८, २ पत्रुस ३:१८, प्रकाश १:६) । युगभरी नै दिन सकिने जति नाउ छन् ती भन्दा उच्च नाउँ उहाँलाई दिइएको छ (एफिसी १:२०-२१) । यतिसम्म कि हामीले उहाँलाई परमेश्वर भनेको नाउँ भन्दा पनि उच्च । प्रकाशको पुस्तकमा परमेश्वर र थुमालाई समान प्रशंसा दिइएको छ : "सिंहासनमा बिराजमान हुनुहुनेलाई र थुमालाई स्तुती, सम्मान, महिमा र सामर्थ्य सदासर्वदा होस्" (प्रकाश ५:१३) । पुत्रलाई पितासित समान आदर गरिनु पर्छ (यूहन्ना ५:२३) । परमेश्वर र येशू दुवैलाई अल्फा र ओमेगा, सबै कुराको शुरु र अन्त्य भनिन्छ (प्रकाश १:८,१७, २१:६, २२: १३) ।

नयाँ करारले परमेश्वरको बारेमा पुरानो करारका अनुच्छेदहरू प्रयोग गर्दछ

र तिनीहरूलाई येशू ख्रीष्टमा लागु गर्दछ। सबभन्दा गहकिलो चाहिँ आराधनाको बारेमा हो : "परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो जो हरेक नाउँभन्दा उच्च छ , कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नु पर्छ, हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशूलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" (फिलिपी २:९-११, यशैया, ४५:२३ उद्धृत गर्दै)। यशैयाले परमेश्वरलाई दिईनुपर्छ भनेका आदर र सम्मान येशूले पाउनेछन्। यशैयाले भन्दछन् कि उद्धारकर्ता - परमेश्वर केवल एक जना मात्र हुनुहुन्छ। (यशैया ४३:११, ४५:२१) पावलले स्पष्टरूपमा भन्दछन् कि परमेश्वर उद्धारकर्ता हुनुहुन्छ र येशू उद्धारकर्ता हुनुहुन्छ (तीतस १:३-४ २:१०, १३)। त्यसो भए एक जना उद्धारकर्ता हुन् कि वा दुई जना नै शुरुका ख्रीष्टियनहरूले निचोड निकालेको पिता परमेश्वर हुन् र येशू परमेश्वर हुनुहुन्छ एउटै मात्र परमेश्वर हुनुहुन्छ, एउटै मात्र उद्धारकर्ता पनि पिता र पुत्र सार तत्त्व (परमेश्वर) मा एउटै हुन तर भिन्नाभिन्नै व्यक्तित्व।

नयाँ करारका कैयौं अरु पदहरूले पनि येशूलाई परमेश्वर भनि बताउँदछन्। यूहन्ना १:१ ले भन्दछ, "वचन परमेश्वर हुनुहुन्थ्यो।" १८ पदले भन्दछ "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ। " येशू नै परमेश्वर हुनुहुन्छ जसले पितालाई प्रकट गर्नु भएको छ। पुनरुत्थान पछि थोमाले येशूलाई परमेश्वरको रूपमा पहिचान गरे : "थोमाले उहाँलाई भने, 'मेरो प्रभु र मेरो परमेश्वर !' (यूहन्ना २०:२८)।

पावल भन्दछन् कि पूर्वजहरू महान हुन किनकी "ख्रीष्ट पनि शरीर अनुसार तिनीहरूकै वंशका हुनुहुन्छ जो सर्वोच्च परमेश्वर हुनुहुन्छ उहाँको युगानयुग स्तुति होस्। आमिन" (रोमी ९:५)। हिब्रूको पुस्तकमा, परमेश्वरले आफैले येशूलाई परमेश्वर भनी भनेका छन् : "पुत्रको विषयमा उहाँ भन्नुहुन्छ, "हे परमेश्वर तपाईको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ" (हिब्रू १:८)।

पावलले भनेका छन्, "ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ " (कलस्सी २:९)। येशू ख्रीष्ट पूर्ण ईश्वरीय हुनुहुन्छ र अहिले पनि शरीरमा वास गर्नुहुन्छ। उहाँ परमेश्वरको साँचो प्रतिनिधि हुनुहुन्छ - परमेश्वरले बनाउनु भएको देह। यदि येशू केवल एक मानव मात्र हुनु भएको भए हाम्रो विश्वास उहाँमा राख्नु गलत हुन्थ्यो। तर उहाँ ईश्वरीय हुनुहुन्छ त्यसैले उहाँमाथि विश्वास गर्नु

भनी हामीलाई निर्देशन दिइएको छ। उहाँ साच्चै नै भरोसा योग्य हुनुहुन्छ किन भने उहाँ परमेश्वर हुनुहुन्छ।

तैपनि "येशू नै परमेश्वर हु" भन्दा यो गलत अर्थ पनि लाग्न सक्तछ किनभने यसमा दुईवटा शब्द बिचमा एक सामान्य समानता छ। एउटा कुरा चाहिँ येशू एक मानिस थिए र दोस्रो कुरा येशू पुरै परमेश्वर होइनन्। "परमेश्वर येशू हुनुहुन्छ" भनेर हामी भन्न सक्तैनौ धेरै प्रशङ्गहरूमा, "परमेश्वर" को अर्थ "पिता" भन्ने हुन्छ, र त्यसैकारणले बाईबलले विरलै मात्र येशूलाई परमेश्वर बताउँदछ। तर येशूको निम्ति वैधतापूर्वको शब्द प्रयोग गरिन्छ किनकी येशू ईश्वरीय हुनुहुन्छ। परमेश्वरको पुत्रको रूपमा उहाँ त्रिएक परमेश्वरको एक व्यक्तित्व हुनुहुन्छ। येशू एक अद्भूत व्यक्ति हुनुहुन्छ जसमा परमेश्वर र मानवको मिलन भएको छ।

येशूको इश्वरत्व नै हाम्रो निम्ति गाठी कुरा हो किनभने यदि उहाँ इश्वरीय हुनुहुन्छ भने मात्र उहाँले हामीलाई पूर्णरूपले परमेश्वर प्रकट गर्न सक्नुहुन्छ (यूहन्ना १:१८, १४:९)। ईश्वरीय व्यक्तिले मात्र हाम्रो पापहरू क्षमा गर्न सक्तछ, हामीलाई छुटकारा दिन सक्तछ र हामीलाई परमेश्वरसँग मिलाप गराउन सक्तछ। ईश्वरीय व्यक्ति मात्र हाम्रो विश्वासको आर्दश हुन सक्तछ, प्रभु जसलाई हामी सम्पूर्ण भक्ति दिँदछौं, मुक्तिदाता जसलाई हामी भजन र प्रार्थनामा आराधना गर्दछौं।

## साँचो मानव, साँचो परमेश्वर

माथि उल्लेखित पदहरूबाट तपाईले देख्न सक्नु हुन्छ कि नयाँ करार भरी नै येशू खीष्टको बारेमा उल्लेख गरिएको छ। दृष्य चाहिँ स्थीर छ तर सबैलाई एक ठाउँमा ल्याउन सकिदैन। शुरुका मण्डलीले सत्यताहरूलाई सँगै बनाए। तिनीहरूले वाईवलिय प्रकाशद्वारा ती सत्यताहरूको रूपरेखा तयार गरे।

- येशू, परमेश्वरको पुत्र, साँचो ईश्वरीय हुन्।
- परमेश्वरको पुत्र वास्तविक मानव भए तर पिता भएन।
- परमेश्वरको पुत्र र पिता फरक हुन, एउटै होइनन्।
- केवल एउट मात्र परमेश्वर छन्।
- पुत्र र पिता त्यही एउटै परमेश्वरको व्यक्तित्वहरू हुन्।

Nicea (ई.सं. ३२५) को परिषदले निश्चित गऱ्यो कि येशू, परमेश्वरको पुत्र

पिता जस्तै समान स्वभावका ईश्वरीय व्यक्ति थिए । Chalcedon (ई.सं. ४५१) को परिषदले उहाँ मानव पनि थिए भनी व्याख्या गऱ्यौं ।

हाम्रो प्रभु येशू खीष्ट एउटै उही पुत्र हुनुहुन्छ, उही त्रिएक परमेश्वरका सिद्ध एक व्यक्तित्व र सिद्ध मानिस, पूर्ण परमेश्वर र पूर्ण मानिस ...... त्रिएक परमेश्वरको रूपमा सारा युग भन्दा अगाडी नै पितासित रहेका र .... मानवको रूपमा कन्याँ मरियमबाट जन्मेका, उही एउटै खीष्ट, पुत्र, प्रभु, दुई स्वभावमा प्रकट भएका .... विभिन्न स्वभावहरू भएर पनि ति कुनै पनि नहटाइकन एउटै व्यक्तित्वमा समाहित भएर रहेका ।

अन्तिम भाग समेटियो किनकी केही मानिसहरूले भने कि ईश्वरीय स्वभावले येशूको मानविय स्वभावलाई जितेको कारण उहाँ वास्तविक मानव थिएनन् । अरुले भनेकी दुईवटा स्वभावको मिश्रणले अर्को तेस्रो स्वभाव निर्माण भयो त्यसैले येशू न त मानव नै थिए न त इश्वरीय नै । तर यस्तो होइन, बाईबलले भन्दछ कि उहाँ साँचो रूपमै मानव र साँचो रूपमै इश्वरीय व्यक्तित्व थिए, र यसैले मण्डलीले पनि यसै भन्नु पर्छ ।

## कसरी यो हुन सक्छ ?

हाम्रो उद्धार येशू खीष्ट मानव र इश्वरीय दुवै हुनु भएकोमा आधारीत छ । तर यो कसरी हुन सक्छ ? एक असिमित व्यक्ति कसरी सिमित हुन सक्छ ? परमेश्वरको पवित्र पुत्र कसरी पापी मानिस जस्तो हुन सक्छ ?

प्रश्नहरू आउँदछन् किनकी हामीले अहिले देख्न सक्ने मानवता डरलाग्दो खराबी छ । तर यो तरीकाले परमेश्वरले बनाउनु भएको थिएन । साँचो मानवता के हो सो येशूले हामीलाई देखाउनु हन्छ । एउटा कुरा चाहिँ उहाँले हामीलाई एउटा व्यक्ति देखाउनु हुन्छ जो पूर्णरूपले पितामा भर परेको छ । यो नै मानव जाति हुनु पर्ने तरीका हो । परमेश्वर के गर्न सक्षम हुनुहुन्छ भन्ने पनि येशूले हामीलाई देखाउनु हुन्छ । उहाँ उहाँको सृष्टिको भाग पनि बन्न सक्नुहुन्छ । उहाँले सृष्टि नगरिएको र सृष्टि गरिएको पवित्र र पापीको बिचको खाल्डोमा पुल बनाउन सक्नु हुन्छ । हामीले जे असम्भव हो भनी सोच्दछौं त्यो परमेश्वरको निम्ति सम्भव छ । नयाँ सृष्टिमा मानव जाति के हुनेछ भन्ने पनि येशूले हामीलाई देखाउनु हुन्छ । जब उहाँ फर्कनु हुन्छ र हाम्री उठाइन्छौं तब हामी उहाँ जस्तै हुनेछौं (१ यूहन्ना ३:२) । हामीसँग उहाँको

जस्तै महिमित शरीर हुनेछ (१ कोरिन्थी १५:४२- ४९) ।

येशू खीष्ट हाम्रो पथप्रदर्शक हुनुहुन्छ , उहाँले हामीलाई परमेश्वर कहाँ पुग्ने बाटो येशूद्वारा हो भनी देखाउदै हुनुहुन्छ । किनकी उहाँ मानव हुनुहुन्छ, उहाँले हाम्रो कमजोरीहरू माथि सहानुभूति देखाउनु हुन्छ र परमेश्वरको दाहिने वाहुलीमा बसेर हाम्रो निम्ति अन्तर्विन्ति गर्नु हुन्छ किनकी उहाँ ईश्वरीय व्यक्तित्व हुनुहुन्छ । हाम्रो उद्धारकर्ता येशूसित हामी विश्वस्त हुन सक्छौं कि हाम्रो उद्धार सुरक्षित छ·।

★★★

# इकाई २ ख

# आशा गर्ने कारण

पुरानो करार हतास आशाको एउटा कथा हो। मानव जाति परमेश्वरको स्वरूपमा बनाईएका थिए भन्ने प्रकटिकरणद्वारा यो शुरु हुन्छ। तर यो लामो समय रहेन हामी मानवहरूले पाप गऱ्यौं र हामी अदनको बगैंचाबाट निकालियौ। तर न्यायको वचनको सँगसँगै प्रतिज्ञाको वचन पनि आयो - परमेश्वरले शैतानलाई भन्नुभयो कि हव्वाको सन्तानले तेरो शिर कुच्च्याउनेछ (उत्पत्ती ३:१५)। त्यहाँ एक उद्धारक आउँदछन्।

हव्वाले सायद आशा गरेकी थिइन् कि उनको पहिलो सन्तान नै यसको समाधान होला। तर यो त कयिन थिए र उ त समस्या पो भए। पाप निरन्तर रह्यो र यो झन बढ्यो। नोआको समयमा आंशिक उद्धार आयो तर पाप निरन्तर रह्यो। कनानको पाप भयो र त्यसपछि वावेलको। मानवजाति निरन्तररूपमा समस्यामा रह्यो, केही राम्रो गर्ने आशा लिए तर यसलाई कहिल्यै हासिल गरिएन।

केही महत्त्वपूर्ण प्रतिज्ञाहरू अब्राहामलाई दिइयो। तर सबै प्रतिज्ञाहरू पाउनु अधि नै उनी मरे। उसको सन्तान थियो तर जमिन थिएन अनि उ अझैसम्म सबै जातिको निम्ति आशिष भएका थिएनन्। तर प्रतिज्ञा निरन्तर रहि रह्यो। यो फेरी इसाहकलाई दिइयो र त्यसपछि याकुवलाई।

याकुब र उसको परिवार मिश्रमा गए र ठूलो जाति भए तर तिनीहरू दास बनाईए। तर परमेश्वर उहाँको प्रतिज्ञामा अटल रहनु भयो। अचम्मका आश्चर्यकर्महरूसित परमेश्वरले तिनीहरूलाई मिश्रबाट निकालेर ल्याउनु भयो।

तर इस्राएली जाति प्रतिज्ञा प्राप्त गर्नबाट चुके। आश्चर्यकर्महरूले सहायता गरेन। व्यवस्थाले सहायता गरेन। तिनीहरूले पाप गर्दै रहे, असफलता मै रहे, शंका गर्दै रहे, ४० वर्षसम्म घुमि नै रहे। तर परमेश्वर आफ्नो प्रतिज्ञामा अटल रहनु भयो र उहाँले तिनीहरूलाई कनानको भूमिमा ल्याउनु भयो, अनि धेरै आश्चयकर्महरूसित उहाँले तिनीहरूलाई भूमी दिनुभयो।

तर त्यसले तिनीहरूको समस्या समाधान गरेन तिनीहरू अझै पनि उस्तै पापले भरिएका मानिसहरू भए र न्यायकर्ताहरूको पुस्तकले पापको डंगुरको केही सूची

दिँदछ । कसरी यस्तो तुच्छ जाति अन्यजातिका निम्ति सदा आशिष हुनसक्छ ? तिनीहरूलाई पाप गर्नु नै ठिक लाग्यो - वारम्बार मुर्तिपुजामा नै लागि रहे । परमेश्वरले अन्त्यमा उत्तर पट्टिका वंशहरूलाई आसुरीहरूको कैदमा लगिन दिनु भयो । तपाईले सोच्नु होला त्यसले यहुदीहरूलाई पश्चात्तापी बनायो तर यस्तो भएन । मानिसहरू फेरी पनि असफल भए र परमेश्वरले तिनीहरूलाई कैदमा लगिन दिनु भयो पनि । अव प्रतिज्ञा कहाँ गयो त ? अव्राहामले जहाँबाट शुरु गर्नु भएको थियो मानिसहरू ठिक त्यहीँ आइपुगे । खै त, प्रतिज्ञा कहाँ थियो ? प्रतिज्ञा कहिल्यै झुटो नबोल्ने परमेश्वरसित थियो । मानिसहरू जति सबै असफल भएपनि उहाँले आफ्नो प्रतिज्ञा पुरा गर्नुहुन्छ ।

परमेश्वरले यहुदीहरूलाई बेविलोनमा ७० वर्षसम्म रहन दिनु भयो अनी त्यसपछि तिनीहरू धेरै प्रतिशत येरुशलेममा फर्काउनु भयो र यहुदी जाति आफ्नै अगाडीकाको प्रतिबिम्ब वन्यौं तिनीहरूले स्वतन्त्रताको स्वाद पाए त्यसपछि रोमीहरूद्वारा शासन गरिएको स्वाद चाखे । प्रतिज्ञाको देशमा पनि तिनीहरू मिश्र र वेविलोनमा भएका भन्दा कति पनि असल भएनन् । अनि तिनीहरू गनगनाए : खै त, परमेश्वरले अव्राहामलाई दिनु भएको प्रतिज्ञा कहाँ छ ? कसरी हामी अन्य जातिहरूका निम्ति ज्योती हुनेछौं ? दाउदलाई गरिएको प्रतिज्ञा कसरी पुरा हुनेछ यदि हामीले आफैलाई पनि शासन गर्न सक्तैनौ भने ?

मानिसहरूका आशा निराशले भरिएका थिए । केहिले आशा नै मारे । कोही भूमिगत निशेधित क्रान्तिमा सामेल भए । अन्य चाहि धेरै नै धार्मिक हुने, पमरेश्वरको आशिषको धेरै नै योग्य हुने कोशिस गरे । प्रत्येक नै परमश्वेरको निम्ति केही गर्न इच्छा गर्थे ।

## आशाको झलक

परमेश्वरले अति सानो सम्भावित बाटोमा शुरु गर्नु भयो एक कन्यामा एक भ्रुणको रूपमा । हेर, म तिमीहरूलाई एउटा चिन्ह दिनेछु, उहाँले यशैयाद्वारा भन्नुभयो । कन्याँले गर्भधान गर्नेछ र एउटा छोरा जन्माउनेछ र उसको नाउ इम्मानुएल राखिनेछ जसको अर्थ “परमेश्वर हामीसित” हुन्छ । तर उसलाई पहिलो पटक येशूआ भनियो जसको अर्थ हुन्छ, परमेश्वरले हामीलाई बचाउनु हुनेछ । संसर्ग बिना गर्भधान गरिएको सन्तानद्वारा परमेश्वरले उहाँको प्रतिज्ञा पुरा गर्न शुरु गर्नुभयो । त्यसमा केही

सामाजिक रीतिस्थीतीलाई पनि जोडियो - ३० वर्ष पछाडी पनि यहुदी गुरुहरूले येशूको जन्म र कुल बारेमा उपहास गर्दछन् (यूहन्ना ८:४१)। स्वर्गदूत र अलौकिक गर्भधान बारे मरियमको कथामा कसले विश्वास गर्ला र ?

परमेश्वरले उहाँका मानिसहरूको आशालाई तिनीहरूले जान्दै नजानेको बाटोबाट पुरा गर्न शुरु गर्नु भयो । कसैलें पनि अनुमान सम्म गरेका थिएनन् कि त्यो अवैध ठानिएको बालक नै जातिले गरेको आशाको उत्तर हुन्छ भनेर । बालकले केही गर्न सक्तैन, कसैलाई सिकाउनु सक्तैन, कसैलाई सहायता गर्न सक्तैन र कसैलाई बचाउन सक्तैन । तर बालकसँग सम्भाव्यता हुन्छ ।

स्वर्गदूतहरूले गोठालाहरूलाई भनेका थिए कि मुक्तिदाता बेथलेहेममा जन्मिएका छन् (लूका २:११) । उहाँ मुक्तिदाता हुनुहुन्थ्यो तर त्यतिखेर उहाँले कसैलाई बचाउनु भएन । उहाँले आफैलाई बचाउनु आवश्यक थियो । यहुदीहरूका राजा हेरोदबाट बालकलाई बचाउन परिवार नै भाग्नुपर्थ्यो ।

तर परमेश्वर त्यही असहाय बालक लाई मुक्तिदाता भन्नुभयो । त्यो बालकले के गर्दछ भनी उहाँलाई थाहा थियो । त्यही बालकमा इस्राएलको सारा आशाहरू थिए । यहि नै अन्य जातिहरूको निम्ति ज्योति थिए, यहि नै सारा जातिहरूको निम्ति आशिष थिए, यहि नै दाउदका पुत्र संसारलाई शासन गर्ने थिए, हव्वाको सन्तान, सम्पूर्ण मानव जातिको शत्रुलाई कुच्याउने यही नै थिए । तर उहाँ केवल बालकै थिए, तवेलामा जन्मेका, उहाँको जीवन खतरामा रहेको तर उहाँको जन्ममा सबै कुरा परिवर्तन भयो । येशू जन्मेको समयमा, अन्यजातिहरू सिकाइनको निम्ति यरुशलेम भित्र आउँदैनथे । त्यहाँ कुनै पनि राजनितिक चिन्ह वा आर्थिक क्षमता थिएन - केवल एउटै चिन्ह कन्याले गर्भधान गरेर जन्म दिएको मात्र थियो - जुन चिन्ह यहुदाको एक जनाले पनि विश्वास गर्दैनथे ।

तर परमेश्वर हामीकहाँ आउनु भयो किनकी उहाँ आफ्नो प्रतिज्ञाहरूमा विश्वासिलो हुनुहुन्छ र उहाँ नै हाम्रो सारा आशाको आधार हुनुहुन्छ । ईस्राएलको इतिहासले हामीलाई बारम्बार देखाउँदछ कि हाम्रो तरीकाले काम गर्दैन । हामीले मानविय प्रयासहरूद्वारा परमेश्वरको कुरा हासिल गर्न सक्तैनौ परमेश्वरले हामीले सोचेको तरीका अनुसार काम गर्नु हुन्न तर उहाँको तरीकाले काम गर्नु हुनेछ । हाम्रो बाटो र तरिका सधै अस्तव्यस्त हुन्छन् । हामी यस संसारको कानूनहरू, जग्गा

जमिन, राजा र राज्यहरूको सम्बन्धमा सोच्दछौं । परमेश्वरले सुक्ष्म शुरुवातको सम्बन्धमा, शारीरिक सामर्थ्यको सट्टामा आत्मिकको, शक्तिमा भन्दा कमजोरीमा विजयको बारेमा सोच्न हुन्छ ।

जब परमेश्वरले हामीलाई येशू दिनु भयो त्यति बेला नै उहाँले उहाँको प्रतिज्ञाहरू पुरा गर्नु भयो । उहाँले भन्नु भएका सबै कुरा ल्याउनु भयो तर हामीले तत्काल पुरा भएको देखेनौं - हामी सबैले देखेको त एक बालक मात्र थिए । धेरै मानिसहरूले यो विश्वास गरेनन् र ज-जसले विश्वास गरे उनीहरूको मात्र आशा हुनसक्यो ।

## पुरा भएको

अब हामीले जानेका छौं कि हाम्रो पापको ज्यालाको रूपमा आफ्नो जीवन दिन येशू खीष्ट बढ्नु भयो, हामीमा क्षमा ल्याउन, अन्यजातिहरूको निम्ति ज्योति हुन, दुष्टलाई जित्न र आफ्नो मृत्यु र पुनरुत्थानमा मृत्युलाई पराजित गर्न उहाँ बढ्नु भयो । यसरी येशू खीष्ट नै परमेश्वरको प्रतिज्ञाहरूको पूर्णता हुनुहुन्छ भनी हामीले देख्न सक्छौं ।

२००० वर्ष अगाडी यहुदीहरूले देखेको भन्दा बढी हामी देख्न सक्छौं तर हामीले अझै पनि सबै कुरा देख्दैनौ । अझै पनि सबै प्रतिज्ञा पुरा भएको हामी देख्दैनौ । जाति जातिहरूलाई धोखा दिन नसक्ने गरी शैतानलाई बाँधिएको अझसम्म हामीले देख्दैनौ ।

हामीले अझसम्म सारा जातिले परमेश्वरलाई जानेको देख्दनौ । हामीले अझै पनि रुवाई र आसु, मृत्यु र मरणको अन्त्य देख्दैनौ । हामी अझ पनि अन्तिम जवाफको निम्ति इच्छा गर्दछौं - तर येशूमा हामीसँग आशा र निश्चय छ । हामीसँग प्रतिज्ञा छ, जुन् प्रतिज्ञा परमेश्वरले ग्यारेन्टी दिनु भएको, उहाँको पुत्रद्वारा लागु गरिएको, पवित्र आत्माद्वारा छाप लगाईएको छ । हामी विश्वास गर्दछौं कि बाँकी सबै कुरा साँच्चै हुन आउने छ, खीष्टले जे काम शुरु गर्नुभयो त्यो पुरा गर्नु हुनेछ । हाम्रो आशाले फल फलाउन शुरु गर्दैछ, अनि हामी विश्वस्त हुन सक्छौं कि सबै प्रतिज्ञाहरू पुरा गरिने छ - हामीले इच्छा गरेको जस्तो हुन आवश्यक छैन तर परमेश्वरले योजना बनाउनु भएको जस्तो गरी ।

उहाँले यो प्रतिज्ञा गर्नुभए अनुसार उहाँको पुत्र, येशू खीष्टद्वारा गर्नु हुनेछ । हामीले यो अहिले देख्दैनौं तर परमेश्वरले अगाडी नै गरिसक्नु भएको छ, अनि

परमेश्वरले अहिले पनि उहाँको इच्छा पुरा गर्ने कामका पछाडी रहेर काम गर्दै हुनुहुन्छ । बालक येशूमा, हामीसँग आशा र उद्धारको प्रतिज्ञा भएकोले पुनरुत्थान भएका येशूमा पनि अहिले हामीसँग आशा र सामाप्ति छ । त्यो नै परमेश्वरका राज्यको वृद्धिको सत्यता हो, यो नै मण्डलीको कामको सत्यता हो अनि यो नै हाम्रो प्रत्येकको जीवनको सत्यता हो ।

## हाम्रो लागि आशा

जब मानिसहरू खीष्टमा विश्वास गर्न आउँछन् तब उहाँको काम तिनीहरूमा वृद्धि हुन थाल्दछ । येशूले भन्नुभयो कि हामी प्रत्येक फेरी नयाँ गरी जन्मनै पर्छ, अनि जब हामी उहाँमा विश्वास गर्न आउँदछौं तब पवित्र आत्मा हामीमा आउनु हुन्छ र हामीमा नयाँ जीवन जन्माउनु हुन्छ । येशूले प्रतिज्ञा गर्नु भए जस्तै उहाँ हामी भित्र बस्न आउनु हुन्छ ।

कसैले एकचोटी भन्यो, "येशू १००० पटक जन्मन सक्नुहुन्छ र यसले ममा केही राम्रो गर्दैन उहाँ नै ममा नजन्मेसम्म ।" येशूले संसारलाई दिनु हुने आशाले हामीलाई केही पनि राम्रो गर्दैन जबसम्म हामीले उहाँलाई आशाको रूपमा स्वीकार गर्दैनौ । हामीले येशूलाई हामीमा जीउन दिनु आवश्यक छ ।

तैपनि परमेश्वरले बनाउनु भएको सबै प्रतिज्ञाहरू हामीसँग पुरा भएका छैनन् अझै पनि उहाँले प्रस्ताव गर्नु भएको सारा जीवन र समृद्धि हामीसँग छैन । हामीसँग भएको चाहिँ आशा हो, अनि तिरिएको दाम र असल कुराहरू हुन आउँछ भन्ने प्रतिज्ञा हो । हामीसँग जे छ केवल महिमासँग तुलना गरिएको एक बालक मात्र छन् तर महिमा चाहिँ परमेश्वरले हामीलाई पछि दिनु हुन्छ ।

हामीले आफैलाई हेरेर सोच्नु पर्छ, कि म यहाँ धेरै देख्दिन । म २० वर्ष अगाडीको भन्दा कति पनि बढी भएको छुईन । म अझै पनि पाप, शंका र दोषसित संघर्षरत छु । म अझै पनि स्वार्थी र हठी छु । परमेश्वरको मानिस भएर पनि म प्राचीन इस्राएल भन्दा बढी भएको छुइन । परमेश्वरले साच्चै नै मेरो जीवनमा केही गर्दै हुनुहुन्छ कि भनेर म द्विविधामा छु । मैले केही प्रगती गरुँला जस्तो लाग्दैन ।

उत्तर चाहिँ येशूलाई सम्झनु नै हो । हाम्रो आत्मिक शुरुवात तत्काल त्यति राम्रो देखिँदैन । तर यस्तै हुन्छ किनकी परमेश्वरले यस्तै हुन्छ भन्नु हुन्छ । हामीसँग हामी भित्र भएको चाहिँ केवल थोरै अंश मात्र हो । यो शुरुवात मात्र हो, अनि यो

परमेश्वर आफैबाटको एउटा ग्यारेन्टी मात्र हो । हामीमा हुनुहुने पवित्र आत्मामा हुन आउने महिमाको थोरै अंश मात्र हो ।

लूकाले हामीलाई बताउँदछन् कि येशू जन्मनु भएको बेला स्वर्गदूतहरूले गाए । यो विजयको क्षण थियो यहुदी मानिसहरूले यस तरीकाले देख्न सकेनन् । स्वर्गदूतहरूलाई थाहा भयो कि त्यो विजय निश्चय थियो किन कि परमेश्वरले यस्तो हुन्छ भनी तिनीहरूलाई भन्नु भएको थियो ।

येशूले हामीलाई भन्नु हुन्छ कि जुनबेला एक पापीले पश्चात्ताप गर्दछ त्यतिबेला स्वर्गदूतहरू रमाउँदछन् । खीष्टमा विश्वास गर्न आउने प्रत्येकको निम्ति तिनीहरूले गाउँदछन किनकी एक बालकको जन्म भएको छ । त्यो बालकले त्यति धेरै राम्रो गर्न सक्तैन । यो सित धेरै संघर्षहरू हुन्छन तर यो परमेश्वरकै सन्तान हो र परमेश्वरले नै त्ससलाई हेर्नुहुन्छ जसमा उहाँको काम भएको होस् । उहाँले नै हाम्रो हेरचाह गर्नु हुन्छ । हाम्रो आत्मिक जीवन परिपक्व नभए पनि परमेश्वरले हामीमा काम गर्दै रहनु हुनेछ जबसम्म उहाँको काम पुरा हुदैन । बालक येशूमा साह्रै ठूलो आशा भए जस्तै गरी बालक खीष्टियनमा पनि ठूलो आशा हुन्छ । तपाई कहिलेदेखि खीष्टियन हुनुभयो यसले केही मतलब राख्दैन तर तपाईको लागि ठूलो आशा गरिन्छ किनकी परमेश्वरले तपाईमा लगानी गर्नुभएको छ, अनि उहाँले उहाँले नै शुरु गर्नु भएको कामलाई त्यागनु हुनेछैन ।

★★★

# इकाई २ ग

# हाम्रो प्रत्येक दिनको परीक्षाहरूमा देहको सम्बन्ध

येशू ख्रीष्ट नै एक उल्लेखनिय व्यक्ति, देहमा आउनु भएका परमेश्वर हुनुहुन्छ। यो साह्रै नै महत्त्वपूर्ण थियो कि उहाँ शरीरमा (देहमा) आउनु भयो त्यसैकारण उहाँ हाम्रो निम्ति मर्न सक्नु भयो। हामी यो सम्बन्धमा अर्को इकाईमा बढी चर्चा गर्नेछौं। यहाँ चाहिँ हामी हाम्रो दिन- दिनै को जीवनमा यसले कस्तो अद्‌भूत महत्त्व राख्छ भन्ने बारेमा टिप्पणी गर्दछौं।

जन्मदेखि मृत्युसम्म नै येशूको कठिन जीवन थियो। उहाँसित खुशीका क्षणहरू थिए र दर्दका क्षणहरू थिए अनि हामी उहाँभन्दा असल होइनौ त्यसैले हामीले समस्या बिनाको जीवनको ईच्छा गर्न सक्तैनौ। येशूले भन्नु भयो, यस संसारमा हामीसित समस्या र परीक्षाहरू हुनेछन्। उहाँलाई पछ्याउँदा चुकाउनु पर्ने मुल्यको बारेमा उहाँले उहाँका चेलाहरूलाई सचेत गराउनु भयो: यदि तिनीहरूको येशू ख्रीष्टमा विश्वासका निम्ति आवश्यक परेमा कष्ट भोग्न र मर्न इच्छा गर्नुपर्छ (लूका ९:२३)।

हामीले येशू ख्रीष्टमा विश्वास गरे पनि नगरे पनि हामीसित समस्याहरू हुने नै छन्। तर जब हामी उहाँलाई विश्वास गर्दछौं तब हामी विश्वस्त हुन सक्छौं कि उहाँले हाम्रो समस्याहरू बुझ्नु हुन्छ। हामी के बाट गुज्रिरहेका छौं भनी उहाँले जान्नु हुन्छ। त्यसले हाम्रो समस्याहरू भगाउँदैन तर यसले हामीलाई शरीरमा (देहमा) आउनु भएका परमेश्वर पनि समस्याबाट गुज्रिनु भयो भनी बुझ्न सहायता गर्दछ। येशूले आफूले भोगेका कुराहरूबाट सिक्नु भयो। (हिब्रू ५:८) त्यसैकारणले "उहाँले परीक्षामा परेकाहरूलाई सहायता गर्न सक्नु हुन्छ" (हिब्रू २:१८)।

जब हामी मानविय कमजोरी सित संघर्ष गर्दछौं तब हाम्रो मुक्तिदाताले पनि यससित संघर्ष गर्नुभयो भन्ने जान्न यसले हामीलाई सहायता गर्दछ। हामीसित भएको मुक्तिदाताले यो कस्तो हुन्छ भनी जान्नु हुन्छ। येशूमा हामी देख्न सक्छौं कि परमेश्वर आफै कष्ट भोग्न इच्छा गर्नुहुन्छ। त्यसको मतलब चाहिँ यदि हामीले हाम्रा परीक्षा र सतावटहरू बुझ्न नसके पनि, हामीले जान्दछौं कि यो सबैको पछि एक असल कारण छ। पावलले हामीलाई भन्दछन् कि हामीले केवल येशूको पुनरुत्थानको

जीवन मात्र प्रचार गर्ने होइन तर उहाँले जीवनमा सहनु भएको कष्टको बारेमा पनि प्रचार गर्नुपर्छ (फिलिपी ३:१०-११)। यस जीवनमा हामीसित कठिनाईहरू छन् तर धेरै आनन्दहरू पनि। यो दुई कुरा साथसाथ मै जाँदछन्।

## कष्टहरू र आनन्द

पत्रुसले लेखे, "तिमीहरू यसैमा रमाउछौं यद्यपी थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नु पर्दछ" (१पत्रुस १:६)। धेरै अखीष्टियनहरू अनि केही खीष्टियनहरू पनि यो कष्टहरू र आनन्दको समागमले सधै छक्क पर्दछन्। हामी कष्टमा भएको बेला पनि कसरी आनन्दित हुन सम्भव हुन्छ ? निश्चय नै, हामी कष्टमा भएको बेला आनन्दित हुँदैनौ। तर हाम्रो कष्टहरूको वावजुद पनि आनन्दित हुन्छौं। कसरी त्यो सम्भव छ ?

ख्याल गरौ त पत्रुसले के लेखेका छन्: "तिमीहरू यसैमा रमाउँदछौं।" हामीलाई साहै आनन्द दिने "यो" भन्ने कुरा चाहिँ के हो त ? प्रसङ्गमा, हामी देख्दछौं कि यो उद्धार हो, यही सत्यतामा हामी विश्वस्त हुन सक्छौं कि परमेश्वरले हामीलाई अनन्तको उत्तराधिकार दिनु हुनेछ। हामीसित हाम्रो निम्ति एउटा अचम्मको भविष्यको ग्यारेन्टी छ। यो मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा हामीलाई प्रकट गरिएको छ, र हामीले त्यो महिमा नपाउञ्जेलसम्म हामीलाई परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौं (पद ३-५)। येशू खीष्टलाई बौरी उठाउँने त्यही शक्तिले हामी पनि अनन्तताको महिमामा उठाईने छौं !

पद ८ मा पत्रुसले फेरी पनि आनन्दको बारेमा बोल्दछन्। उनले मानि लिन्छन कि हामीले अहिले सम्म हाम्रो उद्धारकर्तालाई देख्दैनौ। अहिले नै हामीसित प्रतिज्ञा गरिएको हाम्रो उत्तराधिकार छैन। वास्तवमा, हामी हरेक प्रकारका कष्टहरूको दु:ख सहदै छौं। तर अझ पनि हामी आनन्दित हुनसक्छौं। किन ? किनकि तिमीहरुका विश्वासको प्रतिफल आफ्ना आत्माका मुक्ति, तिमीहरूले पाउँछौं (पद ९) हामी हामीले विश्वासद्वारा अघि नै पाएको मुक्तिमा आनन्दित हुन्छौं।

विश्वास हाम्रो मन, हृदय र इच्छामा समाविष्ट हुन्छ। यसको मतलव त्यो हो कि हामी परमेश्वरको बारेमा खास कुरा बुझ्दछौं र स्वीकार गर्दछौं। यसको मतलब हामी केही कुराहरूलाई भावनात्मक रूपले प्रतिक्रिया दिन्छौं जस्तै प्रेमद्वारा किनकी उहाँले हामीलाई प्रेम गर्नु हुन्छ भनी बुझ्दछौं, आनन्दसित किनभने उहाँले हामीलाई

अति नै आनन्द दिदै हुनुहुन्छ भनी बुझ्दछौं अनि भरोसाद्वारा किनकी हाम्रो अनन्तको उद्धारको बारेमा उहाँको प्रतिज्ञाहरू बुझ्दछौं र विश्वास गर्दछौं । अनि जब हाम्रो समझ र भावनाहरू करारनामामा छन् भने त हाम्रो इच्छाहरू पनि सम्झौता पत्र मै छन् । प्रत्येक दिनभरी हामीले गर्ने निर्णयहरूले परमेश्वरलाई खुशी तुल्याउँदछन् किनकी उहाँले हामीलाई उहाँको इच्छा अनुसारको काम गर्ने उद्देश्यले ल्याउनु भएको छ ।

तर हामीसँग अझ पनि प्रतिज्ञा गरिएको उत्तराधिकार छैन । कुनै पनि रुवाई र मृत्य नहुने बेलाका समयमा हामी अझ पनि पुगेको छैनौ । हामी सबैले रुवाई र मृत्यु दुवै अनुभव गर्दछौं । हाम्रो दर्द र पिडाहरू हाम्रो शत्रु-पापको कारणले हुन् ।

हामी हाम्रो आफ्नै गल्ती र पापको कारणले कष्टमा छौं । हामी त्यसकारणले पनि कष्टमा छौं किनकी हाम्रा वरपरका मानिसहरू पापको बन्धनमा छन र पापले पापीहरूलाई मात्र सताउँदैन तर अवोधहरूलाई पनि । हामी प्राय अरुको पापको कारण सताईका अवोध दर्शकहरू हौं । अनि शैतान परमेश्वरको शत्रु र धोकेबाजले प्रत्येक मानिसको पापी स्वभावलाई खुवाउन र उत्साह दिने कडा काम गर्दछ, त्यसद्वारा सबैमा अझ धेरै दर्द र पतन ल्याउँछ, परमेश्वरका जनहरूमाथि सतावट समेत ल्याउँदछ ।

परमेश्वरले हाम्रो कष्टहरूमा हामीलाई सहायता गर्ने प्रतिज्ञाहरू मात्र गर्नु भएको छैन, उहाँले त हाम्रो कष्टहरूको पनि प्रतिज्ञा गर्नु भएको छ ! खीष्ट हामीलाई समस्याबाट मुक्त भएको जीवन दिन आउनु भएन तर उहाँले हामीलाई सचेत गराउनु भयो कि उहाँको कारण हाम्रो विरोधीहरू हाम्रै परिवारका हुनेछन् (मत्ती १०:३४-३६), हामीसँग कष्ट र शंकष्ट हुनेछ (यूहन्ना १६:३३) र हामी सताइने छौं (यूहन्ना १५:२०) । हामी धेरै कष्टहरू सहेर राज्यमा पस्दछौं (प्रेरित १४:२२), र प्रत्येक खीष्टियन सतावटमा पर्नेछन् (२ तिमोथी ३:१२) । हामी माथि कष्टहरू आइपर्दा केही अनौठो कुरा भए जस्तो हामीहरू छक्क पर्नु हुँदैन (१ पत्रुस ४:१२) ।

येशूले भन्नुभयो, यदि तिमीहरूले मलाई पछ्याउन चाहान्छौ भने आफ्नो क्रूस बोक । यदि तिमीहरूले मलाई पछ्याउने इच्छा गर्छौ भने मृत्यु सम्मकै कष्ट भोग्न पनि इच्छा गर । खीष्टियन जीवनमा कष्ट आउँदछ, कष्ट आए पनि हामीले अनौठो मान्नु हुँदैन । येशूले भन्नु भयो, नोकर मालिक भन्दा ठूलो हुँदैन । यदि येशू, हाम्रो प्रभु र गुरु हामीलाई सहायता गर्नको लागि कष्ट सहन र मर्न मानव हुनुभयो भने

यदि कष्टबाट नै उहाँले सिक्नु भयो भने (हिब्रू २:१०, ५:८) यो हाम्रो पनि जिम्मेवारी हो, अनौठौ मान्नु पर्दैन ।

## तुलना गर्न अयोग्य

हामीले कहिले काही अनुभव गर्ने कष्टका वावजुद पनि हामी मुक्तिमा रमाउँदछौं । हाम्रो कष्टहरूका बावजुद पनि हामी कसरी आनन्दित हुन सक्छौं ? पावलले व्याख्या गर्दछन् : "हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्" (रोमी ८:१८) ।

पावलले व्याख्या गर्दछन् कि हामीले महान उत्तराधिकार पाउने छौं - वास्तवमा हामी "खीष्टसितका सह-उत्तराधिकारीहरू हौं" (पद १७) । हामी उहाँको महिमाको उत्तराधिकारमा सहभागी हुनेछौं । आज, हामी उहाँको कष्टको सहभागी हुन्छौं तर दिन आउनेछ त्यसबेला हामी उहाँको  महिमामा पूर्ण सहभागी हुनेछौं । अहिलेको कष्ट हाम्रो निम्ति परमेश्वरको योजनाको अंशमात्र हो । यो त हामीलाई खीष्टको महिमामा पूर्णरूपले प्रवेश गर्नको निम्ति तयार गर्ने एक अंश मात्र हो । "उहाँसँग दु:ख भोग्छौं भनेता हामी उहाँसँग महिमित पनि हुनेछौं" (पद १७) ।

हाम्रो प्रभु कष्टसित परिचित थिए तैपनि उहाँ आनन्दले भरिएका पनि थिए (यशैया ५३:३,१०:२१ लूका १०:२१) ।

जब उहाँले कष्ट भोग्नु भयो तब उहाँले भरोसा र ग्यारेन्टीका साथ यो गर्नु भयो कि उद्धार र महिमाले उचित समयमा अनुकरण गरोस (हिब्रू २:१२) ।

येशूले उहाँका चेलाहरूलाई आफ्नो मुक्तिमा रमाओ भनेर भन्नु भयो । साच्चै नै पछिको महिमा साह्रै नै महान हुन्छ जसमा हाम्रा अहिलेको कष्टहरूको सट्टामा हामी येशू र सम्पूर्ण सन्तहरूसित रमाउन सक्छौं । उद्धारको आनन्द र महिमाको आशा हाम्रो अहिलेको दर्दहरूभन्दा अति नै महान हुन्छ कि कुनै तुलना नै गर्न सकिंदैन ।

विश्वासको आँखा र कानहरूले उहाँको महान  र उत्तम प्रतिज्ञाहरूमा विश्वास गर्न र यसैमा उभिन परमेश्वरलाई हामीलाई सहायता गरुँ ! हाम्रो अँध्यारा क्षणहरूमा पनि  परमेश्वर हामी उहाँका प्रेमिलो सन्तानहरूसित नै हुनुहुन्छ । उहाँले हामीलाई कहिल्यै त्याग्नु हुन्न र छोड्नु हुन्न । उहाँले हामीलाई अन्तसम्मै हेर्नुहुन्छ प्रत्येक कष्टहरूमा, प्रत्येक दर्द र पापमा पनि । उहाँ सधैं हाम्रो छेउमै

हुनुहुन्छ र हामीलाई प्रेम गर्न उहाँले कहिल्यै रोक्नु हुन्न, हामीले यो जान्नको निम्ति अति कमजोर भएको बेलामा पनि । परमेश्वरलाई महिमा होस् उहाँको अनन्तको प्रेमको लागि !

## सु-समाचारमा आनन्द

हामीलाई ठूलो इनामहरूको प्रतिज्ञा गरिएको छ र त्यो त हाम्रो निम्ति आनन्दको ठूलो कारण हुन्छ - चाहे अहिले हामी जुनसुकै अवस्थामा हौं । पावल लेख्दछन्, "हाम्रा सबै कष्टहरूमा म अति आनन्दित छु" (२ कोरिन्थी ७:४) ।

अनि हाम्रो आनन्द पनि अरुहरूको उद्धारद्वारा अझ बढी बढ्दछ । पावलले यसरी भन्दछन : "हाम्रा प्रभु येशू जब आउनु हुन्छ त्यसबेला उहाँको सामुन्ने हाम्रो आशा वा हाम्रो आनन्द वा गर्वको मुकुट तिमीहरू नै होइनौ र ? निश्चय हाम्रो गौरव र आनन्द तिमीहरू नै हौ" (१ थेसलोनिकी २:१९:२०) । एकजना पापीले पश्चात्ताप गरेको बेला जसरी स्वर्गमा आनन्द हुन्छ त्यसरी नै संसारमा पनि परमेश्वरको अनन्तको दृष्टिकोणबाट जीवन देख्ने सबैमा आनन्द छाउँदछ ।

येशू ख्रीष्टको सु-समाचार फैलिएकोमा परमेश्वरको मानिसहरूले ठूलो आनन्द पाउनु कुनै अनौठौ कुरा होइन । पावलले फिलिपीको मण्डलीलाई लेखे :"जे होस मूल कुरो यही हो - हर किसिमले, चाहे बहानामा, चाहे सत्यतामा ख्रीष्टको प्रचार गरियोस् र यसैमा म रमाउँछु (फिलिपी १:१८) । पावलले सु-समाचारद्वारा विश्वासमा आएका मानिसहरूलाई जानेर आनन्दि भए र तिनीहरू हाम्रो प्रभु, मुक्तिदाता आउनु हुँदा सन्तहरूसित उपस्थित हुनेछन् ।

प्रेरित यूहन्नाले पनि त्यस्तै आनन्द बारेमा बताउँदछन् : "कति जना भाईहरू आएर तिम्रो जीवनका सत्यताको गवाही दिँदा म साह्रै आनन्दित भएँ । तिमी साँच्चै नै सत्यताको अनुसरण गर्दछौं । मेरा छोरा छोरीहरू सत्यको अनुसरण गर्छन भन्ने कुरा सुन्न पाउनु भन्दा अरु बढी आनन्दको कुरा मेरो लागि के हुन सक्छ र" (३ यूहन्ना ३-४) ।

परमेश्वरको सन्तानको रूपमा, हामी यो आनन्द सम्पूर्ण सन्तहरूसित, स्वर्गका स्वर्गदूतहरूसित र परमेश्वरसित बाँड्दछौं - सु-समाचार प्रचारमा आनन्द, ख्रीष्टमा विश्वास गर्न र आउने मानिसहरूको बारेमा सुन्दाको आनन्द र विश्वासमा निरन्तर हिड्ने मानिसमा आनन्द । परमेश्वरको स्वरूपमा बनाइएका

मानिसहरूको उद्धार र छुटकारामा रहेको यस्तो शुद्ध आनन्द, हामीमा काम गर्ने पवित्र आत्माको यस्तो फलले हाम्रो चाहाना, उद्देश्य र लक्ष्यहरूलाई आकार दिँदछ ।

हाम्रो समयको प्रयोग हाम्रो सोचाइको आचरण, हाम्रो भावनाहरूको सामर्थ्य हाम्रो बोलीहरूको गुण र एक आपसका क्रियाकलापहरू परमेश्वरको शक्ति, दया र प्रेममा रहेको यो शुद्ध जीवनको आनम्दद्वारा सकारात्मक प्रभाव पारिएका छन् । हाम्रो व्यक्तिगत आराधनाको समय, मण्डलीसँगको हाम्रो समूहगत आराधना, हाम्रो स्वयसेवी काम, मण्डली र आवश्यकतामा रहेका दुवैलाई दिएको समय, सानो समूहमा प्रार्थनाको निम्ति हाम्रो सहभागिता, वचनको अध्ययन र आराधना - यी सबै हामीमा परमेश्वरको आनन्दबाट, हाम्रो जीवन र अरुहरूको जीवनमा उहाँको कृपालु कार्यद्वारा उत्साहित आनन्दबाट प्रस्फुटित हुन्छन् ।

मण्डलीको कामको लागि हाम्रो आर्थिक सहायता नै परमेश्वरको महत्त्वका कुराहरूमा हाम्रो आनन्दको एक प्रतिबिम्ब हो । मण्डलीलाई हामीले दिएको कुराबाट यो प्रष्ट हुन्छ कि संसारको कुराहरूको तुलनामा हामी परमेश्वरको राज्यको कुरा र सम्पतिहरूमा महत्त्व दिन्छौं ।

मण्डली मार्फत हामी खीष्टको शरीरको रूपमा सु-समाचार लिएर जान सक्छौं र हामीमा रहेको परमेश्वरको परिवर्तनकारी कामको निम्ति आफैलाई दिएर हामी सु-समाचारलाई बढावा दिन्छौं । परमेश्वर इच्छा गर्नु हुन्छ कि हामी प्रत्येकले व्यक्तिगत रूपमा उहाँको सेवा गरौं र हामीले उहाँको सेवा गरेको र एउटै शरीर खीष्टको शरीरको रूपमा एक अर्कालाई पनि सेवा गरेको चाहानु हुन्छ । पावलले लेखेका छन, "तिमीहरू सबै एक अर्काका अंगहरू हौ ।" एक अर्का बिना परमेश्वरसित मात्र सम्बन्ध राख्नु भनेर हामीलाई भनिएको छैन । हामीलाई परमेश्वरको जनहरूको सङ्गतिमा अर्थात परमेश्वरको परिवारमा रहनु भनिएको छ । खीष्टमा हामीसँग परमेश्वरसित र खीष्टद्वारा एक अर्कासँगको सहभागिता छ । येशूको आज्ञा यो छ कि हामीले एक अर्कालाई प्रेम गरौं र यी नै उहाँको शरीर, मण्डली हुँदछ जसले संसारमा सु-समाचार घोषणा गरोस् र उहाँको कुराहरू सिकाओस् ।

त्यसैले हामी मण्डलीलाई दिन्छौं - किनकी हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँको काम गर्न मन पराउछौं जुन काम सु-समाचारको काम हो । सम्पूर्ण शरीरलाई स्वस्थ्यकर राख्न हाम्रो व्यक्तिगत कार्य पनि महत्त्वपूर्ण भएता पनि,

हामीले एक्लैले गर्न सक्ने भन्दा अझ बढी सफलता साथसाथै रहेर हासिल गर्न सक्छौं । सु-समाचार नै हामी सबैको निम्ति आनन्दको ठूलो स्रोत हो- सु-समाचार पाउनुमा आनन्द र अरुलाई दिनुमा आनन्द !

★★★

# इकाई ३ क

# येशू किन मर्नु भयो ?

येशूले हजारौलाई सिकाउँदै र निको बनाउँदै अचम्मको सेवकाई गर्नुभयो। उहाँले ठूलो भिडलाई आकर्षित गर्नुभयो र धेरै भन्दा धेरैको निम्ति सहायक सिद्ध हुनुभयो। उँहाँले अरु क्षेत्रमा बस्ने यहुदी र अरु जातिहरूसम्म पनि यात्रा गर्दै हजारौंलाई निको पार्नुभयो।

तर येशूले उहाँको कार्य चाँडै नै अन्त्य गर्नु भयो। उहाँले आफ्नो गिरफ्तारीलाई हटाउन सक्नुहुन्थ्यो तर उहाँले उहाँको सेवकाई बढाउनको सट्टा मृत्यु रोज्नु भयो। उहाँको शिक्षाहरू महत्त्वपूर्ण थिए यद्यपी उहाँ शिक्षा दिन मात्र आउनु भएको होइन तर मर्नको निम्ति पनि आउनुभयो र उहाँले उहाँको जीवनमा भन्दा पनि उहाँको मृत्युमा बढी कार्य गर्नुभयो।

मृत्यु नै येशूको पबभन्दा महत्त्वपूर्ण सेवकाई थियो। यो नै हामीले उहाँलाई सम्झना गर्ने वाटो हो, खीष्टियनको संकेतको रूपमा क्रूसद्वारा अर्थात प्रभु भोजको रोटी र दाखमद्यद्वारा उहाँलाई सम्झना गर्छौ। हाम्रो मुक्तिदाता एक उद्धारक हुनुहुन्छ जो मर्नुभयो।

## मर्नको निम्ति जन्म

पुरानो करारले हामीलाई बताउँदछ कि परमेश्वर कैयौ अवसरहरूमा मानवको रूपमा देखापर्नु भयो। यदि येशूले निको पार्न र शिक्षा दिन मात्र चाहानु भएको भए उहाँ सामान्य रूपले प्रकट हुन सक्नु हुन्थ्यो। तर उहाँले धेरै गर्नुभयो : उहाँ एक मानव बन्नु भयो। किन ? त्यसैकारणले उहाँ मर्न सक्नु भयो। येशूलाई बुझ्नको निम्ति हामीले उहाँको मृत्युलाई बुझ्नै पर्छ। उहाँको मृत्यु सु-समाचारको र अरु कुराहरूको महत्त्वपूर्ण भाग हो जो सबै खीष्टियनहरूले जान्नै पर्छ।

येशूले भन्नु भयो, "मानिसको पुत्र सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो " (मत्ती २०:२८)। उहाँ उहाँको जीवन दिन मर्न र उहाँको मृत्युले अरुको निम्ति उद्धार किन्न आउनु भयो। यो नै उहाँ संसारमा आउनुको आधारभूत कारण थियो। उहाँको रगत अरुको निम्ति वगाईयो (मत्ती २६:२८)

येशूले उहाँको चेलाहरूलाई सचेत गराउनु भयो कि उहाँले दूःख भोग्नु पर्छ र मर्नु पर्छ तर तिनीहरूलाई यो विश्वास लागेन । "उहाँ कसरी यरुशलेम जानुपर्छ र धर्म गुरु र मुख्य पुजारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नु पर्छ, मारिनु पर्छ तेस्रो दिनमा जीवित भई उठ्नु पर्छ भनी उहाँले आफ्ना चेलाहरूलाई बताउनु भयो पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, "परमेश्वरले यसो नगरुन् प्रभु, तपाईमाथि यस्तो कहिल्यै हुने छैन !" (मत्ती १६:२१-२२) ।

उहाँ मर्नै पर्छ भनेर येशूलाई थाहा थियो दिनभने पवित्रशास्त्रले यसो भनेको थियो : "मानिसको पुत्रले कष्ट भोगेर तिरस्कृत हुनैपर्छ भनी कसरी पवित्रशास्त्रमा लेखिएको छ त ? " (मर्कूस ९:१२,९:३१,१०:३३-३४) । "मोसा र सबै अगमवक्ताहरूबाट शुरु गरेर उहाँले पवित्रशास्त्रमा आफ्नो विषयमा लेखिएको कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनु भयो ..... "यसो लेखिएको छ कि ख्रीष्टले दूःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ" (लूका २४:२६-२७,४६) ।

यो सबै परमेश्वरको योजना अनुसार भएको थियो : "हेरोद र पिलातसले त केवल परमेश्वरको योजना अनुसार अधिबाटै ठहराइएको कुरा मात्र गरे" (प्रेरित ४:२८) । जैतुन डाँडामा येशूले केही अरु बाटो छ कि भनेर सोध्नु भयो तर अरु बाटो र तरीका थिएन (लूका २२:४२) । हाम्रो उद्धारको निम्ति उहाँको मृत्यु अपरिहार्य थियो ।

## सताईएको दास

कहाँ यो लेखिएको थियो ? यशैया ५३ नै सबभन्दा स्पष्ट अगमवाणी हो । येशूले यशैया ५३:१२ लाई देखाएर भन्नु भयो "यस्तो लेखिएको छ : उहाँ अपराधीहरूसँग गनिनु भयो, अनी म तिमीहरूलाई भन्दछु कि यो ममा पुरा हुनैपर्छ, हो मेरा बारेमा लेखिएको कुरा पुरा भई नै रहेछ" (लूका २२:३७) । पापै बिनाको येशू पापीहरू मै गनिनु भयो । यशैया ५३ मा अरु के लेखिएको छ ख्याल गर्नुहोस् ।

निश्चय नै उसले हाम्रा दुर्वलताहरू वोक्यो र हाम्रो दूःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दूःखमा परेको सम्भयौ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेंडियो, हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो र उसको कोर्राको चोटले हामी निको भयौ । हामी सबै भेडा झैं वरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं र परमप्रभुले उसमाथि

हामी सबैको अधर्म हालिदिनु भएको छ । मेरो प्रजाको अपराधको निम्ति उसमाथि कुटाई पऱ्यो...... यद्यपी उसले केही उपद्रव गरेको थिएन..... उसलाई चकनाचुर र कष्टमा पनि परमप्रभुको इच्छा थियो.......परमप्रभुले उसको प्राणलाई दोषवलि झै बनाउनु हुन्छ.... उसले तिनीहरूका अधर्म बोक्नेछ.....उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गऱ्यो (पद ४- १२) ।

यशैयाले एक जना मानिसको बारेमा व्याख्या गर्दछन् जो उहाँको आफ्नै पापहरूको निम्ति हैन तर अरुहरूको पापहरूको निम्ति दूःख भोग्दछन् । अनी यो मानिसलाई जीवितहरूका देशवाट अलग गरियो जसले कथाको अन्त्य गरेन । "उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ, आफ्नो ज्ञानद्वारा मेरो धर्मीदासले धेरैलाई धर्मी बनाउनेछ ...उसले आफ्ना छोराछोरीलाई देख्नेछ, आफ्ना दिन बढाउनेछ" (पद ११,१०) ।

यशैयाले जे लेखे त्यो येशूले पुरा गर्नु भयो उहाँले उहाँको जीवन उहाँका भेडाहरूको निम्ति अर्पण गर्नु भयो (यूहन्ना १०:१५) । उहाँको मृत्युमा, उहाँले हाम्रा पापहरू बोक्नु भयो र हाम्रा अपराधहरूको निम्ति दूःख भोग्नु भयो । हामीले परमेश्वरसितको शान्ति पाउन सकौ भनेर उहाँ दण्डित हुनु भयो । उहाँको दूःख र मृत्युद्वारा हाम्रो आत्मिक विमार निको पारियो, हामी दण्डमुक्त भएका छौ - हाम्रा पापहरू हटाइएका छन् ।

यी सत्यताहरूलाई नयाँ करारमा अझ विस्तृतरूपमा उल्लेख गरिएका छन् ।

## एक श्रापित मृत्युको मरण

व्यवस्था २१:२३ ले भन्दछ "जो रुखमा झुण्ड्याइन्छ त्यो परमेश्वरबाट श्रापित हुन्छ ।" यही पदको कारणले, यहुदीहरूले झुण्ड्याईको मानिस परमेश्वरद्वारा निन्दनिय हुन्छ भनी सोच्दथे । यशैयाले लेखे झैं, मानिसहरूले उहाँलाई "परमेश्वरबाट पिटिएको" ठाने ।

सम्भवत, यहुदी गुरुहरूले यो वचनले येशूका चेलाहरूलाई रोक्तछ भनी सोच्दथे । अनी यो तिनीहरूले आशा गरे जस्तै भयो -क्रूसको टंगाईले चेलाहरूको आशा चकनाचुर बनायो । तिनीहरू निराश भएर भने, "इस्राएलको उद्धार गर्ने उहाँ नै हुनु हुन्छ भन्ने हामीले चाहिँ आशा गरेका थियौ (लूका २४:२१) । तर तिनीहरू आशा नाटकीय रूपमा साच्चै नै त्यतिखेर पुर्नस्थापित भयो जब येशू उहाँको बौरी

उठाई पछि तिनीहरू कहाँ देखा पर्नु भयो र पेन्टिकोष्टको दिनमा तिनीहरू पवित्र आत्माद्वारा भरिए येशू खीष्टमा भएको उद्धारलाई घोषणा गर्न नयाँ जोश पाए। तिनीहरूसित क्रूसमा टाँगिएको मसिहा : हिरो जस्तै नहल्लिने दह्रो विश्वास थियो।

पत्रुसले यहुदी गुरुहरूलाई भने, "हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई जीवित पार्नु भयो जसलाई तपाईहरूले काठमा टांगेर मार्नु भएको थियो" (प्रेरित ५:३०)। काठ भन्ने शब्द प्रयोग गरेर, पत्रुसले यहुदी गुरुहरूलाई क्रूसको मृत्युको श्राप सम्झना गराए। तर त्यो लाज अपमान येशूमा थिएन, उहाँले भन्नुभयो यो त उहाँलाई क्रूसमा टाग्ने मानिसहरूमा थियो। परमेश्वरले उहाँलाई आशिष दिनु भयो किनकी उहाँले श्रापको योग्य हुनुहुन्थ्यो जो उहाँले भोग्नु भयो। परमेश्वरले दाग, कलंकलाई पल्टाई दिनुभयो।

पावलले गलाती ३:१३ मा उही श्रापलाई उल्लेख गरे "हाम्रा निम्ति श्राप बनेर खीष्टले हामीलाई व्यवस्थाको श्रापबाट मोल तिरेर छुटाउनु भयो किनकी काठमा झुण्डिने हरेक श्रापित हुन्छ।" हामी व्यवस्थाको श्रापबाट बच्न सकौ भनेर येशू हाम्रो सट्टामा श्राप बन्नु भयो। उहाँ जे हुनु हुन्थ्यो त्यही कुरा बन्नु भयो त्यसै कारणले हामी जे थिएनै त्यही कुरा हुन सक्यौं। "हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौ भनेर पाप नचिन्नु हुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनु भयो" (२ कोरिन्थी ५:२१)।

हामी उहाँद्वारा धार्मिक घोषित हुनसकौ भनेर उहाँ हाम्रो निम्ति पाप बन्नु भयो। हामीले भोग्नु पर्ने कष्ट उहाँले भोगेर उहाँले हामीलाई श्राप अर्थात व्यवस्थाको दण्डबाट छुटकारा दिनुभयो। "हामीमा शान्ति ल्याउने दण्ड उहाँमाथि थियो।" उहाँले दण्ड भोग्नु भएको कारण हामी परमेश्वरसित शान्तिमा आनन्द मनाउन सक्छौ।

## क्रूसको सन्देश

चेलाहरूले येशूको घृणित मृत्युलाई कहिल्यै भूलेनन्। वास्तवमै, कुनै बेला त्यो सन्देशको केन्द्र थियो : "हामी चाहि क्रुसमा टागिनुभएका खीष्ट लाई प्रचार गर्दछौ जो यहुदीहरूका निम्ति बाधा र अन्य जातिहरूका निम्ति मूर्खता हो" (१ कोरिन्थी १:२३) पावल "क्रूसको सन्देशलाई" सु-समाचार भन्दछन् (पद १८)। पावलले गलातीहरूलाई सम्झना गराए कि "तिमीहरूका आँखाकै सामुन्ने येशू खीष्ट क्रूसमा टाँगिनु भएको कुरा स्पष्ट रूपले वर्णन गरिएको थियो" (गलाती ३:१)। यसरी उनले

सु-समाचारलाइ छोट्याए ।

किन क्रूस चाहिँ सु-समाचार हुन्छ त ? किनकी क्रूसमा हामी छुटकारा गरियौं र हाम्रो पापहरूले पाउनु पर्ने दण्ड पाए । पावल क्रूसमाथि केन्द्रित भए किनकी हाम्रो निम्ति येशू सु-समाचार भएको चावी नै यही हो । हाम्रो पापहरू नहटाईएसम्म, खीष्टमा "हामी परमेश्वरको धार्मिकता" नबनाइएसम्म हामी महिमामा उठाइने छैनौ । केवल त्यसपछि मात्र हामी येशूसित उहाँको महिमामा सामेल हुनसक्छौ । क्रूसको मृत्युले यो सम्भव बनाउँछ ।

पावल भन्दछन कि " येशू हाम्रो निम्ति मर्नुभयो" (रोमी ५:६-८,२ कोरिन्थी ५:१४, १ थिसोलोनिकी ५:१०) उनले यो पनि भन्दछन कि " येशू हाम्रो-पापहरूको निम्ति" मर्नुभयो (१ कोरिन्थी १५:३ गलाती १:४) । "उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पापहरू बोक्नु भयो (१ पत्रुस २:२४, ३:१८) । पावलले यो पनि भन्दछन कि हामी खीष्टसँगै मऱ्यौ (रोमी ६:३-८) उहाँमा विश्वासद्वारा हामी उहाँको मृत्युमा सहभागी हुन्छौ ।

जब हामी येशू खीष्टलाई हाम्रो ुक्तिदाता भनी स्वीकार गर्दछौ तब उहाँको मृत्यु हाम्रो हुँदछ, हाम्रो पापहरू उहाँको रूपमा गनिन्छन र उहाँको मृत्युले ती पापहरूको ज्याला तिर्दछ । यो चाहिँ हामी हाम्रो पापहरूको लेखा श्रापलाई लिएर क्रूसमा भएको जस्तै हो । तर उहाँले हाम्रो निम्ति यो गर्नुभयो र हामी दण्डमुक्त हौ अर्थात धार्मिक गनिन सकौ भनेर उहाँले यो गर्नु भयो । उहाँले हाम्रो पाप र मृत्यु लिदछन् उहाँले हामीलाई धार्मिकता र जीवन दिनुहुन्छ । हामी दरिद्रहरू राजकुमार बन्न सकौ भनेर राजकुमार दरिद्र बन्नु भयो ।

येशूले हाम्रो छुटकारालाई व्याख्या गर्न मोल शब्दको प्रयोग गर्नु भएता पनि वास्तविकतामा कुनै व्यक्तिलाई मोल तिरिएको थिएन यो त केवल हामीलाई छुटकारा दिन चुकाईएको मोल येशू नै हुनुहुन्छ भन्ने प्रष्ट पार्ने शब्द मात्र हो । यही तरीकाले पावलले पनि येशूले हाम्रो उद्धारलाई किनेर हामीलाई छुटकारा दिएको बारेमा बताउदछन तर उहाँले कुनै व्यक्तिलाई तिर्नु भएन ।

कसैले भनेका छन कि येशूले उहाँको पिताको वैधानिक मागलाई तिर्न मर्नुभयो - तर यो पनि भन्न सकिन्छ कि पिता आफैले नै यो विशेष उद्देश्यको लागि आफ्नो पुत्रलाई पठाएर मूल्य चुकाउनु भयो (यूहन्ना ३:१६, रोमी ५:८) । खीष्टमा

परमेश्वरले उहाँ आफैले दण्ड लिनु भयो ताकि हामीले तिर्न नपरोस् । "परमेश्वरका अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून् "(हिब्रू २:९) ।

## परमेश्वरको क्रोध हटाउन

परमेश्वरले मानिसहरूलाई प्रेम गर्नु हुन्छ तर उहाँले पापलाई घृणा गर्नु हुन्छ किनकी पापले मानिस लाई चोट पुऱ्याउँदछ । त्यसैले त्यहाँ "परमेश्वरको क्रोधको दिन" हुनेछ जब उहाँले संसारको इन्साफ गर्नुहुन्छ (रोमी १:१८, २:५) । सत्यतालाई इन्कार गर्ने मानिसहरूलाई दण्ड दिइनेछ (पद ८) । यदि तिनीहरूले परमेश्वरको अनुग्रहको सत्यतालाई इन्कार गर्दछन् भने तिनीहरूले परमेश्वरको अर्को पक्ष, उहाँको रीसलाई अनुभव गर्नेछन् । परमेश्वर प्रत्येकले पश्चात्ताप गरेको (२ पत्रुस ३:९) तर तिनीहरू तिनीहरूको पापको कारण कष्ट नभोगेको चाहनुहुन्छ ।

येशूको मृत्युमा, हाम्रा पापहरू क्षमा गरिएका छन् र उहाँको मृत्युद्वारा हामी परमेश्वरको क्रोध, पापको दण्डबाट बच्दछौं । तर यसको मतलब प्रेमिलो येशूले परमेश्वरको क्रोधलाई साम्य पार्नु भयो अर्थात "तिर्नु भयो" भन्ने होइन पिता जस्तै पापको बारेमा येशू पनि रिसाउनु हुन्छ । उहाँ पापलाई रिसाउनु हुन्छ किनभने पापले उहाँले प्रेम गर्ने मानिसलाई दूःख दिन्छ । येशू नै इन्साफ गर्ने न्यायाधिस हुनुहुन्छ (मती २५:३१-४६) साथ साथै पापीहरूलाई अति प्रेम गर्नु हुने उहाँ नै तिनीहरूको निम्ति पापको दण्ड तिर्नु हुने न्यायाधिश हुनुहुन्छ ।

परमेश्वरले पापलाई हटाउनु मात्र हुन्न उहाँले त हामीलाई क्षमा दिनुहुन्छ । येशूको मृत्युद्वारा पापहरूलाई हेरिन्छ भनी नयाँ करार भरी नै हामीलाई उहाँले सिकाउनु हुन्छ । पापहरूसित गम्भिर परिणामहरू हुन्छन् परिणामहरू हामी खीष्टको क्रूसमा देख्दछौं ।

यसको मोल येशूको पिडा लाज र मृत्यु हो । उहाँले हामीले भोग्नु पर्ने दण्ड भोग्नु भयो ।

परमेश्वरबाट आउने धार्मिकता सु-समाचारमा प्रकट भएको छ (रोमी १:१७) । उहाँले हाम्रो पापहरू बेवास्ता गर्नुहुन्न तर येशू तिनीहरूलाई हेर्नुहुन्छ । परमेश्वरले येशूलाई हाम्रो क्षमानको निम्ति एक बलीको रूपमा प्रस्तुत गर्नुभयो । "उहाँले यो काम आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो" (रोमी ३:२५) । क्रूसले परमेश्वर धर्मी हुनुहुन्छ भनी देखाउँदछ, यसले पाप गम्भिर प्रकृतिको हुन्छ भनेर पनि

देखाउँदछ । दण्ड पाउनु नै पापको निम्ति उपयुक्त कुरा हो र येशूले सित्तैमा हाम्रो सट्टामा दण्डको कष्ट भोग्नु भयो । क्रूसले परमेश्वरको प्रेम साथसाथै उहाँको इन्साफलाई देखाउँदछ (रोमी ५:८) । किनकी यशैया भन्दछन, हामीसँग परमेश्वरको शान्ति होस् भनेर खीष्ट दण्डित गरिनु भयो । हामी एक पटक परमेश्वरको शत्रु थियौं तर खीष्टद्वारा हामी नजिक ल्याईएका छौं (एफिसी २:१३) । अर्को शब्दमा क्रूसद्वारा र हामी परमेश्वरसँग मिलाप गराइएका छौं (पद १६) । परमेश्वरसितको हाम्रो नाता येशू खीष्टको मृत्यूमा आधारित छ भन्ने नै खीष्टियनको आधारभूत विश्वास हो ।

इसाईत्व गर्नु पर्ने कुराहरूको सूची होइन यो त परमेश्वरको नजरमा ठिक हुन हामीले गर्नुपर्ने हरेक कुरा खीष्टले गर्नु भएको छ भन्ने विश्वास हो - र उहाँले यो क्रूसमा गर्नुभयो । "हामी परमेश्वरको शत्रु छँदै उहाँको पुत्रको मृत्युद्वारा उहाँसँग हाम्रो मिलाप भएको थियो" (रोमी ५:१०) । "परमेश्वरले खीष्टद्वारा उहाँको क्रूसको रगतद्वारा शान्ति गराएर ब्रम्हाण्डलाई मिलापमा ल्याउनु भयो" (कलस्सी १:२०) । यदि हामी उहाँद्वारा मिलाप गरिएका छौं भने ता सबै हाम्रा पापहरू क्षमा गरिएका छन् (पद २२) - मिलाप, क्षमा र धार्मिकता सबैको अर्थ एउटै कुरा हुन्छ : परमेश्वरसितको शान्ति ।

## *विजय !*

पावलले उद्धारको एउटा चाखलाग्दो प्रतिरूप प्रयोग गर्दछन जब उनले यो लेख्दछन् कि येशूले प्रधानताहरू र शक्तिहरू निशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो र तिनलाई खुल्लम खुल्ला तमाशा बनाइदिनु भयो (कलस्सी २:१५) । उनले आर्मीको निम्ति प्रयोग हुन शब्द प्रयोग गर्दछन् : विजेता सेनापतिले प्रकाउ गरिएको शत्रु सिपाहीहरूलाई विजयी क्याम्पमा ल्याउँदछ । तिनीहरूलाई निशस्त्र पारिन्छ, र तमाशा बनाइन्छ । पावलले यहाँ पनि यही कुरा देखाउँदछन् कि येशूले यो क्रूसमा गर्नु भयो ।

लज्जास्पद जस्तो देखिएको येशूको मृत्यु वास्तवमा परमेश्वरको योजनाको निम्ति एक महिमित विजय थियो किनकी क्रूसद्वारा नै येशूले शत्रुको शक्तिहरू शैतान सहित, पाप र मृत्युमाथि विजय प्राप्त गर्नुभयो । तिनीहरूले हामीमाथि गर्ने दावीलाई निर्दोषको मृत्युमा पूर्ण सन्तुष्ट गरियो । उहाँले अगाडी नै जे जति मोल

चुकाउनु भयो त्यो भन्दा बढि तिनीहरूले माग्न सक्तैनन् ।

हामीलाई बताइएको छ कि " येशूले उहाँको आफ्नो मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई अर्थात दियावलसलाई नष्ट गर्नु भयो" (हिब्रू २:१४) । "दियावलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरको पुत्र प्रकट हुनुभएको हो" (१ यूहन्ना ३:८) । क्रूसमा नै विजय हासिल गरियो ।

## बलिदान

येशूको मृत्युलाई एक बलिदानको रूपमा पनि व्याख्या गरिन्छ । बलिदानको कुराले पुरानो करारको बलिहरूलाई प्रतिविम्बित गर्दछ । यशैयाले हाम्रो मुक्तिदातालाई "एक दोष बलिको" (यशैया ५३:१०) रूपमा बताउँदछन् । बप्तिस्मा दिने यूहन्नाले उहाँलाई "संसारको पाप उठाइ लैजाने थूमा" भनि भन्दछन् (यूहन्ना १:२९) । पावलले उहाँलाई "प्रायश्चितको बलिदान", "पापवलि," "निस्तार चाडको थुमा", "सुगन्धित भेटी " भनेका छन् (रोमी ३:२५, ८:३, १ केरिन्थी ५:७, एफिसी ५:२) । हिब्रूको पुस्तकले भन्दछ, उहाँ पापहरूको निम्ति बलिदान हुनुहुन्छ (१०:१२) । यूहन्नाले भन्दछन् "उहाँ हाम्रो पापहरूको निम्ति प्रायश्चितको बलिदान हुनुहुन्छ" (१ यूहन्ना २:२, ४:१०) ।

येशूले क्रूसमा के गर्नु भयो भन्ने कुरा कैयौ प्रसङ्गहरूमा व्याख्या गरिएको छ । नयाँ करारका विभिन्न लेखकहरूले प्रमुख सन्देशलाई बुझाउन विभिन्न शब्दहरू र प्रतिरूपहरू प्रयोग गर्दछन् । खास शब्द र परिभाषाहरू महत्त्वपूर्ण होइनन् । येशू ख्रीष्टका मृत्युद्वारा हामी बचाइएका छौं भन्ने कुरा चाहिँ महत्त्वपूर्ण कुरा हो । "उहाँको चोटहरूद्वारा हामी निको भएका छौं ।" उहाँ हामीलाई स्वतन्त्र बनाउन, हाम्रो पापहरू हटाउन, हाम्रो दण्ड भोग्न, हाम्रो उद्धार किन्न मर्नुभयो । "प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नु भएको हो भने हामीले पनि एउटाले अर्कालाई प्रेम गर्नुपर्छ" (१ यूहन्ना ४:११) ।

## उद्धारका सात प्रतिरूपहरू

ख्रीष्टको कामको महानतालाई उदृत गर्न नयाँ कराराले विस्तृत प्रतिरूपहरू प्रयोग गर्दछ । हामी यी प्रतिरूपहरूलाई अनुरूपता, मोडल अर्थात रूपकको रूपमा वर्णन गर्न सक्छौं ।

**फिरौती रकम:** कसैको मुक्तिको निम्ति तिरिएको मुल्य ।

**छुटकाराः** किनी लिनु अर्थात दासको लागि स्वतन्त्रता किन्नु ।

**धार्मिकः** परमेश्वरसित सही हुनु, अदालतद्वारा सही छ भनी सबित गर्नु ।

**उद्धार :** खतरा परिस्थितबाट उद्धार गरिनु वा छुटाएर निकालिनु यो शब्दले पूर्णरूपमा, चंगाइमा पुनस्थापित गर्नु भन्ने पनि जनाउन सक्छ ।

**मिलापः** तोडिएको नाता जोडिनु । परमेश्वरले हामीलाई उहाँमा मिलाप गर्नुहुन्छ । उहाँले मित्रता पुनस्थापित गर्न भूमिका खेल्न हुन्छ अनि हामीले उहाँको मध्यस्थतालाई जवाफ दिँदछौ ।

**स्वीकार (धर्मपुत्र ग्रहण) :** परमेश्वरको बैधानिक सन्तान बन्नु । जन्मसित नभएर विश्वासले हाम्रो प्रतिष्ठामा परिवर्तन ल्याउँदछ ।

**क्षमाः** यो दुई प्रकारले देख्न सकिन्छ । कानुनी अर्थात आर्थिक तवरले क्षमा भनेको ऋण चुक्ता भए जस्तै हो । व्यक्तिगत सम्बन्धको तवरले चाहिँ क्षमाको अर्थ व्यक्तिगत पिडा वा चोटको छुट्कारा हो ।

★★★

# इकाई ३ ख

# क्रूसको मृत्युलाई संस्मरण गर्ने

लगभग २००० वर्ष अगाडी एक जना यहुदी सिकर्मीलाई एक धार्मिक र राजनितिक विद्रोहीको दोष लगाइएको थियो। उहाँलाई सबभन्दा दर्दनाक र लज्जास्पद सजायको रूपमा परिचित कोर्राको चुटाई र क्रूसमा टँगाएर मृत्युदण्ड दिइयो। यस्तो प्रकारको मृत्यु चाहिँ यहुदीहरू र अन्यजाति दुवैको निम्ति एक अपमानित र निन्दित कुरा थियो। तैपनि येशूका चेलाहरूले उहाँको मृत्युलाई सम्झनाको केन्द्र बनाए उहाँ मर्नु भएको तत्थ्यलाई मात्र होइन तर उहाँको लज्जास्पद मृत्युलाई पनि। येशूको बारेमा तिनीहरूले लेखेका कथाहरूमा तिनीहरू उहाँको डरलाग्दो मृत्युको पुरै चरणहरूमा समर्पित थिए। तिनीहरूले प्रत्येक वर्षको एक दिन उहाँको मृत्युको वार्षिकीको रूपमा छुट्याए।

किन येशूको मृत्यु खीष्टियनहरूलाई अति महत्त्वपूर्ण अनि खीष्टियन विश्वासको केन्द्र भएको छ ?

## सबभन्दा ठूलो महत्वको

येशूको मृत्युलाई "पहिलो महत्त्वको" रूपमा पावलको सु-समाचारको सन्देशको सारमा उल्लेख गरिएको छ। "किनभने मैले जे पाएँ त्यसैलाई सबभन्दा मुख्य विषयको रूपमा सुम्पिदिएँ, अर्थात पवित्र धर्मशास्त्र अनुसार खीष्ट हाम्रा पापका निम्ति मर्नुभयो, उहाँ गाडिनु भयो र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनु भयो र देखा पर्नु भयो ......." (१ कोरिन्थी १५:३-५)। पावलले आफ्नो प्रचारलाई पनि क्रूसको सन्देशको विषयको रूपमा बताए (१ कोरिन्थी १:१८)। उनले भने "हामी क्रूसमा टाँगिनुभएका खीष्टलाई प्रचार गर्दछौं (पद २३)।

येशूको मृत्युलाई पवित्रशास्त्रमा भविष्यवाणी गरिएको थियो यो आवश्यक पनि थियो (लूका २४:२५-२६, प्रेरित ३:१८,१७:३) यो मसिहा सजिलो गरी मर्नु मात्र पर्दैन थियो तर कष्ट भोग्नु पर्थ्यो र हाम्रो उद्धारको निम्ति क्रूसमा टाँगिनुपर्थ्यो। यो नै येशूको सेवकाइको महत्त्वपूर्ण भाग थियो र सु-समाचारको महत्त्वपूर्ण भाग पनि। येशूले उहाँले भोग्नु पर्ने कष्ट र क्रूसमा उहाँको आफ्नो मृत्युको बारेमा भविष्यवाणी गर्नु भयो (मर्कूस ८:३१ ३२, ९:३१,१०:३३-३४ मत्ती २०:१९ २६:२ यूहन्ना १२:३२-

३३) । उहाँ यस्तो हुनुपर्थ्यो भन्ने निश्चित थियो त्यहि हुनुभयो (मत्ती २६:५४) यो नै उहाँको उद्देश्य, उहाँको कार्य थियो (यूहन्ना १२:२७) उहाँले यशैया ५३ को भविष्यवाणी पुरा गर्नै पर्थ्यो (लूका २२:३७) । येशूले भन्नुभयो कि उहाँको मृत्यु अरु धेरै मानिसहरूलाई बचाउने मोल हुनेछ (मर्कूस १०:४५) अन्तिम भोजमा, उहाँले भन्नुभयो कि उहाँले आफ्नो शरीर अरु मानिसहरूको निम्ति दिनुभयो, नयाँ करार अर्थात क्षमामा आधारीत परमेश्वर र मानिस बीचको नयाँ सम्बन्धको रूपमा दिनुभयो (लूका २२:१९-२० मत्ती २६:२८) । यशैयाले भविष्यवाणी गरे जस्तै उहाँ निर्दोष हुनुहुन्थ्यो जो पापको मोल तिर्न कष्ट सहनु भयो र मर्नुभयो । परमेश्वरले हाम्रो पापहरू येशूमाथि राखिदिनुभयो र उहाँ हाम्रो अपराधहरूको निम्ति हाम्रो स्वतन्त्रता किन्न मारिनु भयो ।

येशूले आफ्नो मृत्युको भविष्यवाणी मात्र गर्नु भएन, उहाँले त हाम्रो निम्ति यसको महत्त्वको बारेमा व्याख्या पनि गर्नुभयो र त्यसैले नै यो सु समाचार हो । उहाँले उहाँको शरीर हाम्रो निम्ति - हाम्रो फाइदाको निम्ति दिनुभयो । हामीले क्षमा पाउन सकौं भनेर उहाँले उहाँको आफ्नो रगत बगाउनु भयो । येशू परमेश्वर र मानव बिचको मध्यस्तकर्ता हुनुभयो । उहाँको मृत्युले हामीलाई परमेश्वरसितको करार-प्रतिज्ञा र भरोसाको सम्बन्ध पाउन मद्दत गर्दछ । साँच्चै नै, खीष्टको मृत्यु नै हाम्रो उद्धारको एउटै मात्र बाटो हो । त्यसैले कष्ट पाउँछु भनेर जान्दा जान्दै पनि येशू "यरुशलेम तिर जानु भयो" (लूका ९:५१) । यो नै उहाँ आउनुको कारण थियो ।

## समाचार फैलिनु

येशूको पुनरुत्थान अचम्मको खबर थियो । यो एउटा आशाले भरिएको सन्देश थियो । यसले प्रेरितहरूलाई येशूको पुनरुत्थानलाई जोड दिन र उहाँको मृत्युमा आनन्द बनाउन सजिलो बनायो । साँच्चै नै हामी प्रेरितको पुस्तकमा पढ्दछौं कि तिनीहरूले पुनरुत्थान लाई प्रचार गरे तर तिनीहरूले येशूले भोग्नु भएको घृणित दण्डलाई पनि साहसका साथ मानिसहरूलाई सम्झना गराए (प्रेरित २:२२-२४,३:१३-१५,४:१०, ५:३०-३१, ७:५१-५३, १०:३७-४०, १३:२६-३०) तिनीहरूले क्रूसलाई मात्र समावेश गरेनन्, तिनीहरूले यसलाई एउटा रुख पनि भनेर सम्बोधन गरे - जुन शब्दले यहुदीहरूलाई व्यवस्था २१:२२-२३ को सम्झना गराउँदछ जसमा लेखिएको छ कि जो रुखमा झुण्ड्याइन्छ त्यो परमेश्वरबाट

श्रापित हुन्छ । रुख शब्दलाई प्रयोग गरेर प्रेरितहरूले येशूले कति घृणित मृत्यु पाउनु भयो भन्ने कुरा प्रष्ट पारे । किन तिनीहरूले येशूले पाउनु भएको घृणित मृत्युलाई जोड दिए ? किनकी यो महत्त्वपूर्ण थियो । पवित्रशास्त्रले यो भविष्यवाणी गरेको थियो, येशूले भविष्यवाणी गर्नु भएको थियो अनि यो हाम्रो उद्धारको निम्ति आवश्यक थियो ।

क्रूसले अपमान साथसाथै कष्टलाई देखाउँदछ (हिब्रू १२:२) । यसमा "श्राप" पनि समावेश हुँदछ (गलाती ३:१३-१४) । पावलले मानिसहरूलाई आघात पुऱ्याउने मात्र गरेनन् तर उनले यसले बाधा ल्याउँदछ भन्ने जानेर पनि क्रूसको मृत्युलाई महत्त्व दिए (गलाती ५:११, ३:१, ६:१४) । क्रूस नै उनको प्रचारको केन्द्र थियो (१ कोरिन्थी १:२३, २:२, फिलिपी ३:१८) ।

पावलले क्रूसको आत्मिक महत्त्वलाई देखाउँदछन् : । येशूले उहाँ आफै नै हाम्रो निम्ति श्राप भएर व्यवस्थाको श्रापबाट हामीलाई छुटकारा दिनु भयो । उहाँ हाम्रो निम्ति पाप बनाइनु भयो (२ कोरिन्थी ५:२१) । हामी धर्मी ठहरियौं अर्थात निर्दोष साबित हौं र हाम्रो पापहरूको कारण पाउनु पर्ने दण्ड हामीले नपाऔं भनेर उहाँ बलिदान हुनुभयो (रोमी ३:२४-२६) । उहाँले उहाँको क्रूसमा हाम्रा पापहरू र यसका दण्डहरू बोक्नु भयो (१ पत्रुस २:२४) । "हामीलाई परमेश्वरकहाँ ल्याउन खीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटी मर्नुभयो, धर्मीजन अधर्मीहरूका निम्ति" (१ पत्रुस ३:१८) ।

क्रूसद्वारा नै अब्राहमलाई प्रतिज्ञा गरिएको आशिष हामीलाई दिइन्छ (गलाती ३:१४) । क्रूसद्वारा नै हामीलाई परमेश्वरसित मिलाप गरिएको छ (एफिसी २:१६) । क्रूसद्वारा नै परमेश्वरले हाम्रो विरुद्धमा रहेको तमसुक हटाएर हाम्रो पापहरू क्षमा गर्नु हुन्छ (कलस्सी २:१३-१४) हाम्रो उद्धार खीष्टको क्रूसमा आधारित छ ।

किनकी हामी व्यवस्थाको पुस्तकमा लेखिएका सबैकुरामा रहन नसकेर हामी श्रापित भएका छौ (गलाती ३:१०) । हामी सबै मृत्यु दण्डको योग्य छौं (रोमी ३:२३, ६:२३) । पाप रहित भएकोले येशू मर्न आवश्यक थिएन तर हाम्रो निम्ति हाम्रो पापको ज्याला तिर्न् स्वइच्छाले उहाँ मर्नुभयो । धर्मी अधर्मीहरूको निम्ति मर्नुभयो । हामी क्षमाको निम्ति अयोग्य भएतापनि हामीले क्षमा पाउन सकौं भनेर उहाँले हामीले पाउनु पर्ने दण्ड लिनु भयो । हामीले जीवन पाउँ भनेर उहाँ मर्नु भयो ।

***क्रूसको मृत्युले तीनवटा सत्यताहरू देखाउँदछ भनी जोन स्टट लेख्दछन् :***

प्रथम त : हाम्रो पाप अति नै भयानक हुनै पर्छ । कुनै कुराको पनि क्रूसले जस्तो पापको आकर्षणलाई प्रकट गर्दैन .......धर्मी परमेश्वरले हाम्रो अधर्मलाई धार्मिकरूपले क्षमा दिन उहाँ आफैले यसलाई खीष्टमा सहनु भन्दा बाहेक अरु कुनै बाटो थिएन, यो साच्चै नै गम्भिर हुनै पर्छ ................

दोस्रो, परमेश्वरको प्रेम समझ भन्दा बाहिरको अचम्मको हुनैपर्छ ......उहाँले हामीलाई क्रूसको दर्दनाक वेदनासम्मै पछ्याउनु भयो जहाँ उहाँले हाम्रो पाप, दोष, इन्साफ र मृत्युलाई सहनु भयो । त्यस्तो प्रकारको प्रेमसित अटल रहन कडा र ढुङ्गा जस्तै हृदय चाहिन्छ ...............

तेस्रो, खीष्टको उद्धार निशुल्कको एक उपहार हुनैपर्छ । उहाँले यो हाम्रो निम्ति उहाँको आफ्नै अनमोल रगतद्वारा किन्नु भयो । त्यसो भए हामीलाई तिर्नको निम्ति बाँकी छाडिएको केही छ ? "केही पनि बाकी छैन !" (खीष्टको क्रूस पेज ८३)

## ***मृत्युको संस्मरण***

एक मानिसको रूपमा खीष्टको कामको केन्द्र नै क्रूस थियो । उहाँ क्रूसमा नटाँगिएसम्म उहाँको काम पुरा हुँदैनथ्यो । येशूले आफ्ना चेलाहरूलाई उहाँको आश्चर्यकर्महरू सम्झनु भन्नु भएन - तिनीहरूलाई उहाँको मृत्यु सम्झनु भन्नु भयो । येशूले धेरै रीतिरीवाजहरूलाई हटाउनु भयो तर उहाँले एउटा नयाँ : प्रभु भोजको रोटी र दाखमद्यलाई अक्सर गर्ने निर्देशन दिनुभयो । उहाँले हामीलाई उहाँको मृत्युको यी सम्झनाहरूमा सहभागी हुनुभन्नु भयो किनभने उहाँको मृत्यु र उहाँको मृत्युमा हाम्रो सहभागीता नै हाम्रो उद्धारको चावि हो । हामीले येशूको मृत्युलाई उहाँमा घटेको केही कुराको रूपमा मात्र सम्झंदैनौ यो आज पनि हाम्रो निम्ति सम्बन्धित छ । प्रभु भोजले विगतमा येशूले उहाँको जीवन हाम्रो निम्ति दिन इच्छा गरेको - र वर्तमानमा अहिले हाम्रीसित उहाँको सहभागिता, अनि भविष्यमा - उहाँले प्रतिज्ञा गर्नु भएको उहाँको पुनः आगमनलाई देखाउँदछ ।

बप्तिस्मामा हामी उहाँको मृत्युमा हाम्रो सहभागितको दृष्य देख्दछौं । (रोमी ६:३) । आत्मिक रूपमा भन्नु पर्दा हामी खीष्टसँगै क्रूसमा टाँगिएका छौं (गलाती २:२०) । दिनहुँको कुरा चाहिँ हामी हाम्रा पापी स्वभाव, त्यसको वासना र लालसालाई क्रूसमा टाँग्दछौ (गलाती ५:२४, रोमी ८:१३) । येशूलाई पछ्याउनको

लागि हामीले दिनहुँ हाम्रो क्रूस बोक्ने पर्छ (लूका ९:२३) खराब इच्छाहरूलाई इन्कार गरेर । प्रभु भोजले हामीलाई हाम्रो जीवन वास्तवमा के हो भन्ने सम्झना गराउँदछ ।

येशूको मृत्यु नै हाम्रो दिनहुँको जीवनशैली हो - यो नै परमेश्वरमा पूर्ण समर्पणको एक तस्विर, पापलाई इन्कार गर्ने र धार्मिकतालाई चुन्ने इच्छाको एक तस्विर हो । पावल भन्दछन् येशू हाम्रो निम्ति मर्नुभयो त्यसैलै हामी आफ्नै निम्ति बाँच्ने होइन तर येशूको सेवा गर्न बाँच्नु पर्छ (२ को ५:१५) किनकी हाम्रो पुरानो मनुष्यत्व उहाँसँगै क्रूसमा टाँगियो "अब उसो हामी पापका कमारा नहोऔं (रोमी ६:६) ।हामीले आफ्ना शरीर परमेश्वरको सेवा गर्न जीउँदो बलिको रूपमा अर्पण गर्नुपर्छ (रोमी ६:१३, १२:१) । किनभने उहाँ हाम्रो निम्ति मर्नुभयो, हामी "पापको लेखि मरेर धार्मिकताको लेखि जिउँदछौं" (१ पत्रुस २:२४) ।

येशूको मृत्यु नै परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने प्रमाण हो । परमेश्वरले हामीलाई कति धेरै वास्ता गर्नुहुन्छ, हाम्रो समस्या समाधान गर्न, हाम्रो पापीपनले हामी माथि ल्याएको मृत्युबाट हामीलाई बचाउन उहाँले के गर्नु भयो भन्ने यसले देखाउँदछ (रोमी ५:८-१०) । परमेश्वरले उहाँको आफ्नै निज पुत्रलाई बाँकी राख्नु भएन भने हामी विश्वस्त हुनसक्छौं कि उहाँले उद्धारको निम्ति हामीलाई चाहिने सबै कुरा दिनु हुनेछ (रोमी ८:३२) । हाम्रो निम्ति उहाँको प्रेम हामीले एकले अर्कोलाई कति धेरै प्रेम गर्नुपर्छ भन्ने एक उदाहरण बन्दछ (एफिसी ५:१२) ।

***येशूको मृत्युले हामीलाई केही महत्त्वपूर्ण स्वतन्त्रताहरू दिन्छ :***

- अब उसो हामी व्यवस्थाको अधिनमा छैनौं (गलाती ३:२३, रोमी ७:६) ।
- अब उसो हाम्रो पाप र कामवासनाको कमारा होइनौ (यूहन्ना ८:३४-३६ रोमी ६: ६-७, तीतस ३:३) ।
- अब उसो हामी मृत्यु अर्थात डरको बन्धनमा हुँदैनौं (रोमी ८:२ हिब्रू २:१४-१५) ।
- हामीले संसार र दृष्टलाई जितेका छौ (१ यूहन्ना ५:४-५, २:१३-१४, प्रकाश १२:११) ।

यो स्वतन्त्रताले, हामी धार्मिकतको कमारा, येशू खीष्टको दास हुँदछौं । हामी उहाँको निम्ति जीउन सकौ भनेर उहाँ हाम्रो निम्ति मर्नुभयो (२ कोरिन्थी ५:१४-

१५)। ख्रीष्टको क्रूसमा हामीलाई देखाइएको परमेश्वरको प्रेमलाई यसरी नै जवाफ दिनुपर्छ।

हामी दूःखमा हुँदा क्रूस हाम्रो निम्ति एक उदाहरण पनि हुँदछ। पत्रुसले हामीलाई सम्भना गराउँदछन् कि जब हामी अन्यायमा पर्दछौं हामीले येशूको उदाहरणलाई सम्भनु पर्छ जसले हाम्रो निम्ति अन्याय सहनु भयो, हाम्रो निम्ति एउटा उदाहरण छोडिजानु भयो (१ पत्रुस २:१९-२३)। हाम्रो कष्टहरू बढेको बेला येशूलाई सम्भनु भनी हामीलाई हिब्रूको पुस्तकमा भनिएको छ किनकी उहाँले हाम्रो निम्ति ठूलो विरोध सहनु भयो (हिब्रू १२:२-४), असल कुरामा कष्ट (अन्याय) भोग्नु ख्रीष्टियन बोलावटकै एउटा अंश हो अनी ख्रीष्टले हाम्रो निम्ति छोडिजानु भएको उदाहरणको भाग हो। "नोकर मालिक भन्दा ठूलो हुँदैन" (यूहन्ना १५:२०)। येशूको जीवन जे थियो त्यो प्रभु भोजले हामीलाई सम्भना गराउँदछ र उहाँलाई पछ्याउनु भनी हामीलाई भनिएको छ।

हामी ख्रीष्टको निम्ति दूःख भोग्छौं भने महिमाको ताजले हामीलाई पर्खिरहेको छ भनेर आफैलाई हौसला दिइनु पर्छ। हामी क्रूसमा उहाँ सित सहभागी हुन्छौं भने हामीले उहाँको महिमामा पनि सहभागी हुनेछौं (रोमी ८:१७-१८, २ कोरिन्थी ४:१७)।

क्रूस संसारका मानिसहरूको निम्ति मुर्खता हुनसक्छ तर हाम्रो निम्ति यो परमेश्वरको बुद्धि हो (१ कोरिन्थी १:१७-२५)। यो एउटा बुद्धिमानी चाल थियो यसले पाप कति साह्रै नराम्रो र परमेश्वरको प्रेम कस्तो राम्रो हो भनेर देखाउँदछ। यसले चलाखीका साथ पापलाई दण्ड दिन्छ र क्षमा दिइन्छ। यसले इन्साफ र दया दुवैलाई देखाउँदछ। यसले पाप र मृत्युको शक्तिलाई खतम पार्दछ र हामीलाई विजय हुने शक्ति दिदछ। क्रूसले हामीलाई दृश्यात्मक प्रकटिकरण दिँदछ कि हाम्रो पापहरूलाई एकै पटकमा सबैको निम्ति समाप्त गरिएको छ, त्यसैले संघर्षहरू निरर्थक हुँदैनन्, हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टद्वारा महिमाको ताजले हामीलाई पर्खंदछ। यो साँच्चै नै सम्भना योग्य छ।

★★★

# इकाई ३ ग

# हाम्रो जीवनमा परीक्षाहरू र विश्वास

धेरै खीष्टियनहरू सिकाईएका छन् कि तिनीहरू परीक्षाहरूबाट बच्ने ग्यारेन्टी गरिएको छ । तिनीहरू परमेश्वरले उहाँको पुत्रमा विश्वास गर्नेलाई रक्षा गर्नुहुन्छ भन्ने वाइवलिय प्रतिज्ञाहरूलाई औल्याउँछन् ।

परमेश्वरले हामीहरूलाई हाम्रो परीक्षाहरूमा सहायता गर्ने प्रतिज्ञा मात्र गर्नु भएका छैन - तर उहाँले हामीलाई परीक्षाहरू आउँछन् भनेर पनि प्रतिज्ञा गर्नु भएको छ ! खीष्ट हामीलाई समस्या नै वेगरको जीवन दिन आउनु भएको थिएन । तर उहाँले हामीलाई सचेत गराउनु भएको छ कि उहाँको कारण हामीलाई हाम्रै परिवारभित्रबाट सतावट आउँछ (मत्ती १०:३४-३६), हामीमा परीक्षाहरू आउँदछन् (यूहन्ना १६:३३) र हामी सताइनेछौ (यूहन्ना १५:२०) । धेरै कष्टहरू सहेर मात्र हामी राज्यमा प्रवेश गर्नेछौं (प्रेरित १४:२२) र प्रत्येक खीष्टियन सतावटमा पर्नेछ (२ तिमोथी ३:१२) । हामीमा कष्टहरू आएको बेला यो अस्वभाविक हो भनेर हामीले सोच्नु हुँदैन (१ पत्रुस ४:१२) । पवित्रशास्त्रले पनि भन्दछ कि यदि हामीहरूले येशूको नाउँमा कुनै कुरा माग्दछौ भने त्यो उहाँले हाम्रो निम्ति गर्नु हुनेछ (यूहन्ना १४:१२-१४) । यसैलाई आधार मानेर केहि खीष्टियनहरूले भन्दछन् हामी समस्या नै नभएको जीवन माग्न सक्छौ र यदि हामीसित पर्याप्त विश्वास छ भने येशूले हामीलाई समस्या नै नभएको बनाउनु हुनेछ ।

यूहन्ना १४:१२-१४ ले भन्दछ कि हामीले जे माग्दछौ त्यो पाउँदछौं । के हामी जे चाहान्छौ त्यो प्रतिज्ञाको रूपमा दावी गर्न सक्तछौ ? यस्तो प्रकारको अनुच्छेदमा अव्यक्त शर्तहरू पनि छन् जो पवित्रशास्त्रको कुनै ठाउँमा व्याख्या गरिएका हुन्छन् । केही क्षणको निम्ति यो सत्यतालाई सोचौ : कोही खीष्टियनहरूले हृदयदेखि नै विश्वासका साथ प्याट रोवर्टसन राष्ट्रपति होस् भनेर प्रार्थना गरे, कसैले येशूको नाउँमा जर्ज बुसको निम्ति र अरूले बिल क्लिन्टनको निम्ति प्रार्थना गरे । प्रत्येक समूहमा केहीले विश्वासका साथ प्रार्थना गरे तर येशूले सबैको एउटै कुराको निम्ति गरेको प्रार्थनाको जवाफ दिनु नै भएन ।

उल्लेख नगरिएको शर्त (योग्यता) भनेकै यही हो कि परमेश्वरले उहाँको इच्छा

अनुसार मात्र जवाफ दिनु हुन्छ (१ यूहन्ना ५:१४)। परमेश्वरले उहाँको सर्वोच्च इच्छालाई कुल्चने प्रार्थनाहरूको जवाफ दिनु हुन्न। उहाँसँग प्राय हामीले दिख्नै नसक्ने कारणहरू छन्। हामीले उहाँको इच्छालाई सिद्ध (पूर्ण) गरी जान्दैनौ र यसले हामीलाई केही असत्य कुरालाई पनि विश्वास गर्ने बनाउँदछ। हाम्रो विश्वासले हाम्रो प्रार्थनामा हामीले खोजेकै जवाफ आउँछ भन्ने ग्यारेन्टी हुँदैन किनकी हाम्रो विश्वास गलत हुन सक्छ। मैले•डाँडा उखेलिएर समुन्द्रमा खस्ने वचन सुनेको छु।

केही ख्रीष्टियनहरूले परमेश्वरले बिल क्लिन्टनलाई अफिसबाट हटाउनु हुन्छ भन्ने विश्वास गरे, अरुले हटाउनु हुन्न भन्ने विश्वास गरे। कसैले यस्तो होस भनेर प्रार्थना गरे कसैले अर्को नै तर दुवै नै सत्य हुन सकेनन्। हामी परमेश्वरलाई लाखौ रूपैया मागौंला धेरै ख्रीष्टियनहरू सित छ पनि - तर परमेश्वरले जुटाउनु हुनेछ भन्ने विश्वस्तता धेरै कुराहरूमा भएर पनि हामी पाउँदैनौ। हामीसित येशूमा पूर्ण विश्वास हुनसक्छ - उहाँले हामीलाई बचाउनु हुन्छ भन्ने विश्वास-विश्वासै बिना पनि हामीले सही शब्द र विश्वास प्रयोग गरेको कारणले उहाँको नाउँमा गरिएका निवेदनहरूमा उहाँले काम गर्नुहुन्छ।

## विश्वास र चंगाइ

धेरै ख्रीष्टियनहरूले परमेश्वरले प्रेम गर्नु भएको मानिसलाई मात्र चंगाइ दिनुहुन्छ भनी विश्वास गरेका छन्। तिनीहरू विश्वासमा प्रार्थना गर्थे। कोही विश्वास गर्थे कि तिनीहरूसँग अरु विश्वासीबाट अर्थात अन्य आश्चर्यकर्महरूबाट को पुष्टि छ। त्यसैले तिनीहरू प्रिय मानिसको मृत्युमा पनि ठूलै आश्चर्य प्रकट गर्दछन्। तिनीहरूले जे विश्वास गरेका थिए यस्ता कुरामा असस्त सावित हुँदछन्। तिनीहरूको विश्वासले मानिसलाई निको बनाउँदैन-केवल परमेश्वरले मात्र निको बनाउनु सक्नु हुन्छ, उहाँले तिनीहरूको प्रार्थना र विश्वासलाई नचुनेर परमेश्वरको प्रेम र परमेश्वरको प्रतिज्ञाहरूलाई चुन्दछन्।

जब यस्तो निराशाहरू आउँदछन् तब एक नयाँ परीक्षा आउँदछ। यदि चंगाईमाथिको विश्वास गलत सावित हुन्छ भने ख्रीष्ट माथिको विश्वास के हुन्छ ? के यो पनि गलत नै भयो ? यो नै विश्वासको वचनको शिक्षाको एउटा खतरा शिक्षा हो - यो हाम्रो उद्धारकर्तामाथिको विश्वास देखि विशेष प्रकटिकरण माथि विश्वासमा जोडिएको हुन्छ। के येशूले प्रत्येक रोगहरू निको पार्ने प्रतिज्ञा

गर्नु भयो ? उहाँले इपाफ्रोडिटसलाई तिनीहरूले चाहेको जस्तै सजिल्लै र चाडै निको बनाउनु भएन (फिलिपी २:२७) । येशूले उहाँको संसारको सेवकाईमा पनि सबैलाई निको पार्नु भएन (यूहन्ना ५:३-९) ।

सबै पापको ऋण तिर्नको निम्ति के येशूले हाम्रो निम्ति कष्ट सहनु भएन र ? यसको मतलब त हामीले कष्ट सहनु पर्दैन भन्ने हुँदैन र ? केहिले त्यस्तो भन्छन्, तर येशू हाम्रो निम्ति मर्नुभयो भन्ने अर्को तथ्यको कारणको जाँच गर्न हामीलाई यो हरफ हेर्ने पर्छ । यसको मतलब के हामी कहिल्यै मर्नु पर्दैन ? पापको ऋण पूरै चुक्ता गरिएको छ त्यसैले हामीले मर्नु पर्दैन । हामीले अनन्त जीवन पाएका छौं (यूहन्ना ५:२४, ११:२६) तर वास्तविकमा प्रत्येक खीष्टियन मर्दछ । त्यसो भए हामी केही गल्तीमा छौं । अझै पनि हामीले येशूले हाम्रो निम्ति गर्नु भएको प्रत्येक कुराको अनुभव छैन । समय आउनेछ जुनबेला हामी सधैंको निम्ति अविनाशी भई बौरी उठाईनेछौं । हामीले पिडाको अनुभवै नगर्ने समय आउनेछ । येशूबाटको छुटकाराको सम्पूर्ण फाइदा हामीले पाउने समय आउनेछ । तर त्यो समय अहिले नै होइन । अहिले हामीले येशूमा कष्टहरू भोग्नु पर्छ (१ पत्रुस २:२०-२१) ।

येशूले सतावट आउदछ भनि भन्नु भएको छ दूःख र कष्ट हुँदैन भन्नु भएको छैन । पावल कुटिएको, ढुंगाले हानिएको र झ्यालखानामा थुनिएको बेला उसले पिडाको अनुभव गरे जब कि येशूले सबै पापको ऋण तिरेता पनि । पावलसित ठूलो विश्वास थियो तर धेरै दूःखहरू पनि (२ कोरिन्थी १:५, फिलिपी ३:१०, ४:१२) । येशूले सबै पापको निम्ति प्रायश्चितको मूल्य तिर्नु भयो, खीष्टियनहरूसित विश्वास भए तापनि तिनीहरू अझै पनि कष्ट भोग्दछन् अनि कहिलेकाहीं तिनीहरूकै विश्वासको कारणले ।

हाम्मी सतावटबाट पिडित हुन्छौं र हामी अझै पनि पाप रहेको संसारमा जिएकोले पिडाहरू सहँदछौं । पापले निर्दोष मानिसहरूलाई चोट पुऱ्याउँदछ र कहिलेकाहीं हामी निर्दोष भएतापनि सताईंदछौं । कहिले काही यसको परिणाम चाँडै मर्नु पर्दछ र कहिले काही विस्तार र दर्द पूर्ण मृत्यु हुदछ । हामी जलेर, कुटिएर, गाडी दुर्घटनाहरूबाटको शारिरीक अंगभंगको पिडा बाट गुज्रन सक्छौं । हाम्रो स्वास्थ्य चिसोबाट, घरको धुँवाबाट अर्थात हाम्रो खानाहरूमा भएको तत्त्वबाटको असरले कमजोर हुन सक्तछ । हामी जंगली ठूला, साना वा सुक्ष्म जीवहरूबाट पिडित हुन सक्छौं । परमेश्वरले उहाँको सबै मानिसहरूलाई सबै सम्भावित

समस्याहरूबाट बचावट गर्ने ग्यारेन्टी दिनु भएको छैन ।

खीष्टमा विश्वास गर्ने सबै मानिसहरूलाई निको पार्ने परमेश्वरको सधै भरीका के यो इच्छा हो त ? वाईवलिय कुरा चाहिँ यो हो कि उहाँले कहिलेकाहीँ निको पार्नु हुन्छ कहिले काही गर्नु हुन्न । स्टीफन मारिए, याकुव पनि मारिए । वास्तवमा सबै पहिलाका खीष्टियनहरू केही कुरामा मरे । तैपनि कति पटक तिनीहरू मर्नुभन्दा अगाडी परमेश्वरले तिनीहरूलाई खतराबाट बचाउनु भयो ? शायद धेरै पटक ।

सबै प्रकारका दुर्वलताहरू निको पार्ने दावा गर्ने प्रचारकहरूले नै चस्माहरू लगाएको तपाईहरूले देख्नु भएको छ ? किन वाइवलिय प्रतिज्ञाहरू कसैमा लागु हुन्छ र अरुमा हुदैन भनेर यसको कुनै कारण छैन । कहिलकाहीँ चंगाईको सर्वमान्य प्रतिज्ञाको पक्षमा उभिने वचनहरूले आँखाको दृष्टि, उमेर, दुर्घटना वा अन्य कुराहरूको निम्ति कुनै विरोध कुराको व्यवस्था गर्दैन पवित्रशास्त्र र अनुभव दुवैले हामीलाई बताउँदछ कि यी पदहरू सर्वव्यापी ग्यारेन्टीको रूपमा व्यक्त गरिएका छैनन् ।

ठिकै हो, कहिले काही अचम्म गरी कोही निको पारिएका छन् । यिनीहरू विशेष अनुग्रह, दृष्टि र दया पाएकाको उदाहरणहरू हुन् । हामीहरूले यिनीहरूलाई अलौकिक उदाहरणहरूको रूपमा लिने र यसबाट सर्वव्यापी प्रतिज्ञाहरू निर्माण गर्ने गर्नु हुदैन । अनि विशेष गरेर निको नहुनेसित विश्वास छैन भनी सोच्नु हुँदैन । कहिलेकाहीँ तिनीहरूको विश्वास तिनीहरूको दू:खबाट प्रकट गरिन्छ - परमेश्वरले तिनीहरूको निम्ति जे गर्नु हुन्छ असलै गर्नुहुन्छ भनी विश्वासका साथ खुशी रहँदछन् । चाहे तिनीहरू बाँचुन् वा मरुन् चाहे तिनीहरूसित प्रसस्तता होस वा गरीबी, तिनीहरू परमेश्वरमा विश्वास गर्दछन् । तिनीहरूको विश्वासमा कुनै खराबी छैन । बरु तिनीहरू राम्रो गदैनन् भन्ने शिक्षा नै गलत छ ।

## जाँच / कष्टको उद्देश्य

यदि परमेश्वरले हामीलाई कष्टहरू आउदछन् भन्नु हुन्छ र उहाँले हामीलाई ती कष्ट र परीक्षाहरूबाट छुट्कारा दिने प्रतिज्ञा गर्नुहुन्छ भने तिनीहरू के का लागि हुन त ? किन परमेश्वरले दुष्टलाई अनुमति दिनु हुन्छ ? हामीलाई पुरै थाहा छैन तर हामीलाई थाहा छ कि परमेश्वरले दुष्टलाई अनुमति दिनु हुन्छ र येशू आफैले

पनि त्यसको सामना गर्ने इच्छा गर्नु भयो अनि उहाँले अझै पनि धैर्यका साथ यसलाई सामना गर्दै हुनुहुन्छ। पवित्रशास्त्रले हामीलाई कष्टहरूको केहि फाइदाहरूको बारेमा बताउदछ :

- "संकष्टले सहनशीलता, सहनशीलताले चरित्र र चरित्रले आशा उत्पन्न गराउँदछ" (रोमी ५:३ ४)। "ताड्ना शुरुमा सुखद हुँदैन तर दू:खदायी हुन्छ तर ताडनाद्वारा तालिम पाएकाहरूका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ" (हिब्रू १२:११)।
- "तिमीहरू यसैमा रमाउछौ यद्यपी अहिले धेरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नु पर्दछ। आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान छ, तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस् र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदको योग्य बनोस्" (१ पत्रुस १:६-७)।

छोटकरीमा, हामी पढेर जे सिक्न सक्तैनौ त्यो कष्टबाट सिक्न सक्तछौ। कष्टले हाम्रो चरित्रलाई त्यो आकार दिदछ जुन वचनले पनि पूर्णरूपले व्याख्या गर्न सक्तैन। येशूले पनि उहाँको कष्टहरूबाट सिक्नुभयो (हिब्रू ५:८) अनि हामीलाई पनि क्रूस बोक्ने र उहाँसित दू:ख भोग्ने भनिएको छ। यदि हामी सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे उत्तराधिकारी। उहाँसँग दू:ख भोग्छौं भनेता हामी उहाँसगै महिमित पनि हुनेछौं (रोमी ८:१७)।

ताड्ना सुखद हुँदैन तर परमेश्वर हाम्रो जीवनमा काममा हुनुहुन्छ र उहाँ सबै कुराहरूबाट असल कुरा ल्याउन सक्षम हुनुहुन्छ भन्ने सत्यताद्वारा हामी हौसला पाउदछौ। उहाँसित हाम्रो जीवनमा उहाँको महिमित उद्देश्यको निम्ति काम गर्ने ज्ञान र अनुकम्पा छ। हामी सधै बुझ्न सक्तैनौ कि हामी कुन विशेष पाठ सिक्न खास कष्टमा परेका छौ तर समग्रमा सधैंभरी एउटै मात्र पाठ हुँदछ त्यो हो परमेश्वरमा सधै विश्वास गर्नु।

अक्सर, विश्वासको जाँच ठिक त्यस्तै - विश्वासको एउटा जाँचै हो। कष्टहरूमा शारिरीक अवस्थाहरूको वावजुद पनि परमेश्वरलाई विश्वास गर्ने पर्छ र परमेश्वरमा भरोसा द्वारा हामी उहाँसितको हाम्रो विश्वासको सम्बन्धमा बढ्दै जाँदछौ। यो अति नै महत्त्वको हौं किनकी हामी हुनसक्ने सबै कुरा ख्रीष्टमा नै

हौं र उहाँबिना हामी केही पनि होइनौ ।

प्रयोग नगरीएको विश्वास कमजोर हुनसक्छ । राम्रो कुराहरू भएको बेला जो पनि दृढ रहन सक्तछ । काममा लगाइएको विश्वास अझ बलियो हुन्छ अनि हामी र परमेश्वर बिचको करारले झन् बलियो बनाउँदछ। परमेश्वरले उहाँको छोराछोरी सितको व्यक्तिगत सम्बन्ध चाहानु हुन्छ, एक सम्बन्ध विश्वास, भरोसा र प्रेमद्वारा चिनिन्छ । यो विश्वासको करार हाम्रो कष्टहरूद्वारा बलियो बनाइन सक्तछ । संकष्टहरूले हामीलाई हाम्रो प्रत्येक आवश्यकताको निम्ति परमेश्वरमा स्थीर रहन सिकाउँदछ । हाम्रो कष्ट चाहे स्वस्थको होस् चाहे पैसाको वा सम्बन्धको अर्थात मण्डलीको समस्या नै किन नहोस् तर हामीले खीष्टलाई नै हेर्नुपर्छ ।

★★★

# इकाई ४ क

# येशू: सदासर्वदा जीवित

येशू लामो समय मृतक रहनु भएन। आइतवार एका विहानै सूर्य उदाउनु पूर्व नै केही चेलाहरूले पुत्र बौरी उठ्नु भएको थाहा पाए। तिनीहरूले बौरी उठाईलाई देखेनन् तर तिनीहरूले येशूलाई जीवित र कुसल रूपमा देखे। ४० दिनको अवधिभरमा तिनीहरूले येशूलाई कैयौं अवसरहरूमा देखे। त्यसपछि उहाँ स्वर्गतिर उचालिनु भयो।

तर येशू विदा मनाउँदै हुनुहुन्न। स्वर्गमा भए पनि उहाँको सेवकाई निरन्तर भैरहेको छ। उहाँले मण्डलीलाई सहायता गर्नु हुन्छ र अगुवाई गर्नु हुन्छ, हाम्रो निम्ति अन्तविन्ति गर्दै हुनुहुन्छ, हामीलाई सहायता गर्दै, अनन्तको महिमाको निम्ति हामीलाई तयार गर्दै हुनुहुन्छ। खीष्ट आउनु हुनेछ र उहाँले प्रत्येक शत्रुलाई जितेपछि उहाँले प्रत्येक कुरा पितालाई दिनु हुनेछ। काम समाप्त गरिने छ।

## बौरी उठाइको झलकहरू

विहान अध्यारो छँदै मरियम मग्दलिनीले चिहान खुलै रहेको पाइन् र प्रभुको शरीर चिहानमा छैन भनी बताउँदछिन् (यूहन्ना २०:१-९)। अन्य स्त्रीहरू त्यहाँ आउँदछन् र स्वर्गदूतले चेलाहरूलाई भन्नू भनी तिनीहरूलाई भन्दछन् (मती २८:५-७, लूका २४:१-९)। तिनीहरू चिहानमा पुग्दछन् र चिहान रित्तो भएको पाउँदछन् (यूहन्ना २०:३-१०)।

१. येशू मरियम मग्दलिनीकहाँ देखा पर्नु हुन्छ (यूहन्ना २०:११-१८)।
२. येशू दुईजना स्त्रीकहाँ देखा पर्नु हुन्छ (मत्ती २८:९-१०)।
३. येशू इम्माउसको बाटोमा दुइजना मानिसहरूकहाँ देखा पर्नु हुन्छ (लूका २४: १३-३३)।
४. नतोकिएको समयमा येशू पत्रुसकहाँ देखा पर्नु हुन्छ (पद ३४)।
५. येशू ११ जना मध्ये १० जना कहाँ देखापर्नु हुन्छ (पद ३६, यूहन्ना २०:२४)।
६. एक हप्तापछि थोमा पनि भएको बेला येशू देखा पर्नु हुन्छ। (यूहन्ना २०:३६-२९)।
७. अलि पछि एघार जना चेलाहरूले येशूलाई गालिलीको समुन्द्रमा देख्दछन्

(यूहन्ना २१:१-२२) ।

८. एघार जनाले येशूलाई गालिलको डाँडामा भेट्दछन् (मत्ती २८:१६-२०) ।
९. स्पष्ट नगरिएको समयमा, येशू ५०० जना मानिसहरूकहाँ देखा पर्नु हुन्छ १ कोरिन्थी १५:६) ।
१०. येशू अर्को पटक याकुवकहाँ देखा पर्नु हुन्छ (पद ७) ।
११. स्वर्गमा उचालिनु अघि येशू एघार जना चेलाकहाँ देखा पर्नु हुन्छ (प्रेरित १:६-११) ।

## बौरी उठाई / पुनरुत्थान

धेरै मानिसहरूले येशू मृत्युबाट बौरी उठ्नु भएको विश्वास गर्न सहज छैन । तिनीहरूको अनुभवमा मरेको मानिस सधै मरेकै अवस्थामा रहँदछ । तिनीहरू यस्तो अनौठो दावामा विश्वास नै गर्दैनन् । तिनीहरू भन्दछन् कि चेलाहरू गल्तिमा छन् अर्थात कित तिनीहरूले नै यस्तै बनाएका हुन् ।

चेलाहरू पनि अविश्वासमै थिए । जब तिनीहरू चिहानसम्म गए तब तिनीहरूले प्रभुको शरीर चिहान मै पाउने आशा गरेका थिए । जब तिनीहरूले प्रभुको शरीर पाएनन् तब कसैले चोरेछ भनेर तिनीहरूले अनुमान लगाए । तिनीहरूले पुनरुत्थानको आशा गरेनन् । येशू तिनीहरूकहाँ देखा पर्नु भएपछि मात्र तिनीहरूले उहाँ फेरी जीवित हुनु भएछ भनी विश्वास गरे । धेरै यहुदीहरूले विश्वास गर्थे कि युगको अन्त्यमा पुनरुत्थान होला जब प्रत्येक इन्साफको निम्ति पुनरुत्थान हुन्छन् (दानियल १२:२) तर अन्त्य भन्दा अगाडिको महिमाको पुनरुत्थान मसिहालाई क्रूसमा टाँगिए झैं नसोचिएको रूपमा भयो । येशूले यी दुवै कुरा भन्नु भएको थियो (मत्ती १६:२१, १७:२३, मर्कूस ९:९) तापनि चेलाहरूले बुझेनन् अर्थात यो विश्वास गरेका थिएनन् (पद १०) । तिनीहरूले उहाँ मृतक मै रहनु हुन्छ भन्ने सोचेका थिए ।

तर यदि येशू परमेश्वरको पापरहित पुत्र हुन् भने त उहाँ करोडौं मानिसमा एक अद्भूत मानिस हुनुहुन्छ र उहाँ मृत्युको योग्य हुनुहुन्नथ्यो । यदि उहाँ बौरी नउठ्नु भएको भए चाहिँ हामीले अचम्म मान्नुपर्थ्यो । येशू मृत्युबाट बौरी उठ्नै भएको हो भन्ने विश्वास दिलाउने हामीसित पनि प्रमाण छ (जुन अर्को पाठमा उल्लेख गरिनेछ) ।

हामी धेरैसँग हाम्रो आफ्नै जीवनका अनुभवहरू पनि छन् जसले हामीलाई परमेश्वर हुनुहुन्छ भन्ने प्रष्ट पार्दछ जसले गर्दा उहाँले कहिलेकाहीं आश्चर्यकर्महरू गर्नुहुन्छ, येशू जीवित हुनुहुन्छ र पवित्रआत्मा उहाँको जनहरूमा हुनुहुन्छ।

## पुनरुत्थानको महत्व

पुनरुत्थानले येशूको निम्ति जीवनलाई देखाउँथ्यो - अलि उत्तम महिमाको जीवन जुनचाहिँ उहाँ यस धरतीमा आउनुभन्दा अगाडि पितासँग हुँदा थियो (यूहन्ना १७:५)। उहाँको पुनरुत्थानद्वारा उहाँ शक्तिमा परमेश्वरको पुत्र ठहरिनुभयो (रोमी १:४)। पुनरुत्थानले उहाँ को हुनुहन्छ भन्ने प्रष्ट पाऱ्यो। पुनरुत्थानले प्रमाणित गर्छ कि परमेश्वरले संसारको इन्साफ ख्रीष्टद्वारा गर्नुहुनेछ (प्रेरित १७:३१) तर पुनरुत्थानले हाम्रो निम्ति जीवनलाई पनि बताउँदछ। किनकि पावल भन्दछन्, "उहाँको जीवनद्वारा हामी बचाइने छौं" (रोमी ५:१०)। यदि "परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नु भयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ" (रोमी १०:५)। "यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनु भएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ" (१ कोरिन्थी १५:१४) हाम्रो उद्धार येशूको मृत्युमा मात्र आधारित छैन तर उहाँको पुनरुत्थानमा पनि आधारित छ (१ पत्रुस ३:२१)।

येशूको मृत्युसित जोडिएको धार्मिकता / न्याय पनि उहाँको पुनरुत्थानको एक परिणाम हो (रोमी ४:२४-२५)। हाम्रो उद्धार उहाँको अवतारको सम्पूर्ण कुराहरू: उहाँको जन्म, सेवकाई, मृत्यु र पुनरुत्थानमा आधारित छ।

हाम्रो बप्तिस्माले येशूको मृत्यू र पुनरुत्थानमा हाम्रो सहभागितालाई चित्रण गर्दछ। पानीबाट बाहिर निस्काइले हाम्रो नयाँ जीवनलाई चित्रण गर्दछ (रोमी ६:४) र यसले हाम्रो भविष्यलाई चित्रण गर्दछ: "हामी उहाँको पुनरुत्थानमा निश्चयनै उहाँसित एक हुनेछौं" (पद ५)। "जब उहाँ प्रकट हुनुहुन्छ हामी पनि उहाँ जस्तै हुनेछौं" (१ यूहन्ना ३:२)। पुनरुत्थान भएको हाम्रो शरीर उहाँको जस्तै हुनेछ (१ कोरिन्थी १५:४२-४९)।

परमेश्वरले हामीलाई "ख्रीष्टसँग जिउन .... ख्रीष्टसँगै बौरी उठाइन" बनाउन भएको छ (एफिसी २:५-६) हामी "उहाँसँगै बौरी उठाइयौ" (कलस्सी २:१२) ख्रीष्टमा विश्वासद्वारा हामी आत्मिकरूपमा उहाँसित एक भएका छौं। हाम्रो

पापहरू उहाँलाई दिइएको छ र उहाँद्वारा पापको ऋण तिरिएको छ, उहाँको धार्मिकता र जीवन हामीलाई दिइएको छ अनि हामी उहाँको पुनरुत्थानमा उहाँसित जोडिन्छौं । "ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा बास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ (रोमी ८:११) । उहाँको पुनरुत्थान नै हामी पनि फेरी जीवित हुन्छौं भन्ने प्रतिज्ञा हो !

## आरोहण

येशू बौरी उठेपछि "उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो । चालिस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो" (प्रेरित १:३) । अन्तिम दिनमा, तिनीहरूले हेर्दाहेर्दै उहाँ उभो उचालिनु भयो र वादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो" (पद ९) । उहाँ सामान्य रूपमा लोप हुनु भएन । उहाँ शरीरमै आकाशतिर जानुभयो, देखिने गरि नै स्वर्गतिर जाँदै हुनुहुन्थ्यो । उहाँको एकछिनको पुनरुत्थानको झलकहरू सकियो (पछि उहाँ असमयमा जन्मेको पावलकहाँ देखा पर्नुभयो (१ कोरिन्थी १५:८) ।

चेलाहरू आकाशमा हेरिरहेका बेला दुई स्वर्गदूतहरू देखा परे र तिनीहरूलाई भने "जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौं त्यसरी नै उहाँ फेरी आउनुहुनेछ" (प्रेरित १:११) बिच समयमा चेलाहरूले के गर्नु थियो ? तिनीहरूले पवित्र आत्मा नपाएसम्म येरुशलेममा पर्खिनु थियो (पद ४) र त्यसपछि तिनीहरू संसारभर येशूको साक्षी बन्नु थियो (पद ८) तिनीहरूले उहाँ जीवित हुनुहुन्छ उद्धार उहाँबाट मात्र पाइन्छ भनेर साक्षी दिए ।

## दाहिने बाहुलीमा

येशू स्वर्गमा जानु मात्र भएन - "उहाँ परमेश्वरको दाहिने बाहुली पट्टी उच्च पारिनु भयो" (प्रेरित २:३३) । "परमेश्वरले उहाँलाई राजा र मुक्तिदाताको रूपमा आफ्नो दाहिने बाहुलीपट्टी उच्च पार्नुभयो" (प्रेरित ५:३१) । "दाहिने बाहुलीमा हुनु" को अर्थ "सबभन्दा उच्च अख्तियारमा हुनु" हो । येशू सबभन्दा उच्च ठाउँमा उच्च पारिनु भयो, परमेश्वर आफैको दोस्रो रूपमा (फिलिपी २:९, १ कोरिन्थी १५:२७) । उहाँ स्वर्गहरूभन्दा उच्च, सबै कुराहरूको शासक बनाइनु भयो (हिब्रू ७:२७, १:२) ।

थोरैमा १२ पटक पवित्रशास्त्रले भन्दछ कि येशू पिताको दाहिने बाहुलीमा

हुनुहुन्छ। यी मध्ये पाँचवटाले चाहिँ भजन संग्रह ११०:१ लाई उदृत गर्छन्: "परमप्रभु मेरा परमप्रभुलाई भन्नुहुन्छ तिमी मेरो दाहिने हातपट्टि बस जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो खुट्टाको पाउदान तुल्याउँदिन।" यो एउटा यस्तो तस्वीर हो कि शत्रुहरू वसमा पारिउन् भनेर पिताले येशूलाई एउटा सिंहासन दिनुहुन्छ। परमेश्वरले शत्रुहरूको रेखदेख गर्नुहुनेछ, येशू उहाँको अख्तियारमा सुरक्षित हुनुहुन्छ। "Sit बस्नु" को निम्ति ल्याटिन भाषा प्रयोग गरेर यसलाई कहिलेकाहिँ खीष्टको "Session समय" - खीष्ट उहाँको सिंहासनमा बसाईंदै गरिएको समय भनेर पनि भनिन्छ।

## मिनिष्ट्रि / सेवकाई

स्वर्गमा उहाँको शक्तिको स्थानलाई प्रयोग गरेर, येशूले हाम्रो उद्धारको निम्ति कार्यलाई निरन्तरता दिनुहुन्छ। उहाँले पवित्रआत्मा हामीकहाँ पठाउँनुहुन्छ (यूहन्ना १५:२६, १६:७) र पवित्र आत्माले येशूको बारेमा गवाही दिँदछ र उहाँले हामीलाई के सिकाउनु भएको छ सो बुझ्न हामीलाई सहायता गर्नुहुन्छ (यूहन्ना १४:२६, १५:२६)। पवित्र आत्माद्वारा नै पिता र पुत्र हामीभित्र बास गर्नुहुन्छ (यूहन्ना १४:१८, २३)।

येशू हाम्रो वकिल हुनुहुन्छ (१ यूहन्ना २:१)। उहाँ सुरक्षा परिषद जस्तो हुनुहुन्छ जो हाम्रो बचाउमा "पितासित बोल्नु हुन्छ" - यदि कसैले हामीलाई दोष लगाउँछ भने हाम्रो पापहरू उहाँको बलिदानद्वारा ढाकिएका छन् भनेर सम्झाउन येशू त्यहाँ उपस्थित हुनुहुन्छ। त्यसैले दोष लगाउने कुनै बहाना छैन (रोमी ८:३३-३४) - येशू खीष्टमा विश्वास गर्नेहरूको निम्ति कुनै दण्ड छैन (पद १)।

बौरी उठ्नु भएका येशूले हाम्रो निम्ति मध्यस्थताको प्रार्थना गर्नुहुन्छ, हामीलाई दोषबाट बचाउ गर्नुहुन्छ र हामीलाई सहायता दिनुहुन्छ। "उहाँद्वारा परमेश्वरको नजीक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन सदैव जीवित रहनु हुन्छ" (हिब्रू ७:२५)। किनकि उहाँ आफैले कष्ट भोग्नु भयो र परीक्षित हुनुभयो यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ" (हिब्रू २:१८)। किनकि उहाँ हाम्रा दुर्वलताहरूमा सहानुभूति देखाउन सक्ने हुनुहुन्छ, उहाँले खाँचोको समयमा हामीलाई सहायता गर्नुहुनेछ भनी हामी विश्वस्त हुन सक्छौं (हिब्रू ४:१५-१६)।

उहाँ हाम्रो प्रधान पुजारी हुनुहुन्छ, उहाँले आफैलाई हाम्रो निम्ति बलिदान दिनुभयो र अहिले हामीलाई सहायता गर्न जीवित हुनुहुन्छ (हिब्रू २:१७, ३:१)। यदि हाम्रा पापहरू उहाँको मृत्युद्वारा क्षमा गरिएका छन् भने हामी विश्वस्त भएर परमेश्वरको नजीकमा जान सक्छौं (हिब्रू १०:१९) "परमेश्वरको घरानामा हाम्रो एक जना महान प्रधान पुजारी हुनु भएकोले" हामीलाई हौसला दिइएको छ कि "साँचो हृदयले विश्वासको सम्पूर्ण-भरोसामा हामी परमेश्वरको समिपमा जाऔ (पद २१,२२)।

येशू हाम्रो मध्यस्थकर्ता हुनुहुन्छ, सबै द्वन्दको समाधान गरेर हामीलाई परमेश्वरकहाँ ल्याउने मध्यस्थकर्ता (१ तिमोथी २:५) परमेश्वरले हाम्रो पक्षमा कुरा सुन्न हुन्छ भनी हामीलाई विश्वास दिलाउँदै उहाँले हामीलाई स्वर्गको सिंहासनको कोठा देखाउनु हुन्छ। यो नै जारी रहेको येशू खीष्टको सेवकाईको एक भाग हो।

येशू हाम्रो गोठालो पनि हुनुहुन्छ (यूहन्ना १०:११ हिब्रू १३:२०) यसैले उहाँले प्रेम गर्नु हुन्छ, सुरक्षा दिनुहुन्छ र हामीलाई जुटाई दिनु हुन्छ। पत्रुसले पनि उही देखाउँदछन् जब उनले येशूको बारेमा बताउँदछन्, "येशू नै तिमीहरूको आत्माको गोठालो र संरक्षक हुनुहुन्छ" (१ पत्रुस २:२५)। येशूले हाम्रो रखवाली गर्नुहुन्छ। प्रकाशको पुस्तकले हामीलाई बताउँदछ कि हामी थुमाद्वारा रेखदेख गरिन्छौ एक भद्र गोठालोद्वारा जसले आफैलाई हाम्रो निम्ति अर्पण गर्नुभयो (प्रकाश ७:१७)। उहाँले हाम्रो सबै आवश्यकताहरू पुरा गर्नुहुन्छ किनकी उहाँले ती सबै जान्नुहुन्छ।

परमेश्वरको येशूलाई मण्डलीको शीर हुने नियुक्त गर्नुभयो (एफिसी १:२२,४:१५) र मण्डली सबै कुरामा उहाँको नेतृत्वामा समर्पित हुनुपर्छ (एफिसी ५:२४)। शीरको रूपमा उहाँ नै सबै कुरामा थिको अधिकारी हुनुहुन्छ (कलस्सी १:१८, २:१०)। येशूसित स्वर्ग र पृथ्वीमा समस्त अधिकार छ (मत्ती २८:१८)। परमेश्वरले उहाँलाई सबै शक्ति र अधिकार भन्दा माथि वसाल्नु भएको छ (एफिसी १:२०- २२ कलस्सी २:१०)।

विश्वासद्वारा, हामी येशूसित उहाँको अद्भूत यात्रामा जोडिन्छौ। हामी उहाँसित क्रूसमा टाँगिन्छौं, उहाँसँग बौरी उठ्दछौं, हामी पवित्रआत्माद्वारा उहाँसित जोडिन्छौ। हामीलाई उहाँसँग महिमा दिईन र सदासर्वदा उहाँसँग नै राज्य गर्नेछौं (२ तिमोथी २:११- १२)। सु-समाचार विश्वास गर्नुहोस्।

★★★

# इकाई ४ ख

# येशूको पुनरूत्थानको प्रमाण

खीष्टियनहरू, यहुदीहरू र नास्तिकहरूले येशू क्रूशमा टाँगिनु भयो र गाडिनु भयो भनेर सहमत हुन्छ। खीष्टियनहरूको लागि क्रूसको विश्वास चाहिँ यो हो कि उहाँ बौरी पनि उठ्‌नु भयो - उहाँ एक परमेश्वरको पुत्र, सत्यको शिक्षकँ, उद्धारको ढोका र बाटो, पुनरुत्थानको पहिलो फलको प्रमाणको रूपमा। यहाँ उहाँको पुनरुत्थानको प्रमाण छ :

प्रथमत: धेरै इतिहासकारहरू सहमत छन् कि शुरुका चेलाहरूले येशू खीष्ट मृत्युबाट बौरी उठ्‌नु भयो भनेर विश्वास गर्थे। येशूको मृत्युमा तिनीहरू उदास र त्रासपूर्ण भए तापनि तिनीहरू चाँडै नै नाटकीय रूपले भिन्न भए: तिनीहरूले येशूको बारेमा प्रचार गर्न आफ्नो जीवनले खतरा मोले। दोस्रो र तेस्रो शताब्दीका खीष्टियनहरू (साथै धेरैले आज पनि) ले तिनीहरूको जीवन येशूको बारेमा प्रचार गर्न नै लगाएका छन्। निश्चय नै गलत विचारहरू हुन्छन् र कहिलेकाहीँ मानिसहरूले गलत विचारहरूको निम्ति आफ्नो जीवन दिन्छन् पनि - तर तिनीहरूले पनि आफू सत्य छु भन्ने ठानेमा मात्र। मानिसहरूले आफ्नो जीवन विश्वास नगरेको कुराहरू निम्ति उभ्याउँदैनन्। चेलाहरू येशू खीष्टको पुनरुत्थानमाथिको तिनीहरूको विश्वासमा कहिल्यै डग्मगाएनन्। तिनीहरू कसैले सतावटमा पनि तिनीहरूले कहानीलाई परिवर्तन गरेनन्। येशू खीष्ट बौरी उठ्‌नु भएको हो भनेर चेलाहरूले विश्वास गर्थे भन्ने कुरामै विरोधी इतिहासकारहरू पनि सहमत हुन्छन्।

त्यसपछि हामी विचार गर्न सक्छौं कि कति दर्जन चेलाहरू यस्तो दोषमा आउन सक्लान्। शायद हामीले सोच्न सक्ने पहिलो सम्भावना चाहिँ येशू वास्तवमा मर्नु नै भएन भन्ने हो। शायद क्रूसमा हुने उहाँ नै हुनुहुन्नथ्यो। हुनसक्छ, यहुदा स्कोरोतीले सिपाहीहरूलाई अर्कै मानिसकहाँ पुऱ्यायो अर्थात अन्तिम घडीमा साटियो (मुस्लिमहरूले विश्वास गरे जस्तै)। शोकमा भएको चेलाहरूले क्रूसमा साटिएकोलाई चिन्नै सकेनन् न त तिनीहरूले दफनको निम्ति तेल लगाउन र कात्रोले बेर्न लगेको शरीरलाई चिने के यो सम्भव छ ? के यसरी चिहान रित्तो हुनु र चेलाहरूले उहाँ देखा पर्नु भएको सोच्नु एक संयोग मात्र थियो ? निश्चय नै होइन, यो सबै कुराले अति नै कल्पनामा पुऱ्याउँदछ कि यसलाई

गम्भिरताकासाथ सोच्नै सकिंदैन ।

ठिकै छ त्यसो भए शायद येशू क्रूसमा मर्नु नै भएन - उहाँ अर्ध चेतना (कोमा) मा मात्र जानु भयो अनि त्यसपछि बिउँतनुभयो । के यो विश्वासनीय र ऐतिहासिक सम्भावना हो ? के रोमी सिपाहीहरूले क्रूसको दण्डलाई यस्तो हेलचेक्राँई गर्लान् र जिउँदो छ कि छैन नहेरी शरीरलाई तल झार्लान ? के यस्तो गम्भीर चोट लागेको घ्यक्ति व्युतिन सक्छ उसको शरीरको कात्रो वेगर, उसले आफ्नो चिहानको ढुंगा हटाउन सक्ला र म राम्रो स्वस्थ्य स्थितिमा छु भनेर चेलाहरूलाई विश्वास दिलाउन सक्ला ? त्यसपछि ४० दिनपछि कहिल्यै नदेखिनु होला ? हुनै सक्तैन, यी सबै तार्किक्र सिमाहरू हास्याष्पद छन् ।

शायद चेलाहरूले येशूलाई व्युतिनु सहायता गरे । तिनीहरूले ढुंगा हटाए, लुगाले बेरेनन्, घाउहरूमा मलमपट्टि गरे, अनि तिनीहरूको गुरु चिहानबाट बाँचेर बाहिर आए भन्ने कुरा बनाएर भने - एउटा कथा जुन चाँडै नै पुनरुत्थान र अचम्मको प्रकटिकरणको बारेमा ठूलो कथामा परिवर्तन भयो, एउटा कथा जसलाई चेलाहरूले कहिल्यै बताउन छोडेनन् । यो ऐतिहासिक अविश्वसनीयता मात्र नभए यसले चेलाहरूलाई ढँटुवा र धोकेबाज बनाउँदछ - हामीले माथि उल्लेख गरे जस्तै, अझै पनि मानिसहरूले तिनीहरूलाई झुटो लाग्ने कुराको निम्ति तिनीहरूको जीवन दिंदैनन् । येशू यसले खीष्टियनको उदयको निम्ति विश्वसनीय व्यख्या दिंदैन, जुन खीष्टियन विश्वास येशू मृत्युबाट बौरी उठ्नु भयो भन्ने प्रमाणमा पहिलो शताब्दीको शुरुका दिनहरूमा रोपिएको थियो - यो विश्वास पहिले येरुशलेममा फैलियो जहाँ सजिलै गरी यी तथ्यहरूको अनुसन्धान गर्न सकिन्छ !

येशू क्रूसबाट बच्नु भयो भन्ने कुरा इतिहास सम्मत छैन । ठिकै छ, त्यसो भए के चेलाहरूले पुनरुत्थानको बढाईचडाई गरेका हुन् त ? के तिनीहरूले लासलाई चोरे, कुनै ठाउँमा लुकाए, गार्डहरूको कथा बनाए अनि त्यसपछि ठोकुवाका साथ पुनरुत्थानको प्रचार गरे ? यसले पनि गतिलो तर्क ल्याउँदैन । यी मछुवाहरूले इतिहासमा यति ठूलो झुट निर्माण गर्न सक्तैनन्, तिनीहरूले जानेको जस्तो गरेर जीवन र मृत्युको सारा सत्यताहरूको विरुद्धमा गएर, त्यस समयको सबै धार्मिक विश्वासहरूको विरुद्धमा गएर, यहुदी र रोमी अख्तियारहरूको विरुद्धमा गएर, तिनीहरूले बनाएको कहानी बताउन तिनीहरूकै जीवन खतरामा राखेर, भित्री योजनालाई एक जनाले पनि धोकापूर्ण काम नगरी तिनीहरूले यस्तो ठूलो झुट

बनाउनै सक्तैनन् । यी गोठालाहरू झुटको षड्यन्त्र गर्दै थिएनन् । तिनीहरूको बोली र व्यवहारहरूले कुनै पनि यस प्रकारको धोकापूर्ण कार्यलाई देखाउँदैन । तिनीहरूको व्यवहारले तिनीहरूको सन्देशलाई पुष्टि गर्दछ ।

एउटा चाखलाग्दो प्वाईन्टको रूपमा, हामी रित्तो चिहानको अप्रत्यक्ष प्रमाणको निरीक्षण गर्न सक्छौं । (यदि चिहान रित्तो नभएको भए येशूको शरीरले ल्याएको सबै समस्या यहुदी गुरुहरूले रोक्न संक्दथे) । सु-समाचारका पुस्तकहरू अनुसार रित्तो चिहानले मात्र सबै चेलाहरूलाई विश्वस्त तुल्याएको थिएन । जब येशू देखा पर्नु भयो तब मात्र तिनीहरू विश्वस्त भए, र तिनीहरूले प्रचार गरेको पुनरुत्थान यही कुराहरूमा आधारित छ । यदि तिनीहरूले येशूको शरीरलाइ चोरेका भए निश्चय नै तिनीहरूले रित्तो चिहानलाई नै तिनीहरूको प्रमाणको एउटा भागको रूपमा प्रयोग गर्थे । तिनीहरूले नगरेका तथ्यले हामीलाई बताउँदछ कि तिनीहरूले सोचको कुरा तिनीहरूसँग थियो जुन चाहिँ उत्तम प्रमाण: जीवित येशूलाई नै देखेको साक्षी नै थियो ।

तिनीहरूको विश्वासको आधिकारीकताको अप्रत्यक्ष अर्को प्रमाणको रूपमा हामी ती सु-समाचारको पुस्तकहरूलाई निरीक्षण गर्न सक्छौं जसले रित्तो चिहान र बौरी उठ्नु भएको खीष्टको पहिलो प्रत्यक्षदर्शी स्त्रीहरू बारेमा बताउँदछ - अनि त्यो समाज र संस्कारमा स्त्रीहरूको गवाहीलाई स्वीकार गरिंदैनथ्यो । यदि चेलाहरूले मन गडन्ते कहानी बनाएका भए तिनीहरूले धेरै अधिकार भएका साक्षीहरूलाई तयार गर्दथे । यी मछुवाहरू त्यस्तो कुरा बनाउन सक्षम नै थिएनन् र प्रचार गर्नुमा त्यस्तो साह्रो साहासी पनि थिएनन् । अनि सु-समाचारका पुस्तकहरूले भिन्न पारेको सत्यताचाहिँ के हो त ? यदि यो अज्ञात रूपमा षड्यन्त्र बनाइएको हो भने प्रत्येकले एउटा कुरा उही तरीकाले भन्न के चेलाहरू सक्षम होलान् ? सबभन्दा विश्वासीलो व्याख्या चाहिँ यो हो कि चेलाहरूले साँच्चै नै येशू बौरी उठाइनु हुन्छ भनी विशवास गरे र तिनीहरूले सम्झे कै तरीकाले यो बताए ।

अब अर्को दृष्य चित्रलाई विचार गरौं: चिहानका डाकुहरू (धनी मानिसको चिहानमा धन सम्पत्ति पाउने आशा गर्दै) ले चिहानका पहरेदारहरूलाई अत्याधिक रक्सी खुवाएकोले तिनीहरू निद्रामा परे त्यसपछि चिहानका डाकुहरूले येशूको शरीरलाई लगे र मरुभूमीमा गाडे पहरेदारहरूको आफ्नो गल्तीलाई छोप्न र धार्मिक गुरुहरूको डरबाट बच्नको निम्ति स्वर्गदूतहरू र पुनरुत्थानको कहानी

बनाए र चेलाहरूलाई दोष लगाउन तिनीहरूलाई घुष खुवाइयो । त्यसपछि चेलाहरूसित येशूको पुनरुत्थानको भ्रमहरू थिए ।

तैपनि के सबै चेलाहरूसित कैंयौ पटक तिनीहरूको आकांक्षाको विरुद्धमा तिनीहरूको धार्मिक विश्वासको विरुद्धमा उही भ्रम थियो त ? के दृष्टि भ्रमले खान्थ्यो, पिउँथ्यो र बोल्दथ्यो अनि त्यसपछि अचानक ४० दिन पछाडी लोप हुन्थ्यो त ? दृष्टि भ्रमको कार्य यस्तो हुँदैन । घट्नाहरूले यो तर्कसँग मेल खाँदैन । पुनरुत्थानको कुरा एक पौराणिक कथा मात्र थियो र खीष्टियन समुदाय यसलाई २००० वर्ष देखि अक्षरस लिएर एउटा ठूलो गल्ती गरेको छ भन्ने अर्को विचारलाई पनि सोचौं । यो विचारसित थुप्रै समस्याहरू छन् । पहिलो कुराचाहिँ सु-समाचारका पुस्तकहरू पौराणिक शैलीमा लेखिएका छैनन् । यो स्पष्ट छ कि पुनरुत्थानलाई प्रथम शताब्दीमा पनि शाब्दिक रूपमा बुझिन्थ्यो जुनबेला येशूलाई प्रत्यक्ष आँखाले देख्ने साक्षीहरू पनि थिए जसले त्यो कथालाई पुष्टि गर्न र इन्कार गर्न पनि सक्दथे । पौराणिक कथालाई विकास गर्ने समय पनि थिएन । बाईबलका लेखकहरूले हामीलाई इतिहास दिन्छन: मैले जे देखे त्यो यही हो । यसले जे बताउँछ त्यो यही नै हो । तिनीहरूले जे देखे त्यही प्रस्तुत गर्दैछन् ।

चेलाहरू छलमा पारिएका थिएनन् नत् तिनीहरू धोकेबाजहरू नै थिए । तिनीहरूले जे विश्वास गरे त्यही मात्र हामीलाई भन्दछन् र यो विश्वास गरे त्यही मात्र हामीलाई भन्दछन् र यो निश्चित छ कि तिनीहरूले येशू मर्नुभयो, गाडिनु भयो र बौरी उठनु भयो भनी विश्वास गर्दथे । अनि तिनीहरूले यो विश्वास गर्नुमा पनि एउटा कारण छ किनभने यो तिनीहरूले आफ्नै आँखाले देखे ।

जीवनको त्यस वचनको विषयमा, जो शुरुदेखि थियो, जो हामीले सुनेका छौं जो हाम्रै आखाले हामीले देखेका छौं जो हामीले हेर्‍यौं र हाम्रा हातले छोयौं, त्यो जीवन प्रकट भयो र हामीले देख्यौ र हामी गवाही दिन्छौ र तिनीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौ जो पितासँग थियो र हामीकहाँ प्रकट भयो हामीले जे देखेका र सुनेका छौं सो हामी तिमीहरूलाई सुनाउँछौ ताकि हामीहरूसँग तिमीहरूको संगती होस् । हाम्रो संगती पिता र उहाँका पुत्र येशू खीष्टसँग छ (यूहन्ना १:१-३) ।

चेलाहरूले पुरै विश्वास गर्थे कि येशू मृत्यबाट बौरी उठनु भयो । किन तिनीहरूले यो विश्वास गर्दथे ? सबभन्दा विश्वसनिय व्याख्याले पनि तिनीहरूको गवाहीलाई स्वीकार्दछ । सबै अन्य सिद्धान्तहरू प्रमाणहिन र इतिहास असंगत छन् ।

जब हामी पनि परमेश्वरले हामीलाई बचाउन मानवतालाई हस्तक्षेप गर्नुपर्ने बारेमा सोच्दछौ र पुरानो करारमा उल्लेख गरिएको एक कष्ट भोग्ने दास जसले उहाँको मानिसहरूको निम्ति उहाँको आफ्नै जीवन अर्पण गर्नुहुनेछ भन्ने बारेमा सोच्दछौं भने, त्यो व्याख्याले यही कुरा बताउँदछ कि चेलाहरूले येशू बौरी उठ्नुभयो भनी विश्वास गरे किनभने येशू तिनीहरूकहाँ देखा पर्नुभयो र जीवित भै उठेको छु-भनी तिनीहरूलाई बताउनुभयो। त्यसैले तिनीहरूले तिनीहरूको विश्वासमा यस्तो परिवर्तन पाए र तिनीहरूले यस्तो जोश र सबुतका साथ प्रचार गरे। घट्नाहरूलाई हेर्दै लूकाले यसलाई यसरी लेख्दछन् "हामीलाई बताइएका सत्यता हामीलाई थाहा होस्" (लूका १:४)।

## पुनर्निमित बुँदा

येशू बौरी उठ्नुभयो भन्ने दावालाई मानिसहरूले कसरी लिए ? प्रत्येक (चेलाहरू सहित) को पहिलो प्रतिक्रिया शायद हास्यास्पद नै थियो। अति गम्भिर प्रतिक्रिया मत्ती २८:११-१५ मा दिइएको छ।

जब तिनीहरू (चेलाहरू) जाँदै थिए, कोही कोही पहरादारहरू शहरमा गएर मुख्य पुजाहारीलाई त्यहाँ भएका घट्नाहरूका बारेमा खबर दिए। जब मुख्य पुजाहारीहरू धर्म गुरुहरूसँग भेला भए तिनीहरूले सल्लाह गरेर सिपाहीहरूलाई यसो भनेर धेरै पैसा दिए "तिमीहरूले भन्नु कि हामी सुतिरहेको बेला त्यसका चेलाहरू आएर त्यसलाई चोरेर लगेछन्, कुनै हाकिमको कानमा यो कुरा पुगिहाल्यो भने हामी उहाँलाई मनाएर तिमीहरूलाई जोगाई दिनेछौं। तब तिनीहरूले सो पैसा लिए र सिकाए बमोजिम गरे र यहुदीहरूमा आजको दिनसम्म यहि कुरा फैलिएको छ।

केही आलोचकहरूले यो अनुच्छेद मत्तीद्वारा बनाइएको थियो भनी विश्वास गर्छन् तर कथा त्यसको निम्ति अति नै कठिन हुन्छ। यसले तार्किक बुँदामा कैयौं स्तरहरू देखाउँदछ। यसले दिमागमा सम्झेको कुरालाई मात्र देखाउँदैन तर विश्वास नगर्ने यहुदीहरूले पहरादारहरू सुतेको बेला चेलाहरूले येशूको शरीर चोरेर लगे भनेर लेखेको बेलाको तथ्यलाई पनि प्रष्ट पार्दछ।

मत्तीले शायद यस्तै हैन भन्ने दावालाई जवाफ दिन उसको सु-समाचारमा यो अनुच्छेद पनि समेटेर उनले सोचे कि यो नै एक गतिलो जवाफ हुनेछ। विश्वास नगर्ने यहुदीहरूले पनि येशूको चिहान खाली थियो भनेर सहमत थिए, तिनीहरूले

येशूलाई अर्कै ठाउँमा दफनाईएको थियो वा चेलाहरू गलत चिहानमा गए भनेर कुनै पनि आरोपहरू लगाएनन् ।

***प्रमाणको बुँदा पुनस्थापित गर्न :***

१. पहिलो कुरा, चेलाहरूले चिहान रित्तो छ भनेर भन्छन् ।

२. त्यसपछि विश्वास नगर्ने यहुदीहरूले भन्दछन् कि यो चेलाहरूले येशूको शरीर चोरेर भएको हो ।

३. त्यसपछि विश्वासीहरूले भन्दछन्, हामीले गर्नै सक्तैनौ किनकी त्यहाँ पहरादारहरू थिए ।

४. अविश्वासीहरूले (पहरादारहरूको उपस्थितिलाई इन्कार गर्न नसकेर) भन्दछन्, पहरादारहरू सुतेको बेला चेलाहरूले येशूको शरीर चोरे ।

५. आखिरमा, मत्तीले व्याख्या गर्दछन् कि पहरादारहरूलाई त्यस्तो भन्न घुस दिइयो ।

यो बुँदाले मान्दछ कि मत्तीको समयमा, अविश्वासी यहुदीहरूले चिहानमा पहरादारसित बातचित गरे । यो पुनरुत्थानलाई इन्कार गर्ने प्रथम प्रयास मात्र थिएन तर घटनालाई भिन्न तरीकाले व्याख्या गर्ने प्रयास थियो ।

★★★

## इकाई ४ ग

# बौरी उठ्नु भएका येशूलाई हामी कसरी लिन्छौं ?

हिब्रूको पुस्तकले हामीलाई बताउँदछ : येशू हाम्रो महान प्रधान पुजाहारीको रूपमा स्वर्गमा उठाइनु भएको छ यसैले हामीसित परमेश्वरको उपस्थितिमा प्रवेश गर्ने साहास हुन्छ अनि यसैकारणले हामी उहाँको उपस्थितिमा प्रवेश गर्नैपर्छ (हिब्रू १०:१९-२२)।

"आकाश छिचोलेर जानु भएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पुजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौ ...... साहससँग अनुग्रहको सिंहासन नजीक जाऔं र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं" (हिब्रू ४:१४-१६)। अर्को शब्दमा, येशू मृत्युबाट बौरी उठनु भएको भए हामीले प्रार्थना गर्नै पर्छ र हामीले विश्वस्तताकासाथ यो गर्नैपर्छ।

जीविन हुनु भएका येशूले प्रार्थनाद्वारा हाम्रो जीवनमा परिवर्तन ल्याउनु हुन्छ। उहाँअहिले स्वर्गमा हुनु भएकोले हाम्रो प्रार्थना सुनवाई हुनेछ भन्ने हामीसँग ग्यारेन्टी छ। हामी "येशूको नाउँमा" प्रार्थना गर्दछौं - उहाँले हाम्रो निम्ति मध्यस्तता गर्नुहुन्छ, हाम्रो निम्ति प्रार्थना गर्नुहुन्छ ! परमेश्वरले येशूलाई सुन्नु भए झै हाम्रो प्रार्थना पनि सुन्न हुन्छ।

प्रार्थनाको बारेमा धेरै गलत धारणहरू छन्। तल दिइएका पाठहरूले प्रार्थना के हो र यो कसरी गर्नुपर्छ भन्ने अझ बढि प्रकाश पार्दछ।

## *प्रार्थना: साहयताको निम्ति अपिल*

कसैले प्रार्थनालाई एक ड्यूटी जस्तै विश्वासयोग्य ख्रीष्टियनले गर्नेपर्ने कामको रूपमा लिंदछन। कसैले चाहिँ यसलाई हामीले दिनमा सातपटक अर्थात दिनमा तीन पटक वा रातभर, अर्थात उज्यालो हुनुभन्दा अगाडी वा थोरैमा पनि दिनमा दुई घण्टा प्रख्यात व्यक्तिहरूको उदाहरणलाई पछ्याएर प्रार्थना गर्नै पर्ने जस्तो मान्दछन्।

मेरो विचारमा खीष्टियनहरूले ड्यूटिको रूपमा प्रार्थना गर्ने होइन तर आवश्यकता अनुसार प्रार्थना गर्नुपर्छ वास्तवमा प्रार्थनाहरू भनेको निवेदनहरू हुन् । निश्चित समय वा खास तरीककाले प्रार्थना गर्ने वाइवलिय निर्देशन हामीलाई कतै पनि छैन । हामीलाई येशूले रातभर प्रार्थना गर्नु भएको उदाहरणलाई वा येरुशलेमतिर फर्केर दानिएलले गरेको प्रार्थनाको उदाहरणलाई पछ्याउनु भनिएको छैन ।

तर पवित्रशास्त्रले प्रत्येक ठाउँमा उल्लेख गर्दछ कि परमेश्वरको मानिसहरूले प्रार्थना गर्नुपर्छ । निश्चित तोकिएको समयमा मात्र प्रार्थना गर्नु भनेर हामीलाई बताइएको छैन तर हरेक समय प्रार्थना गर्ने बारेमा बताइएको छ (१ थिस्सोलोनिकी ५:१७, एफिसी ६:१८) । हामीले प्रार्थना गर्ने बेलामा घुँडा टेकेर, उभिएर अर्थात भुईंमा सुतेर प्रार्थना गर्नु भनिएको छैन । बरु हामीलाई प्रार्थनामा प्रत्येक कुरा गर्नु भनिएको छ (फिलिप्पी ४:६) ।

## धेरै लामो प्रार्थना किन ?

सबभन्दा सामान्य भावमा प्रार्थना भनेको एउटा निवेदन हो । सबभन्दा सामान्य हिब्रू र ग्रीक शब्दमा प्रार्थनाको अर्थ "माग्नु" हो । जुनसुकै बेला हामी कुनै कुराको निम्ति परमेश्वरलाई माग्दछौ भने, हामी प्रार्थना गर्दै हुन्छौं - र हामीले मागेको ठिक नै हुन्छ । जे इच्छा लाग्छ माग भनेर पावलले फिलिपीहरूलाई भन्नुभयो (फिलिपी ४:६) ।

त्यसैले हामीले प्रार्थना गर्नैपर्छ हामीलाई चाहिएको कुराहरूको निम्ति परमेश्वरलाई माग्नु भनी हामीलाई भनिएको छ । धेरै राम्रो गरी हामीले आफैले जान्दछौ, हामी साँच्चै आवश्यकतामा छौं भनेर पनि हामीलाई नै थाहा हुन्छ । अवश्य नै हामी केही गर्न त सक्तैनौ । यदि हामी कुनै कुरा असल गरी पूरा गर्न चाहान्छौ भने हामी परमेश्वरको सहायता खोज्नै पर्छ हामी उहाँ माथी भर पर्नै पर्छ । प्रार्थना सहायताको लागि एक निवेदन हो । अनि राम्रो आवश्यकताहरू कहिल्यै नसकिए झै हाम्रो प्रार्थना पनि कहिल्यै समाप्त हुनुहुँदैन ।

## परमेश्वरमा भरोसा

आफैमा भर पर्नु नै पाप हो । हामी जे छान्छौं त्यो हामी गर्न सक्छौं भनेर सोच्न, हामी हाम्रो भाग्यलाई नियन्त्रण गर्न सक्छौ, हाम्रो निम्ति के सहि र के गलत हामी

निर्णय गर्न सक्छौं भनेर सोच्नु नै हामी जस्तो निरिह प्राणीहरूको निम्ति अहंकार हो । सत्यता चाहिँ यो हो कि मानवहरूसित बृद्धि अर्थात शक्ति छैन । खीष्टले आफ्नो शक्तिको वचनद्वारा सम्पूर्ण विश्वलाई सम्भाल्नु भएकोले नै यो अस्तित्वमा छ (हिब्रू १:३) । हामी त्यही कारणले मात्र अस्तित्वमा छौ किनकी हाम्रो सृष्टिकर्ताले हाम्रो आवश्यकताहरू पूरा गर्नुहुन्छ (प्रेरित १४:१७) ।

"अझै (म अनुभवबाट बोल्दछु) विश्वासीहरू पनि कहिले काही परमेश्वरको निम्ति हाम्रो मिनेट मिनेटको आवश्यकता बारेमा बिर्सदछन् र हामी मुस्किलका सोचाईसित, परमेश्वरले हाम्रो निम्ति जे गर्दै हुनुहुन्छ त्यसको निम्ति परमेश्वरलाई विरलै मात्र धन्यवाद दिँदै दिन बिताउँदछौ । हामीले उहाँलाई वेवास्ता गरे पनि उहाँले हामीलाई सम्भाल्दै हुनुहुन्छ ।

हामी समस्याहरूसित जुध्दा पनि हाम्रो आवश्यकताहरू र इच्छाहरू प्रार्थनामा परमेश्वरसित जाहेर गर्नुपर्छ (फिलिपी ४:६) भन्ने महशुस गर्नुको सट्टामा हाम्रो आफ्नै बल, आफ्नै योजनाहरूद्वारा समस्याहरू सुल्झाउन कोशिस गरेर हामी कहिलेकाहीँ संधर्षरत हुन्छौं । वास्तवमा सबै कुरा परमेश्वरमा निहित छन् तर सबै कुरा हामीमा भए झैं हामी व्यवहार गर्दछौ । उहाँले हाम्रो आवश्यकताहरू जान्नु हुन्छ र हामीले उहाँमाथि भरोसा गरेको उहाँ चाहानु हुन्छ ।

धन्यवादका साथ हामीले हाम्रो निम्ति माग्न नजानेको बेला पनि पवित्र आत्माले हाम्रो निम्ति मध्यस्थता गर्नहुन्छ (रोमी ८:२६ २७) । पवित्र आत्मा खाली ठाउँ (हामीले नजानेको कुरा) मा उभिनु हुन्छ र हामीले नजानेको कुरामा हामीलाई सहायता गर्नुहुन्छ । त्यसैले जब हामी स्थिर गरी प्रार्थना गर्न असफल हुन्छौ तब पवित्र आत्मा अगाडी बढनु हुन्छ । त्यसो भए हामी सबै प्रार्थना पवित्र आत्मालाई सुम्पन सक्तैनौ र हामी जीवनको अप्ठ्यारोबाट गुज्रिँदाको सबै कुरा उहाँलाई गर्न दिन सक्तैनौ ।

हामीले प्रार्थना गर्नु आवश्यक छ । हामीले अझ खुशी, अझ पूर्ण हुनेछौं यदि हामीले यो सोच्दछौं भने कि हामी परमेश्वरको उपस्थितीमा जिउँछौं, उहाँमा हामी बाँच्दछौ, हलचल गर्दछौं र उहाँमा नै हाम्रो अस्तित्व छ (प्रेरित १७:२८) । जति बढी हामी परमेश्वरलाई जान्दछौ उतिनै हाम्रो जीवनको बुझाई राम्रो हुनेछ किनकी परमेश्वर नै हाम्रो आवश्यकताको जानकारीको ढाँचा हुनुहुन्छ । जब हामी जीवनलाई उहाँको कुराहरूमा हेर्दछौं हामी यसलाई दुरुस्त देख्दछौं । परमेश्वर हाम्रो प्रत्येक इच्छा पूरा गरिदिने साधन होइनन् । त्यो यसकारणले हो कि साँचो

हाम्रो आवश्यकता के हो सो हामी प्राय बुझ्दैनौं । हामी कष्टबाट हट्नुको निम्ति प्रार्थना गर्न सक्छौ तर क्षणीक हौसलालाई भन्दा अझ महत्त्वपूर्ण केही कुरा हामीलाई सिकाउन परमेश्वरले त्यो कष्टलाई प्रयोग गर्दै हुनुहोला । हामीले हाम्रो छिमेकी खीष्टमा आओस् भनेर उसको निम्ति प्रार्थना गरुँला (अनि हामीसित यो इच्छा हुनैपर्छ) । तर परमेश्वरको सहि समय नआएको होला । हामी त्यस व्यक्तिको जीवनमा अझ बढी सहभागी बनौ भन्ने परमेश्वरको इच्छा हुन सक्ला ।

स्पष्ट कुरा गर्दा, साँच्चै नै संसारसँग धेरै गलत कुराहरू छन् जस्तो कि हामीसित हाम्रो लागि, हाम्रो मण्डलीहरूको निम्ति र यो संसारको निम्ति धेरै इच्छाहरू छन् । हामीले यस विषयमा प्रार्थना गर्नुपर्छ ।

प्रार्थना सहायताको निम्ति हाम्रो पुकारा हो । प्रार्थनामा हामी आफैले गर्न नसक्ने असक्षम कुरामा हामी सहभागी हुन्छौ । प्रार्थनामा, हामी परमेश्वर र हामी बिचको सम्बन्धलाई थाहा गर्दछौं, जुन सम्बन्धमा परमेश्वरले हाम्रो आवश्यकताहरू उहाँको समझ अनुसार जुटाई दिने र हामीलाई आशिष दिनुहुने ज्ञान पाउँदछौं । प्रार्थना आराधनाको एक रूप हो किनकी यसले परमेश्वरसित शक्ति छ जसमा उहाँको अस्तित्व रहेको छ भन्ने ज्ञान दिन्छ ।

## धन्यवाद

परमेश्वरले हाम्रो आवश्यकताहरू पूरा गर्नुहुन्छ र त्यसको लागि उहाँलाई धन्यवाद दिनु हाम्रो निम्ति उपयुक्त हुन्छ । हामीले लिने प्रत्येक सास उहाँबाटको एक उपहार हो प्रकृतिको सबै सुन्दरता उहाँबाट कै उपहार हो । विभिन्न अद्भूत दृष्यहरू, आवाजहरू, वास्ना र संरचनाहरू उहाँबाट कै उपहार हुन् । परमेश्वरसितको हाम्रो वार्तालाप धन्यवाद साथै निवेदनहरू सितको हुनुपर्छ उहाँले नै प्रत्येक असल कुराहरू दिनुहुन्छ भनी ज्ञान दिने यो नै प्रशंसाको एक संरचना हो ।

जब हामी परमेश्वरलाई धन्यवाद दिन्छौ, तब हामी आफैलाई सम्पूर्ण संसारको हाम्रो स्थानमा राख्दछौं - परमेश्वरको प्रेमको एक निशानको रूपमा ठूलो आदरको स्थानमा र उहाँको अनुग्रहमाथि अवस्थित स्थानमा आफैलाई राख्दछौं । धन्यवाद दिनु भनेको हामी के हौं र किन हामी छौं भन्ने थाहा पाउने एउटा बाटो हो, सम्पूर्ण संसार उहाँकै दानद्वारा संचालित छ भनी यसले हामीलाई बताउँदछ ।

कसैले भन्ला: "मलाई त्यो अघि नै थाहा छ । मैले यो किन भनी बस्ने ?" मेरो

विचारमा हामी यसको बारेमा साँच्चै नै सचेत छौ भन्ने केवल भन्दै मात्र छौं, यदि हामीले यो एक दान जस्तो हो भनेर सम्भन्छौं भने जीवन उत्तम तरिकाले चल्ने कुरामा सचेत नभइकनै दिन बिताउन हामीलाई धेरै सजिलो हुन्छ । हामीलाई वाईवलिय निर्देशन पनि छ कि हामी धन्यवादी हुनुपर्छ र हाम्रो प्रार्थनामा परमेश्वरलाई निरन्तर धन्यवाद दिनुपर्छ, (१ थिस्सोलिनिकी ५:१७-१८) ।

उसरी नै बाईबलले पनि दृढतापूर्वक प्रार्थना गर्न, उही निवेदन फेरी-फेरी पनि चढाउने हामीलाई बताउँदछ । विश्वासद्वारा हामीलाई थाहा छ कि पहिलो चोटी नै परमेश्वरले हाम्रो प्रार्थना सुन्नु भयो र हाम्रों दृढता वेगर पनि उहाँले हाम्रो उत्सुकता जान्नु हुन्छ त्यसैले मैले निचोड निकालें कि हाम्रो दृढताको निम्ति उहाँको निर्देशन साँच्चै नै हाम्रो आफ्नै भलाईको निम्ति हो । हाम्रो हृदयको चाहानाहरू के हुन् सो दोहोऱ्याई-दोहाऱ्याई आफैलाई भन्नु आवश्यक छ ।

यसको मतलब प्रार्थना गर्न आफैसित बात मार्न मात्र होइन अर्थात लुकेको सत्यतालाई आफैलाई सम्भाउन पनि होइन । पवित्रशास्त्रले हामीलाई बताउँदछ कि प्रार्थना भनेको परमेश्वरसितको साँचो वार्तालाप हो । हाम्रो निवेदनहरू साँच्चै नै स्वर्गमा जाँदैछन र साँच्चै नै परमेश्वरले सुन्नु हुन्छ र जवाफ दिनुहुन्छ । हाम्रो धन्यवादहरू साँच्चै नै परमेश्वरकहाँ जाँदैछ, हामीले उहाँलाई तस्वीरमा देख्नै पर्छ । प्रायः प्रार्थनामा परमेश्वर हामीसित बोल्नु हुन्छ जब हामी उहाँले हामीलाई के सोचेको र गरेको चाहानु हुन्छ भन्ने समभमा वृद्धि हुन्छौ ।

परमेश्वरले हाम्रो लागि दिनहुँ गर्नु भएको कुराहरूको निम्ति, हाम्रो भविष्यको निम्ति गर्नु भएका प्रतिज्ञाहरूको निम्ति, हाम्रो भविष्यलाई सुनिश्चित गर्न उहाँले अघि नै ख्रीष्टमा गरिसक्नु भएको कुराहरूको निम्ति हामीसित कहिल्यै नसकिने धन्यवादहरू छन् । ख्रीष्टको निम्ति हाम्रो धन्यवादी स्वभाविक रूपले परमेश्वरको इच्छालाई गर्नको निम्ति हामी मै समर्पित भएर आउँदछ । हामी हामीले धेरै प्रेम गरेको व्यक्तिलाई नै विश्वासयोग्य वफादारसितकासाथ जवाफ दिन चाहान्छौ ।

हाम्रो अस्तित्व, खुशी, आनन्द, शुद्धता सबै येशू ख्रीष्टद्वारा हामीलाई परमेश्वरको दिन-दिनैको सहायतामा आधारित छ । धन्यवादी हुनुपर्ने थुप्रै कुराहरू छन् – साँच्चै नै हामीसित भएका प्रत्येक कुराको निम्ति र सदा हामीसित आशा हुनु पनि एउटा दान नै हो जसको निम्ति पनि हामी धन्यवादी हुनैपर्छ ।

हाम्रो धन्यवाद परमेश्वर जो हुनुहुन्छ, त्यसको निम्ति हाम्रो आभार सहितको

हुनुपर्छ र यहाँ चाहिँ हाम्रो प्रार्थना धन्यवाद र प्रशंसामा छुट्दछ । हामी उहाँको शक्ति, वृद्धि, दया, उहाँको प्रेमको सुन्दरताको वखान गर्दछौं । हामी उहाँ जो हुनुहुन्छ त्यसको निम्ति प्रशंसा गर्दछौं, उहाँले हामीलाई जे दिनु हुन्छ त्यसको निम्ति मात्र होइन किनकी वास्तवतमा उहाँले त आफैलाई नै हामीलाई अर्पण गर्नुहुन्छ ।

## सहायताको निम्ति मेरो पुकारा

अन्त्यमा मित्रहरू, म तपाईहरूलाई तपाईको स्थानिय मण्डलीको निम्ति प्रार्थना गर्न अनुरोध गर्दछु । यसले तपाईंको समुदायमा उहाँको राज्यको निम्ति भिन्नता ल्याउने परमेश्वरको सामर्थ्य तपाईंको मण्डलीको निम्ति ल्याउँदछ । एकसाथ काम गर्न र असम्भवलाई ठिक गर्न तपाईंलाई ईश्वरीय सहायता आवश्यक हुन्छ । तपाईंले प्रार्थना गर्नु आवश्यक छ । तपाईको स्थानीय अगुवाहरूको निम्ति पनि प्रार्थना गर्नुहोस् । आराधना अगुवाई गर्नेहरूलाई ईश्वरीय आशिषको आवश्यक छ । जो बोल्दछ उसले परमेश्वरको वचन बोलोस् (१ पत्रुस ४:११) र यो मानविय बुद्धिबाट गरिनु हुँदैन ।

अनि मेरो निम्ति पनि प्रार्थना गर्नुहोस् । अती बुद्धिमान मानिसले पनि परमेश्वरले मेरो अगाडि राख्नु भएको कामलाई गर्न सक्तैन । मलाई इश्वरीय सहायताको खाँचो छ, र म यसको निम्ति प्रार्थना गर्छु अनि म यसलाई पाउँदछु । अनि पावलले उसको मण्डलीहरूलाई आफ्नो निम्ति प्रार्थना गर्न अनुरोध गरे जस्तै (कलस्सी ४:२-३) म पनि तपाईंहरूलाई मेरो निम्ति प्रार्थना गर्न अनुरोध गर्दछु । मैले व्यक्तिगत रूपमा भोग्ने कठिनाईहरू, र मण्डलीको काममा मैले भोग्ने कठिनाइहरू जसको मतलब मलाई परमेश्वरको सहायता खाँचो छ । हामी सबैलाई सहायता खाँचो छ । हामी सबैलाई प्रार्थना चाहिन्छ ।

★★★

# इकाई ५ क

# पवित्र आत्मा

पवित्र आत्मा काम गर्ने परमेश्वर हुनुहुन्छ - सृष्टि गर्ने, बोल्ने, हामीलाई परिर्वतन गर्ने, हामी भित्र वास गर्ने, हामीमा काम गर्ने । पवित्र आत्माले हाम्रो ज्ञान नै बेगर पनि काम गर्न सक्नुहुन्छ, उहाँलाई अझ बढी जान्न हामीलाई यो सहायक सिद्ध हुन्छ ।

## *पवित्र आत्मा परमेश्वर हुनु*

पवित्र आत्मासित परमेश्वर कै गुण छ र उहाँ परमेश्वरसित समान हुनुहुन्छ साथै परमेश्वरले मात्र गर्ने काम उहाँले गर्नुहुन्छ । परमेश्वर जस्तै आत्मा पवित्र हुनुहुन्छ - अति पवित्र जुन आत्मालाई अनादर गर्नु भनेको परमेश्वरको पुत्रलाई खुट्टाले कुल्चेको जस्तै पाप हुँदछ । (हिब्रू १०:२९) । पवित्र आत्मा विरुद्धको निन्दा क्षमा नहुने पाप हो (मती १२:३२) यसले प्रष्ट पार्दछ कि आत्मा स्वभावैले पवित्र हुँदछ न कि मन्दिरको पवित्रताको कारणले ।

परमेश्वर जस्तै, पवित्र आत्मा अनन्त हुनुहुन्छ (हिब्रू ९:१४) । परमेश्वर जस्तै पवित्र आत्मा सर्वव्यापी हुनुहुन्छ (भजन संगह्र १३९:७-९) ।

परमेश्वर जस्तै पवित्र आत्मा सर्वज्ञानी हुनुहुन्छ (१ कोरिन्थी २:१०-११, यूहन्ना १४:२६) पवित्र आत्माले सृष्टि गर्नुहुन्छ (अय्यूव ३३:४, भजन संग्रह १०४:३०) र परमेश्वरको काम अर्थात सेवकाई गर्न आश्चयकर्महरूमा सहायता गर्नुहुन्छ (मत्ती १२:२८, रोमी १५:१८-१९) ।

कैयौं अनुच्छेदहरूले पिता, पुत्र र पवित्र आत्मालाई ईश्वरीय समानताको रूपमा बताउँदछन् । आत्मिक दानहरूको कुरा गर्दा पावलले आत्मा, प्रभू र परमेश्वरलाई समानतामा राख्दछन् (१ कोरिन्थी १२:४-६) । उसले तीन भागको प्रार्थनाद्वारा पत्र अन्त्य गर्दछन् (२ कोरिन्थी १३:२४) पत्रुसले एक भिन्न तीन भागको नियम / सूत्रद्वारा पत्र शुरु गर्दछन् (१ पत्रुस १:२) र यी एकै हुन् भन्ने कुराको प्रमाण चाहिँ होइनन् तर सहायक चाहिँ हुन् ।

वप्तिस्माको नियमसँग चाहिँ एकै हुन् भन्ने देखाउने बलियो प्रमाण छ "पिता, पुत्र र पवित्र आत्माको नाउँ" (एक वचन) मा (मत्ती २८:१९) । तीनसित एउटै गुण

र अस्तित्व देखाउने एउटै नाम छ।

जब पवित्र आत्माले केही कुरा गर्नुहुन्छ तब परमेश्वरले नै यसलाई गर्दै हुनुहुन्छ। जब पवित्र आत्मा बोल्नु हुन्छ तब परमेश्वर बोल्दै हुनुहुन्छ। जब हननियाले पवित्र आत्मासित झुटो बोले तब उसले परमेश्वरसित नै झुटो बोले (प्रेरित ५:३-४)। किनकी पत्रुसले भने, हननियाँले परमेश्वरको प्रतिनिधिहरू सित झुटो बोलेका होइन तर उसले परमेश्वर स्वंयसित झुटो बोले। मानिसहरू अव्यैक्तिक (एकल) शक्तिसित "झुटो" बोल्दैनन्।

एउटा अनुच्छेदमा पावल भन्दछन् कि खीष्टियनहरू पवित्र आत्माको मन्दिर हुन् (१ कोरिन्थी ६:१९), अर्को अनुच्छेदमा उनी भन्दछन् कि हामी परमेश्वरको मन्दिर हौं (१ कोरिन्थी ३:१६)। मन्दिर इश्वरीय अस्तित्वको आराधनको निम्ति हो, अव्यैक्तिक शक्तिको निम्ति होइन। पावल "पवित्रआत्मा को मन्दिर" बारेमा लेख्दछन् तब उनी पवित्र आत्मा परमेश्वर हुन् भनी व्यक्त गर्दछन्।

पवित्रआत्मा र परमेश्वर एक समान हुन् भनी प्रेरित १३:२ मा देखाइएको छ। "पवित्र आत्माले भन्नुभयो, मेरो निम्ति वारनावास र शाउललाई त्यस कामको लागि अलग गर जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु। यस पदमा परमेश्वरको रूपमा बोल्दै, पवित्र आत्मा व्यक्तिवाचक सर्वनामहरूद्वारा बोल्नु हुन्छ। त्यसरी नै पवित्र आत्मा भन्नु हुन्छ कि इस्राएलीहरूले "मलाई जाँचे र मेरो काम देखे," पवित्र आत्मा भन्नुहुन्छ कि "म क्रोधित भए ......... तिनीहरू मेरो विश्वासमा कहिल्यै पस्ने छैनन्" (हिब्रू ३:७-११)।

तर पवित्र आत्मा परमेश्वरको निम्ति अर्को नाउँ चाहिँ होइन येशूको वप्तिस्मामा देखाईएको जस्तै पवित्र आत्मा पिता र पुत्रबाट भिन्न व्यक्तित्व हुनुहुन्छ। (मत्ती ३:१६-१७) तीन फरक तर एकै हुन्।

पवित्र आत्माले परमेश्वरको काम हाम्रो जीवनमा गर्नु हुन्छ। हामी परमेश्वरबाट जन्मेका छौं (यूहन्ना १:१२)। जुनचाहिँ आत्माबाट जन्मिएको जस्तै हो (यूहन्ना ३:५) पवित्र आत्मा जसद्वारा परमेश्वर हामीमा जीउनु हुन्छ (एफिसी २:२२, १ यूहन्ना ३:२४, ४:१३)। पवित्र आत्मा हामीमा वास गर्नु हुन्छ (रोमी ८:११, १ कोरिन्थी ३:१६) अनि पवित्र आत्मा हामीमा वास गर्नु हुन्छ भनी हामी भन्न सक्छौं कि परमेश्वर हामीमा वास गर्नुहुन्छ।

## आत्मा व्यक्ति हुनुहुन्छ

धर्मशास्त्रले पवित्र आत्मालाई व्यक्तिगत चरित्रहरू भएको रूपमा व्याख्या गर्दछ ।

- आत्मा वास गर्नुहुन्छ (रोमी ८:११, १ कोरिन्थी ३:१६) ।
- आत्मा बोल्नु-हुन्छ (प्रेरित ८:२९, १०: १९, ११:१२,२१:११, १ तिमोथी ४:१, हिब्रू ३:७ इत्यादी) ।
- आत्माले कहिलेकाही व्यक्तिवाचक सर्वनाम "म" प्रयोग गर्नुहुन्छ (प्रेरित १०:२०,१३:२) ।
- आत्मालाई बातचित गर्न, परीक्षा गर्न, चित्त दु:खाउन, अनादर गर्न अर्थात निन्दा गर्न सकिन्छ (प्रेरित ५:३,९, एफिसी ४:३०, हिब्रू १०:२९, मती १२:३१) ।
- आत्माले अगुवाई गर्नुहुन्छ, मध्यस्थता गर्नुहुन्छ , बोलाउनु हुन्छ र आज्ञा गर्नु हुन्छ (रोमी ८:१४,२६, प्रेरित १३:२,२०:२८) ।

रोमी ८:२७ ले आत्माको "मन" लाई देखाउँदछ । उहाँले फैसलाहरू गर्नुहुन्छ- पवित्र आत्मालाई फैसला "उचित" लाग्यो (प्रेरित १५:२८) । पवित्र आत्माले "जान्नु" हुन्छ र "सोच्नु" हुन्छ (१ कोरिन्थी २: ११, १२:११) । यो अव्यैक्तिक (एकल) शक्ति होइन ।

येशूले पवित्र आत्मालाई पाराक्लेटोस भन्नुभयो जसको अर्थ सहायक, वकिल अर्थात सल्लाहकार हुन्छ । "म पितासँग विन्ति गर्नेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनु हुनेछ र उहाँ तिमीहरूसित सदासर्वदा रहनुहुनेछ - जो सत्यका आत्मा हुनुहुन्छ" (यूहन्ना १४:१६-१७) येशूले जस्तै, चेलाहरूको पहिलो सल्लाहकारले सिकाउनु हुन्छ, गवाही दिनु हुन्छ, कायल बनाउनु हुन्छ, अगुवाई गर्नुहुन्छ र सत्यता प्रकट गर्नुहुन्छ (यूहन्ना १४:२६,१५:२६ १६:८, १३-१४) यी व्यक्तिगत भूमिकाहरू हुन् ।

यूहन्नाले पाराक्लेटोसको पुलिङ्ग रूप प्रयोग गर्नुहुन्छ, नपुंसकलिङ्ग शब्द बनाउनु आवश्यक भएन । यूहन्ना १६:१४ मा पुलिङ्ग सर्वनाम (उहाँ) प्रयोग गरिएको छ, नपुसंकलिङ्ग शब्द "आत्मा" उल्लेख गरिए पछि पनि । नपुंसकलिङ्ग सर्वनाम "यो" प्रयोग गर्न सजिलो हुन्थ्यो तर यूहन्नाले यो प्रयोग गरेनन् आत्मा उहाँ भनेर चिनिनु

हुन्छ । व्याकरणसँगको सम्बन्ध महत्त्वपूर्ण छैन, महत्त्वपूर्ण चाहिँ पवित्र आत्मासित व्यक्तिगत चरित्रहरू छन् भन्ने नै हो । उहाँ अव्यैक्तिक (एकल) शक्ति हुनुहुन्न तर बुद्धिमान र हामी भित्र वास गर्नुहुने ईश्वरीय सहायक हुनुहुन्छ ।

## पुरानो करारमा आत्मा

बाईबलसँग "पवित्र आत्मा" भन्ने शिर्षकको एउटा भाग पनि छैन । हामी आत्मा बारेमा अलि यहाँ अलि त्यहाँ गरेर सिक्दछौं । किनकी पवित्रशास्त्रले आत्माले जे गर्दछ त्यो उल्लेख गर्दछ । पुरानो करारले केवल थोरै झलकहरू मात्र हामीलाई दिँदछ ।

आत्मा सृष्टि र सम्पूर्ण जीवन दिनमा सहभागी हुनुहुन्थ्यो (उत्पती १:२ अय्युव ३३:४,३४:१४) । परमेश्वरको आत्माले वजलेललाई तम्बू बनाउने सीपले भर्नुभयो (प्रस्थान ३१:३-४) । उहाँले मोसालाई भन्नुभयो र ७० जना एल्डरहरूमाथि आउनुभयो (गन्ती ११:२५) । उहाँले यहोशुलाई बुद्धिले भर्नुभयो र अगुवाहरूलाई भर्नुभयो जस्तो कि सिमसोनलाई सामर्थ्य अर्थात लडाई गर्ने क्षमताले भर्नुभयो (व्यवस्था ३४:९, न्यायकर्ता ६:३४, १४:६) ।

परमेश्वरको आत्मा सावललाई दिइएको थियो र पछि वापस लगियो (१ सामुएल १०:६,१६:१४) । आत्माले दाउदलाई मन्दिरको निम्ति योजनाहरू दिनुभयो (१ इतिहास २८:१२) । आत्माले भविष्यवक्ताहरूलाई बोल्न प्रेरणा दिनुभयो (गन्ती २४:२, २ सामुएल २३:२,१ इतिहास १२:१८, २ इतिहास १५:१,२०:१४, इजिकिएल ११:९, जकरिया ७:१२, २ पत्रुस १:२१) ।

नयाँ करारमा पनि आत्माले मानिसहरूलाई एलिजावेथ, जकरिया र सिमिओन सहितका लाई बोल्ने बनाउनुभयो (लूका १:४१, ६७, २:२५-३२), वप्तिस्मा दिने यूहन्ना जन्मबाट नै आत्माले भरिएका थिए (लूका १:१५) । उसको सबभन्दा महत्त्वपूर्ण काम चाहिँ आउनु हुने येशू जसले पानीबाट मात्र होइन तर "पवित्र आत्मा र आगोद्वारा" वप्तिस्मा दिनु हुन्छ भनी घोषणा गर्नु थियो (लूका ३:१६) ।

## आत्मा र येशू

पवित्र आत्मा येशूको जीवनभरी नै सहभागी हुनुहुन्थ्यो । पवित्र आत्मा उहाँको गर्भधानको कारण हुनुभयो (मती १:२०), उहाँको वप्तिस्मामा उहाँमाथि ओर्लनुभयो (मत्ती ३:१६) । उहाँलाई उजाड स्थानतिर डोर्‍याउनुभयो (लूका ४:१) र सु-समाचार

प्रचार गर्न उहाँलाई अभिषेक गर्नुभयो (लूका ४:१८) । येशूले परमेश्वरको आत्माद्वारा भूतहरू थपाउनु भयो (मत्ती १२:२८) । आत्माद्वारा नै उहाँले आफूलाई नै पापको निम्ति एक बलिदानको रूपमा अर्पण गर्नुभयो (हिब्रू ९:१४) र त्यही आत्माद्वारा मृत्यूबाट बौरी उठाइनु भयो (रोमी ८:११) ।

येशूले सिकाउनु भयो कि सतावटको समयमा चेलाहरूद्वारा भएर आत्मा बोल्नु हुनेछ (मत्ती १०:१९-२०) उहाँले तिनीहरूलाई भन्नुभयो कि पिता, पुत्र र पवित्र आत्माको नाउँमा वप्तिस्मा देउ (मत्ती २८:१९) । उहाँले भन्नुभयो कि माग्नेहरूलाई परमेश्वरले पवित्र आत्मा दिनुहुनेछ (लूका ११:१३) ।

पवित्र आत्माको बारेमा येशूको सबभन्दा महत्त्वपूर्ण शिक्षाहरू यूहन्नाको सु-समाचारमा आउँदछन् । पहिलो, मानिस "पानी र आत्माबाट" जन्मिनै पर्छ (यूहन्ना ३:५) मानिसहरूलाई आत्मिक नविकरण आवश्यक छ र यो मानिसहरू आफैबाट आउँदैन: यो परमेश्वरको एउटा दान हो । आत्मालाई देख्न नसकिए पनि पवित्र आत्माले हाम्रो जीवनमा परिवर्तन ल्याउनुहुन्छ (पद ८) ।

येशूले पनि सिकाउनु भयो, "कोही तिर्खाउँछ भने उसले मकहाँ आएर पिओस् । जसले ममा विश्वास गर्छ, पवित्रशास्त्रले भने अनुसार जीवित पानीका मुहानहरू उसबाट बगी निस्कने छन्" (यूहन्ना ७:३७-३८) । यूहन्नाले यो व्याख्यालाई अझ जोड्दछन् : यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए" (पद ३९) । पवित्र आत्माले एक अनन्तको तिर्खालाई सन्तुष्ट पार्दछ । उहाँले हामीलाई परमेश्वरसितको सम्बन्ध दिनुहुन्छ जसको निम्ति हामी सृष्टि गरिएका थियौं । हामीले येशूकहाँ आएर आत्मा पाउँदछौं र आत्माले हाम्रो जीवन भर्न सक्नु हुन्छ ।

यूहन्नाले हामीलाई यो पनि भन्दछन् "त्यसबेलासम्म पवित्र आत्मा दिइएको थिएन किनकि येशूको महिमा अझसम्म भएको थिएन" (पद ३९) । आत्माले येशूभन्दा अघिका धेरै पुरुष र स्त्रीहरूलाई अगाडि नै भर्नु भएको थियो तर आत्मा नयाँ र अझ शक्तिशाली रूपमा - पेन्टिकोष्टको दिनमा आउनु भयो । आत्मा अब टाढा - टाढामा रहेका सबैका निम्ति दिइएको छ, प्रत्येक जसलाई प्रभू हाम्रा परमेश्वरले बोलाउनु हुन्छ (प्रेरित २:३८-३९) ।

येशूले प्रतिज्ञा गर्नुभयो कि उहाँका चेलाहरूलाई सत्यको आत्मा दिइनेछ जो तिनीहरूमा वास गर्नुहुनेछ (यूहन्ना १४:१६-१८) । यो चाहिँ येशू आफै नै उहाँको

चेलाहरू कहाँ आउनु भएको बराबर हो (पद १८)। किनभने उहाँ खीष्टको आत्मा साथसाथै पिताको आत्मा हुनुहुन्छ - जो येशू साथ साथै पिताद्वारा पठाईनु भएको हो (यूहन्ना १५:२६)। आत्माले येशूलाई प्रत्येककहाँ पाउन सकिने बनाउनु हुन्छ र उहाँको काम निरन्तर गर्नु हुन्छ।

आत्माले चेलाहरूलाई सिकाउनु हुनेछ र येशूले सिकाउनू भएको कुराको तिनीहरूलाई याद दिलाउनु हुनेछ (१४:२६)। आत्माले तिनीहरूलाई येशूको पुनरुत्थान अघि तिनीहरूले बुझ्न नसकेको कुराहरू सिकाए (१६:१२-१३)

आत्माले येशूको बारेमा गवाही दिदछ (१५:२६ १६:१४)। उहाँले आफैलाई बढावा दिनुहुन्न तर मानिसहरूलाई येशू खीष्ट र पिताकहाँ डोऱ्याउनु हुन्छ। उहाँ आफ्नो तर्फबाट बोल्नु हुन्न तर पिताले जे चाहानु हुन्छ त्यस अनुसार बोल्नुहुन्छ (१६:१३)। आत्मा लाखौ मानिसहरूमा वास गर्न सक्नु हुन्छ त्यसैले हाम्रो हितको लागि येशू जानुभयो र हामीकहाँ आत्मा पठाउनु भयो (१६:७)।

आत्माले सु-समाचार कार्यमा, संसारलाई पाप, दोष, धार्मिकता र न्यायको विषयमा दोषी ठहऱ्याउने काम गर्नु हुन्छ (पद ८ १०)। पवित्र आत्माले मानिसहरूलाई येशू नै दोषको सामधान र धार्मिकताको श्रोतको रूपमा देखाउनु हुन्छ।

## ***आत्मा र मण्डली***

वप्तिस्मा दिने यूहन्नाले भन्नुभयो कि येशूले मानिसहरूलाई पवित्र आत्मामा वप्तिस्मा दिनु हुनेछ (मर्कूस १:८) यो उहाँको पुनरुत्थान पछि पेन्तिकोसको दिनमा हुन आयो जब आत्माले अचम्म गरी चेलाहरूलाई नयाँ शक्ति दिनुभयो (प्रेरित २)। यसले अरु जातिहरूबाटको मानिसहरूले बुझ्ने भाषालाई समेट्यो (पद ६)। उस्तै आश्चर्यकर्महरू केही अन्य अवसरहरूमा पनि घट्यो जब मण्डली वृद्धि भयो (प्रेरित १०:४४-४६, १९:१-६)।

एक इतिहासकारको रूपमा, लूकाले असाधारण साथसाथै अति नै ठेट घटनाहरूको जानकारी दिदछन्। सबै नयाँ विश्वासीहरूलाई यी आश्चर्यकर्महरू भए भनेर देखाइएको छैन। पावल भन्दछन् कि सबै विश्वासीहरूले एउटै पवित्र आत्माद्वारा एउटै शरीर -मण्डलीमा वप्तिस्मा पाए (१ कोरिन्थी १२:१३)। जो सित विश्वास छ ती सबैलाई पवित्र आत्मा दिइन्छ (रोमी १०:१३, गलाती ३:१४)। तिनीहरूमा आश्चर्यकर्महरू भए पनि नभए पनि सबै विश्वासीहरू पवित्र

आत्माद्वारा वप्तिस्मा दिइएका छन्। यसको प्रमाणको रूपमा कुनै खास आश्चर्यकर्महरू खोज्नु आवश्यक छैन। बाईबलले कुनै विश्वासीलाई पवित्र आत्माको वप्तिस्मा खोज्न आज्ञा गर्दैन। बरु, प्रत्येक विश्वासीलाई पवित्र आत्माद्वारा निरन्तर भरिनु उत्साह गरिएको छ (एफिसी ५:१८) - पवित्र आत्माको अगुवाईमा पूरै भर पर्नु भनिएको छ। यो एक निरन्तर गर्नुपर्ने कार्य हो एक पटकको घटना/नतिजा मात्र होइन। आश्चर्यकर्मलाई खोज्नु भन्दा हामीले परमेश्वरलाई नै खोज्नु पर्छ र आश्चर्यकर्म भएतापनि यसलाई परमेश्वरलाई निर्णयमा छोडिदिनु पर्छ। पावलले प्राय व्याख्या गर्दछन् कि परमेश्वरको शक्ति आश्चर्यकर्महरूको कुरामा होइन तर भित्री सामर्थ्य - आशा, प्रेम, धैर्यता, सेवामा, समझमा, कष्ट र साहसिलो प्रचारमा हुन्छ (रोमी १५:१३, २ कोरिन्थी १२:९, एफिसी ३:७, १६-१८, कलस्सी १:११ २८-२९, २ तिमोथी १:७-८)। त्यो नै मानवको जीवनमा काम गर्ने परमेश्वरको शक्ति हो।

किनकी हामी प्रेरितको पुस्तकको अनुसन्धानबाट देख्न सक्छौ कि आत्मा मण्डली वृद्धिको पछाडी रहेको शक्ति हो। आत्माले चेलाहरूलाई येशूको बारेमा गवाही दिने शक्ति दिनु भयो (पद ८) उहाँले चेलाहरूलाई खीष्टलाई प्रचार गर्नुमा ठूलो साहास दिनु भयो (४:८, ३१, ६:१०)। उहाँले फिलिपलाई निर्देशन दिनुभयो र पछि पक्रेर लैजानु भयो (प्रेरित ८:२९, ३९)।

आत्माले मण्डलीलाई हौसला दिनुभयो र मण्डलीमा अगुवाहरू नियुक्त गर्नुभयो। उहाँ पत्रुससित र एन्टिओखको मण्डली सित बोल्नु भयो (१०:१९,११:१२,१३:२)। उहाँले अगावासलाई अनिकाल बारेमा भविष्यवाणी गर्न प्रेरणा दिनुभयो र पावललाई श्रापलाई हकार्न प्रेरणा दिनुभयो (११:२८, १३:९)। उहाँले पावल र वर्णवासलाई तिनीहरूको यात्रामा डोऱ्याउनु भयो (१३:४,१६:६-७) र येरुशलेमको परिषदलाई निर्णय गर्न सहायता गर्नुभयो (१५:२८)। उहाँले पावललाई येरुशलेममा पठाउनु भयो र के आइपर्नेछ त्यसको बारेमा सचेत गराउनु भयो (२०:२२-२३ २१:११) आत्मा विश्वासीहरूमा काम गरेकोले मात्र मण्डली शुरु भयो र वृद्धि भयो।

## आत्मा र आजको विश्वासीहरू

परमेश्वर पवित्र आत्मा विश्वासीहरूको जीवनमा आज पनि नजिकबाट

सहभागी हुनु भएको छ ।

- उहाँले हामीलाई पश्चताप गर्न अगुवाई गर्नुहुन्छ र हामीलाई नयाँ जीवन दिनु हुन्छ (यूहन्ना १६:८,३:५-६) ।
- उहाँ हामीमा वास गर्नु हुन्छ, हामीलाई सिकाउनु हुन्छ र हामीलाई अगुवाई गर्नु हुन्छ (१ कोरिन्थी २:१०-१३, यूहन्ना १४:१६-१७, २६, रोमी ८:१४) । उहाँले हामीलाई पवित्रशास्त्रद्वारा, प्रार्थनाद्वारा र अरु ख्रीष्टियनहरूद्वारा अगुवाई गर्नु हुन्छ ।
- उहाँ बुद्धिको आत्मा, निर्भिकका साथ निर्णय गर्न सहायता गर्नुहुने, प्रेम र आत्मा संयमको आत्मा हुनुहुन्छ (एफिसी १:१७, २ तिमोथी १:७) ।
- आत्माले हाम्रो हृदयको खतना गर्नु हुन्छ, हामीलाई छाप लगाउनु हुन्छ र परमेश्वरको उद्देश्यको निम्ति हामीलाई छुट्याउनुको निम्ति हामीलाई शुद्ध बनाउनु हुन्छ (रोमी २:२९, एफिसी १:१४) ।
- उहाँले हामीमा प्रेम र धार्मिकताको फल फलाउनु हुन्छ (रोमी ५:५, एफिसी ५:९, गलाती ५:२२- २३) ।
- उहाँले हामीलाई मण्डलीमा राख्नुहुन्छ र हामी परमेश्वरका सन्तान हौ भनी जान्न हामीलाई सहायता गर्नुहुन्छ (१ कोरिन्थी १२:१३, रोमी ८:१४-१६) । हामी परमेश्वरलाई "आत्माद्वारा" आराधना गर्दछौ , हाम्रो मन आत्माले जे चाहँदछ त्यसमा केन्द्रित गरेर (फिलिपी ३:३, २ कोरिन्थी ३:६, रोमी ७:६, ८: ४- ५) । हामी उहाँलाई खुशी पार्न कोशिस गर्दछौ (गलाती ६:८) यदि हामी आत्माद्वारा नियन्त्रित छौ भने उहाँले हामीलाई जीवन र शान्ति दिनु हुन्छ (रोमी ८:६) । उहाँले हामीलाई पितामा प्रवेश दिनुहुन्छ (एफिसी २:१८) । उहाँले हामीलाई हाम्रो कमजोरीमा, हाम्रो निम्ति मध्यस्तता गर्दै सहायता गर्नु हुन्छ (रोमी ८:२६-२७) ।

पवित्र आत्माले मण्डलीको निम्ति अगुवाहरू सहितको आत्मिक दानहरू पनि दिनु हुन्छ (एफिसी ४:११), मण्डली भित्रका आधारभूत कार्यभारहरू (रोमी १२:६-८) र असाधारण उद्देश्यहरूको निम्ति केही क्षमताहरू दिनु हुन्छ (१ कोरिन्थी १२:४-११) सबै दान कसैसित हुदैन नत प्रत्येकलाई दान नै दिइन्छ (पद २८-३०) सबै दानहरू चाहे आत्मिक अर्थात "स्वभाविक" सबैको हितको  निम्ति, सम्पूर्ण

मण्डलीलाई सहायताको निम्ति प्रयोग गरिनुको लागि हुन् (१२:७, १४:१२) प्रत्येक दान महत्त्वपूर्ण छन् (१२:२२-२६)।

अहिले हामीसँग केवल आत्माको पहिलो फलहरू मात्र छन्। हाम्रो भविष्यमा अझ बढि हुन्छ भन्ने ग्यारेन्टी दिने एक बैना जस्तो (रोमी ८:२३, २ कोरिन्थी १:२२, ५:५, एफिसी १:१३- १४)।

सारांशमा, पवित्र आत्मा हाम्रो जीवनमा काम गर्ने परमेश्वर हुन। परमेश्वरले गर्ने सबै कुरा पवित्र आत्माद्वारा गर्नु हुन्छ। त्यसकारण पावलले हामीलाई हौसला दिदछन: "पवित्र आत्मासित हिडौ ......... परमेश्वरको पवित्र आत्मालाई संताप नदिऔ ....... आत्माको आगोलाई ननिभाऔं (गलाती ५:१९ , एफिसी ४:३०, १ थेसोलानिकी ५:१९) आत्माले जे भन्नु हुन्छ त्यसमा सचेत हौं। जब उहाँ बोल्नु हुन्छ तब परमेश्वर नै बोल्दै हुनुहुन्छ।

## *त्रिएक*

१ + १ + १

यो जोडिंदैन

पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर हुनुहुन्छ तर परमेश्वर चाहिँ एउटै मात्र हुनुहुन्छ। कसैले भन्दछन् "एकछिन् पर्खनोस् त" "एक प्लस एक प्लस एक बराबर एक हुन्छ त ? यो ठिक हुनै सक्तैन। यो जोडिँदैन।"

साँचो हो, यो जोडिँदैन - र यसको मान्यता हुँदैन। परमेश्वर जोड्न सकिने वस्तु हुनुहुन्न। सर्वशक्तिशाली, सर्वज्ञानी, सर्वव्यापी अस्तित्व एउटै मात्र हुन सक्तछ त्यसैले केवल एकमात्र परमेश्वर हुन सक्तछ। आत्माको संसारमा पिता, पुत्र र पवित्र आत्मा संयुक्त रूपमा एक भएका परमेश्वर हुन् जुन भौतिक थोकहरू हुन सक्तैनन्। हाम्रो गणित भौतिक वस्तुहरूमा आधारित छ यसले आत्मिक संसारमा सदा काम गर्दैन।

पिता परमेश्वर हुनुहुन्छ र पुत्र परमेश्वर नै हुनुहुन्छ, तर केवल एउटै मात्र परमेश्वरको अस्तित्व छ। यो नत परिवार हो न ईश्वरीय अस्तित्वहरूको समिति नै हो - एक समूहले यो भन्न सक्तैन, "म जस्तो कोही पनि छैन" (यशैया ४३:१०, ४४:६, ४५:५)। परमेश्वर केवल एक मात्र ईश्वरीय अस्तित्व हुनुहुन्छ । एक व्यक्ति भन्दा बढी तर केवल एक मात्र परमेश्वर।

पवित्रशास्त्रले सिकाउदछ कि येशू खीष्ट ईश्वरीय हुन् यसले यो पनि सिकाउँदछ कि पवित्र आत्मा पनि इश्वरीय व्यक्तित्व हुन्। पवित्र आत्माले जे गर्दछन् परमेश्वरले नै गर्दछन्। पवित्र आत्मा पुत्र र पिता जस्तै परमेश्वर हुन् - तीन व्यक्तिहरू पूर्णरूपले एक परमेश्वरः त्रिएकमा समाहित भएका।

★★★

# इकाई ५ ख

# के तपाईं पवित्र आत्मालाई सुन्न सक्नुहुन्छ ?

जब एन्टिओखको मण्डली आराधनाको निम्ति भेला भए, पवित्र आत्मा तिनीहरूसित बोल्नु भयो : "मेरो निम्ति वारनावास र सावललाई त्यस कामको निम्ति अलग गर जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाइएको छु ।" के पवित्र आत्मा आज पनि हामीसित बोल्नु हुन्छ ? उहाँले भनेको कुरा के आज पनि हामी सुन्न सक्छौं ?

पावलले हामीलाई बताउँदछन् कि पवित्र आत्माले डोऱ्याइएका सबै परमेश्वरका सन्तान हुन् (रोमी ८:१४) पवित्र आत्माले हामीलाई डोऱ्याउन् भनेर हामीले इच्छा गर्नै पर्छ र उहाँले यो कसरी गर्नुहुन्छ भनी हामीले जान्नै पर्छ ।

## *विभिन्न तरिकामा*

परमेश्वरले विभिन्न मानिसहरूसित विभिन्न तरीकाले काम गर्नुहुन्छ । उहाँ विभिन्न तरीकाले आदम, अव्राहाम, मोसा, डेवोरा, सामुएल, एलिया, मरियम र पावलसित बोल्नु भयो । उहाँ आज हामीसित पनि विभिन्न तरीकाले बोल्न सक्नुहुन्छ । फिलिपलाई दिइएको सन्देश (प्रेरित ८:२९) र पत्रुसलाई दिइएको सन्देशहरू अति विशेष खालका हुन् (प्रेरित १०:१९) जसमा फरक शब्दहरू समावेश गरिएका छन् । तर उहाँ येरुशलेमको परिषदमा भिन्न तरिकाले बोल्नुभयो (प्रेरित १५) । पवित्र आत्मा कै निर्णय हो भनी प्रेरितहरूले निक्र्यौल गरे पछि मात्र सबै छलफल पुरा गरियो (पद २८) ।

जसरी पवित्र आत्माले विभिन्न मानिसहरूलाई विभिन्न क्षमताहरू दिन निर्णय गर्नु हुन्छ (१ कोरिन्थी १२:११) त्यसरी उहाँ हामीसित पनि विभिन्न तरीकाले काम गर्नुहुन्छ । अद्भूत वचनको दान भएको व्यक्तिले दयाको दान भएको व्यक्तिभन्दा भिन्न तरीकाले आत्मालाई सुन्दछ । आत्माले सहायता गर्नेलाई भन्दा भिन्न तरीकाले शिक्षकलाई अगुवाई गर्नेछन् किनकी उहाँसित प्रत्येकको निम्ति विभिन्न कार्यहरू छन् ।

आत्माले हामीलाई भिन्न तरीकाले बनाउनु हुन्छ, परिणाम स्वरूप, हामी विभिन्न उद्देश्यहरूको निम्ति योग्यको हुन्छौ । प्रशासनको दान भएको व्यक्तिले आदेश र संस्थाको महत्त्व दिनेछ, सेवाको दान भएको व्यक्ति सहायता गरौं कि भनेर मानिसहरूलाई सोध्ने छ, हौसला दिने दान भएको व्यक्तिले मानिसहरूको व्यवहारमा ध्यान दिनेछ, उद्धारताको दान भएको व्यक्तिले मानिसहरूको आवश्यकताहरूको हेरचार गर्नेछ९।-अनि आत्मा हामीसित हाम्रो चाहाना र क्षमता अनुसारको तरीकाले काम गर्नु हुन्छ ।

कोही मानिसहरूको निम्ति उहाँ सुक्ष्म गरी सामान्य रूपमा बोल्नु हुन्छ, अरुको निम्ति उहाँ वृहत रूपमा बोल्नु हुन्छ । हामी प्रत्येकले परमेश्वरलाई सुन्नै पर्छ किनकी हामीसित व्यवहार गर्नलाई नै उहाँले हामीलाई बनाउनु भएको हो । महत्त्वपूर्ण कुराचाहिँ यो हो कि हामीले सुन्नै पर्छ - उहाँले जे भन्नु हुन्छ त्यो सुन्न हामी उत्साहका साथ तयार हुनुपर्छ । हामी उहाँको अगुवाईप्रति सचेत हुनुपर्छ, बेवास्ता गर्नुहुँदैन ।

## जोखिम

बताउन सकिने धेरै जोखिमहरू छन् । सबै प्रकारका मानिसहरूले वास्तवमा तिनीहरूसँग पवित्र आत्मा नबोलेको बेलामा पनि उहाँको आवाज सुनेको छौं भनी दावी गरेका छन् । तिनीहरूले झुटो भविष्यवाणीहरू गरेका छन्, गलत सल्लाह दिएका छन् मानिसहरूलाई सम्प्रदायहरूमा डोऱ्याएका छन् र खीष्टियन समुदायलाई नै खराब बनाएका छन् । यदि परमेश्वर नै तिनीहरूसित बोल्नु भएको भए पनि उहाँले जे भन्नु भयो सो तिनीहरूले राम्ररी बुझेनन् । त्यसैले त्यहाँ परमेश्वरले कहिल्यै नभनेको कुराहरू "सुनेको" एक सुजोखिम कुरो छ । हामी होशियार हुनै पर्छ किनकी हामीले उहाँको नाउँ व्यर्थैमा लिनुहुँदैन ।

दोस्रो जोखिमपूर्ण कुराचाहिँ यो हो कि केही मानिसहरू गलत सुनिन्छ भन्ने डरले कुनैपनि कुरा सुन्न नै इन्कार गर्दछन् । तर डलास विलार्डले यसरी औंल्याएका छन्, हामीले "सजिल्यै यर्थाथलाई तिरस्कार गर्ने हुदैन किनभने यसले झुटोलाई देखाउँदछ" (परमेश्वरलाई सुन्ने पेज ८८) । स्वर्गमा हुने हाम्रो पिता हामीसित बोल्नु हुन्छ र पवित्र आत्माले हामीलाई डोऱ्याउनु हुन्छ र हामीले हाम्रा कानहरू बन्द गर्छौं भने हामी आफैलाई नै ठग्ने छौ ।

हिब्रू ३:७ ले भन्दछ कि पवित्र आत्मा पवित्रशास्त्रको शब्दहरूमा बोल्नु हुन्छ र उहाँले भनेको कुरालाई हामीले पछ्याउन इन्कार गर्नु हुँदैन । उहाँले हामीसित आज पनि वार्तालाप गर्नु हुन्छ हामीले गर्ने पर्ने कुराको निम्ति हामीलाई कायल पार्न हामीले जसरी परमेश्वरलाई सेवा गर्नु पर्ने हो त्यसको निम्ति हामीलाई अगुवाई गर्न ।

तेस्रो जोखिमपूर्ण कुराचाहिँ यो हो कि केही मानिसहरूले स्वार्थको निम्ति पवित्र आत्मालाई खोज्दछन् । तिनीहरूले पवित्र आत्मालाई तिनीहरूको निम्ति निर्णयहरू गरी दिन मात्र चाहादछन् । जस्तो कि कुन नोकरी लिनुपर्ने हो तिनीहरूलाई बताउन, कुन व्यक्तिसित विवाह गर्ने, कहिले जाने र कसरी जीउने तिनीहरूलाई दिन मात्र । तिनीहरूले पवित्र आत्मा राशीफल जस्तो ज्योतिषी जस्तो भएको चाहँदछन्, सोचाईको समस्याबाट मुक्त गर्ने र निर्णयहरू बनाइदिनेको रूपमा ।

तर परमेश्वरले हामीलाई परिपक्वतामा बढेको, के सहि र गलत हो अनुभवद्वारा सिकेको चाहनु हुन्छ (हिब्रू ५:१२- १४) । हामीले सामना गर्ने थुपै निर्णहरू पाप र धार्मिकताका कुराहरू होइनन् - तिनीहरू त हामीले चुनेका कुराहरू हुन् अनि हामीले जे चुने पनि परमेश्वर हामीसित काम गर्न सक्नुहुन्छ त्यसैले उहाँले निर्णयहरू गर्न हामीलाई नै छोडि दिनुहुन्छ । त्यसैले नै पवित्र आत्मा हामीले चाहेको प्रत्येक कुरामा बोल्नु हुन्न । केही मानिसहरूले पवित्र आत्मालाई कुराकानी गर्ने साथीको रूपमा राख्न चाहँदछन् । तिनीहरू गफ चाहान्छन तर पवित्र आत्मा बेकम्मा शब्दहरूमा सहभागी हुनुहुन्न । उहाँ आफ्नै तर्फबाट बोल्नु हुन्न (यूहन्ना १५:२६) र प्राय चुप रहनु हुन्छ किनकी उहाँले हामीलाई अगाडी नै पर्याप्त जानकारी र सल्लाह दिनु भएको छ । उहाँले जे अगाडी नै दिइसक्नु भएको हो त्यो हामीले प्रयोग गरेको उहाँ चाहानु हुन्छ, हामीले जे सामना गर्दछौं त्यसलाई सहि रूपले समाधान गर्न उहाँले हाम्रो चेतनालाई तालिम दिइरहनु भएको छ । त्यसको मतलब हामी आफैमा भर पर्नु भनेको होइन तर परमेश्वरले हाम्रो जीवनमा अगाडी नै जे कुरा गर्नु भएको छ र हामीलाई जे कुरा सिकाउनु भएको छ त्यसैमा हामी भर पर्नु पर्छ ।

## पवित्रशास्त्र

पवित्र आत्मा आधारभूत रूपमा हामीसित उहाँकै प्रेरणाद्वारा लेखिएको र पवित्र

तुल्याइएको पवित्रशास्त्रद्वारा बोल्नु हुन्छ। यो नै हाम्रो विश्वास र जीवनको जग हो, वचन प्रत्येकसँग हुनुपर्छ, वचन पढिनै पर्छ वस्तुगत छलफल गरिनै पर्छ। हामीले सुन्नु पर्ने वचन अगाडी नै लेखिएको छ र पवित्र आत्माले यसलाई सामान्य रूपमा दिमागमा ल्याउन मात्र आवश्यक छ। उदाहरणको लागि, जब येशूलाई शैतानद्वारा परीक्षा गरियो। उहाँले जवाफहरू पवित्रशास्त्रबाट नै दिनुभयो। उहाँले ती वचनहरू अध्ययन गर्नु भएको थियो र सम्भनु भएको थियो र प्रत्येक अवस्थामा सहि जवाफको निम्ति आत्माले उहाँलाई डोऱ्याउनु भयो।

आत्माले हाम्रो सोचाई, पठाई र उहाँको वचन माथिको मनन् गराईलाई छेकवारो लगाउन सक्तैनन्। उहाँले अगाडी नै पवित्रशास्त्रमा दिनु भएको वचनहरूलाई हामीले खोज्दैनौ भने नयाँ अवस्थाहरूको निम्ति नयाँ वचनहरू हामीलाई उहाँले अचानक दिनु हुन्छ भनेर हामीले आशा गर्नुहुँदैन। नत हामीले कठिन प्रश्नहरूको निम्ति असल जवाफहरू घुमाउरो तरीकाले उपलब्ध गरिने बारेमा आशा नै गर्न सक्छौ। पवित्र आत्मा बोल्न चाहनु हुन्न भने हामी उहाँलाई कर लगाउन सक्तैनौ।

यदि हामी पढ्दछौं, प्रार्थना गर्दछौं र परमेश्वरको उपस्थितिमा सचेत भएर जिउँदछौ भने परमेश्वरसित अति नजिकको वार्तालाप हुनसक्ने कुरा पवित्रशास्त्रमा छ। प्रार्थना गरेको बेलामा हामीले सुन्नु पनि पर्छ किनकी हामीले के गर्नु पर्ने हो सो बुझ्न परमेश्वरले हाम्रो ध्यानहरूलाई प्रयोग गर्न सक्नुहुन्छ। हामीसित पढ्ने र अध्ययन गर्ने जिम्मेवारी छ किनकी आत्मा हाम्रो मनमा अगाडी नै रहेको वचनसित काम गर्नुहुन्छ। उहाँ हाम्रो शब्दहरूसित, तरीकाहरूसित, इच्छाहरू र मान्यताहरूसित काम गर्नुहुन्छ जो उहाँले हामीलाई दिनु भएको छ।

दुष्टले पवित्रशास्त्र पनि प्रयोग गर्न सक्तछ र बाईबललाई अक्सर गलत अर्थ र गलत प्रयोग गरिन्छ तर पवित्र आत्माद्वारा डोऱ्याइनु र उहाँलाई सुन्नुको अर्थ झनै महत्त्वपूर्ण हुन्छ। पवित्रशास्त्र नै परमेश्वरबाटको सबै अरु वचनहरू को निम्ति तुलनाको स्तर हो। यदि आत्माले हामीलाई केही कुरा गर्न अगुवाई गर्दै हुनहुन्छ भन्ने सोच्दछौं भने हाम्रो पहिलो प्रश्न यस्तो हुनुपर्छ, "के यो पवित्रशास्त्रसित मेल खान्छ ?" आत्माले आफैलाई विरोध गर्नुहुन्न। उहाँले हामीलाई झुटो बोल्नु, चोर्न, कुरा काट्न अर्थात लोभी हुन अगुवाई गर्नुहुन्न किनभने उहाँले हामीलाई अगाडी नै भनिसक्नु भएको छ कि त्यस्ता ती कुराहरू

परमेश्वरबाटको होइनन् ।

त्यसैले यदि हामीलाई आत्माले एक प्रकारले डोऱ्याएदै हुनुहुन्छ जस्तो लाग्दछ भने हामीले यो पवित्रशास्त्रसित जाँच गर्नु आवश्यक छ र पवित्रशास्त्रले के भन्दछ भनी जान्न हामीले गर्न सक्ने एक तरीका हामीले यो अध्ययन गर्नु आवश्यक छ र हामीले यसलाई कहिल्यै जानेनौ भने पनि हामीले अध्ययन जारी राख्नु आवश्यक छ। मनमा राख्नु सहायकसिद्ध हुन सक्छ तर हामीलाई सबभन्दा चाहिँने चाहिँ बुझाई नै हो। हामीले उद्धारको सिद्धान्तहरू खीष्टियन जीवन जीयाई, इश्वरीय प्रेम परमेश्वरले आफ्ना मानिसहरूसित काम गर्ने तरीका देख्न आवश्यक छ जसले परमेश्वर हामीसित कसरी काम गर्दै हुनुहुन्छ भनी बुझ्न हामीलाई सहायता गर्नेछ ।

## अनुभव

हामी अनुभवद्वारा पनि पवित्र आत्मालाई सुन्न सक्छौं । परमेश्वरले हामीसित कहिले काही उहाँको तरीकाहरू परिवर्तन गर्नुहुन्छ, तर खास गरी उहाँले हामीसित एक देखि अर्को वर्ष पनि उही तरीकामा काम गर्नु हुन्छ । अनुभवद्वारा हामी उहाँले हाम्रो प्रार्थनाहरू कसरी जवाफ दिनु भएको छ र विगतका परिस्थितिहरूमा हामीलाई कसरी अगुवाई गर्नु भएको छ त्यो देख्दछौं। जब उहाँ हामीसित वर्तमानमा बोल्नु हुन्छ तब यसले हामीलाई उहाँको "आवाज" चिन्न मद्दत गर्दछ । अनुभव समय, समपर्ण र मनन्‌द्वारा आउँदछ । आत्माले नम्रलाई सहायता गर्नुहुन्छ, अहंकारीलाई होइन ।

अन्य खीष्टियनको अनुभवद्वारा पनि हामी अझ धेरै बुद्धि आर्जन गर्न सक्छौ आत्माले हामीलाई एक्लो पार्नुहुन्न तर हामीलाई मण्डलीमा अरु विश्वासीहरूको समुदायमा राख्नु हुन्छ । उहाँले उहाँको दानहरू बाँड्नु हुन्छ त्यसैले हामी एक साथ रहन, सँगै काम गर्न एकले अर्कोको सामर्थ्यबाट फाइदा लिन सकौं (१ कोरिन्थी १२:७) । यही तरीकाले हामी एकले अर्कालाई पवित्र आत्मा सुन्न सहायता गर्न सक्छौ किनकी हामी प्रत्येकसित परमेश्वरले हाम्रो जीवनमा कसरी काम गर्नुहुन्छ भन्ने अनुभवहरू छन् ।

जब परमेश्वरबाटको वचन एक जना कहाँ आउँदछ अरु मानिसहरूले होशियारी साथ यसको जाँच गर्नुपर्छ (१ कोरिन्थी १४:२९) । तिनीहरूले एउटै कुराको निम्ति जाँच्नु पर्छ कि यो साँच्चै नै प्रभूबाटको वचन हो कि होइन भनेर । आत्मा समूहद्वारा

साथै निश्चित व्यक्तिहरूद्वारा पनि बोल्न सक्नु हुन्छ यरुशलेमको सभा त्यसको राम्रो उदाहरण हो । अन्य जातिहरूसितको अनुभवबाट सिकेका मानिसहरूले ती अनुभवहरू पवित्रशास्त्रसित मेल खाएको देखे (प्रेरित १५:१५). र छलफलद्वारा आत्माको फैसला जानियौं (पद २८) ।

पवित्र आत्मा अक्सर मानिसहरूसित दोस्रो मानिसहरू मार्फत बोल्नु हुन्छ : आराधनाको भजनहरूमा, सानो समूहगत छलफलहरूमा, हौसलाको वचनहरूमा मुस्कुराहटहरूमा, तस्विर वा पत्र पत्रिकाको पाठहरूमा । हामीले अरुबाट सिक्ने र परमेश्वरको आगुवाई पाउने थुप्रै तरीकाहरू छन् । तर यो प्रत्येकले छुट्याउन चाहिँ जान्नु पर्छ । विरलै मात्र आत्माले एक व्यक्तिलाई अर्को व्यक्तिलाई आदेश दिन अह्राउनु हुन्छ ।

वचन बाँड्नु एक सामान्य आत्मिक भाषणको रूप हो । बोल्नेले परमेश्वरको वचन बोलोस् (१ पत्रुस ४:११) । त्यसैले मण्डलीमा बोल्नेले वचनको निम्ति तयार हुदा परमेश्वरलाई सुन्नु पर्छ र वचन सुन्नेहरूले पनि प्रभूबाटको वचन सुने झैं सुन्नु पर्छ । हामीले हाम्रो आराधना सेवाहरूमा पनि सुन्ने, सोच्ने, परमेश्वरसित समाहित हुने समय दिनु आवश्यक छ त्यसैले ख्रीष्ट जस्तै हुनुको निम्ति हामीलाई परिवर्तन गर्न हामीले उहाँलाई दिइरहेका हुन्छौं । उहाँको नजिकमा जाऔ र उहाँले हामीलाई परिवर्तन गर्नुहुन्छ ।

परिस्थितिहरू "आत्माहरू जाँच गर्ने अन्य साधनहरू हुन्" । हामीले एउटा ढोका खुल्ला राख्न सक्छौं अर्थात सबै ढोकाहरू बन्द गर्न पनि सक्छौं । छेकवारहरूले हाम्रो निश्चयतालाई जाँच्न सक्दछन् अर्थात के हामीले सहि दिशामा छौ कि छैनौ भनेर सोध्नु पर्ने हो कि भनेर तिनीहरूले संकेत दिन सक्छन् । तिनीहरूले हामीलाई फेरी सोच्न कर लगाउँछन्, फेरी परमेश्वरलाई खोज्न, पवित्रशास्त्रसित जाँच्न र आत्मिक परिपक्क भएकाहरूसित जाँच गर्न कर लगाउँछन् ।

## पवित्र आत्मालाई जवाफ

यदि हामी जान्न चाहान्छौ भने हामीले सुन्नु आवश्यक छ । तर यदि हामी बाईबलिय भावमा जान्न चाहान्छौ भने हामीले पालन पनि गर्नु आवश्यक छ । यदि हामीले उहाँको आवाज सुन्छौ भने, यदि परमेश्वरले हामीलाई केही कुरा भन्दै हुनुहुन्छ भनी विश्वास गर्छौ भने हामीले जवाफ पनि दिनु आवश्यक छ । उहाँले

हामीलाई जे गर्न दिनु भएको छ त्यो हामीले गर्नु आवश्यक छ। हामी परमेश्वरमा समर्पित हुनुपर्छ किनकी उहाँले जे भन्नु हुन्छ त्यो हाम्रै भलाईको निम्ति हो। उहाँको इच्छा पुरा गरेर हामीले उहाँलाई आदर दिँदछौं र हामी आफैलाई आशिषित तुल्याउँदछौं। यो सुनाईद्वारा शुरु हुन्छ। के तपाई पवित्र आत्मालाई सुन्नसक्नु हुन्छ ? यसको बारेमा सोच्नु अति उत्तम हुन्छ।

★★★

## इकाई ५ ग

# पवित्र आत्माले तपाईलाई बचाउनु हुन्छ भनेर के तपाई विश्वास गर्न सक्नुहुन्छ ?

एकजना साथीले भर्खर भन्नुभयो कि उसले २० वर्ष अगाडी वप्तिस्मा लिनु भएको मुख्य कारण चाहि यही थियो कि उ पवित्र आत्मा पाउन चाहान्थ्यो त्यसकारण उसले उसका सबै पापहरूमाथि विजय हुन सकोस् । उसको नियत असल थियो तर उसको बुझाई थोरै गलत थियो (अवश्य नै कसैले पनि पूर्णरूपले बुझ्दैन र हाम्रो गलत बुझाईको वावजुद पनि हामी परमेश्वरको अनुग्रहद्वारा बचाइन्छौं) ।

पवित्र आत्मा हाम्रो इच्छा शक्तिको निम्ति शक्ति प्रदान गर्ने चिज जस्तो, हाम्रो उद्देश्यहरू प्राप्तिको निम्ति हामीले "संचालन गर्न" सक्ने कुनै वस्तु हुनुहुन्न । पवित्र आत्मा परमेश्वर हुनुहुन्छ, उहाँ हामीसित र हामीभित्र हुनुहुन्छ, हामीलाई प्रेम गर्ने, पितासित खीष्टमा हाम्रो निम्ति भएको भरोसा र नजिकको संगती खीष्टद्वारा पिताले हामीलाई उहाँको आफ्नै सन्तान बनाउनु भएको छ र पवित्र आत्माले हामीलाई त्यो कुरा जान्ने आत्मिक जानकारी दिनुहुन्छ (रोमी ८:१६) ।

पवित्र आत्माले हामीलाई खीष्टद्वारा पितासित नजिकको संगती दिनु हुन्छ तर उहाँले हाम्रो पाप गर्ने क्षमतालाई निष्कासन गर्नुहुन्न । हामीसित अझ पनि खराब इच्छा हुन सक्छन, खराब आवेगहरू हुन्छन, खराब इच्छाहरू, शब्दहरू र कार्यहरू हुँदछन् । हामीले खास बानीलाई बन्द गर्न चाहेर पनि हामीले बन्द गर्न नसकेको पनि पाउन सक्छौं । यो समस्याबाट हामीले छुट्कारा पाएको परमेश्वरको इच्छा छ भनेर हामीले जान्दछौं तर पनि केही कारणहरूले गर्दा हामी अझै पनि यसको हामीमाथीको प्रभावको निम्ति शक्तिविहिन देखिन्छौं ।

पवित्र आत्मा साँच्चै नै हाम्रो जीवनमा काम गर्नु हुन्छ भनेर के हामी विश्वास गर्न सक्छौ जबकि केही होला जस्तै देखिदैन किनकी हामी "असल" खीष्टियन नै भैरहेको हुँदैनौ ? जब हामी बारम्बार पाप गर्दछौ, हामी परिवर्तन भैरहेका छौ जस्तै देखिदैन भने परमेश्वरले समस्या नै जान्नु भएन भनेर के हामी निराश हुने त ?

## बालकहरू र जवानहरू

जब हामी खीष्टमा विश्वासमा आउँदछौ, हामी पवित्र आत्माद्वारा नयाँ गरी जन्मदछौं । हामी खीष्टमा नयाँ प्राणीहरू, नयाँ व्यक्तिहरू, नयाँ बालकहरू हुँदछौं । बालकहरू शक्तिशाली हुँदैनन्, नत सिपले भरिका हुन्छ, न आफैलाई सफा राख्नै सक्तछन् । जब तिनीहरू बढ्दछन् तिनीहरूले केही सिपहरू प्राप्त गर्छन, तिनीहरू धेरै गर्नुपर्ने छ भनेर महसुस गर्न थाल्दछन् र यसले कहिले काहि निराशातिर धकेल्दछ । तिनीहरू लरखराउँदछन्, कोतर्दछन् र चिच्याउँदछन् कि तिनीहरूले जवानले गर्ने जस्तो गर्न सक्तैनन् । तर निराशाको कुराहरूले सहायता गर्दैन - केवल सयम र अभ्यासले मात्र सहायता गर्नेछ ।

यो हाम्रो आत्मिक जीवनमा पनि सत्य साबित हुन्छ । कहिले काही नयाँ खीष्टियनहरूलाई लागु औषधको बानीलाई तोड्न वा खराब आवेगलाई शान्त गर्ने नाटकिय शक्ति दिइन्छ । कहिलेकाहीं नयाँ खीष्टियनहरू मण्डलीको निम्ति अचल "सम्पत्ति" नै हुन्छन् । यसको वावजुद पनि, नयाँ खीष्टियनहरू तिनीसित पहिला नै भएका पापहरूसँग संघर्ष गर्दछन्, तिनीहरूसित आगाडी कै हाउभाउ छन्, उही डर नैराश्यता छन् । तिनीहरू आत्मिक वीरहरू होइनन् ।

हामीलाई भनिएको छ कि येशूले पापमाथि विजय हासिल गर्नु भएको छ तर पापसित अझै पनि हामीमाथि पकड भएको झै देखिन्छ । हामीभित्रको पापी स्वभावलाई पराजित गरिएको छ तर अझै पनि यसले हामी यसको झ्यालखानाभित्र रहे झैं व्यवहार गर्छ । हाय, हामी कति दुःख मानिस ! कसले हामीलाई पाप र मृत्युको व्यंवस्थाबाट बचाउँदछ ? निश्चय नै, येशूले (रोमी ७:२४-२५) । उहाँले अगाडी नै विजय हासिल गर्नु भएको छ र उहाँले त्यो विजय हाम्रो बनाउनु भएको छ ।

कठै ! हामीले अझै पनि पूर्ण विजय देख्दैनौ । हामीले अझै पनि मृत्यृमाथिको उहाँको शक्तिलाई देख्दैनौ नत हाम्रो जीवनमा पापको पूर्ण अन्त्य नै देख्छौ । हिब्रू २:८ ले भने जस्तै, हामी सबै थोक हाम्रो चरणमुनी भएको देख्दैनौं । हामीले गर्न सक्ने चाहिँ येशूमा भरोसा गर्नु नै हो । हामी उहाँको वचनमा विश्वास गर्छौ कि उहाँले विजय हासिल गर्नु भएको छ, र हामी उहाँको वचनमा भरोसा गर्दछौ कि उहाँमा हामी पनि विजयी छौ ।

हामी खीष्टमा शुद्ध र पवित्र छौ भनेर जानेता पनि हामी आफ्नो व्यक्तिगत

पापहरूमाथिको विजयमा प्रगती भएको देख्न चाहान्छौ, यस्तो प्रगति साह्रै नै ढिला भएको देखिएला तर हामी परमेश्वरमाथि भरोसा गर्न सक्छौ कि उहाँले जे प्रतिज्ञा गर्नु भएको छ त्यो हामीमा र अरुहरूमा पुरा गर्न सक्नुहुन्छ। वास्तवमै, यो उहाँको काम हो, हाम्रो होइन । यो उहाँको शक्ति हो, हाम्रो होइन । यो उहाँको मामला / विषय हो, हाम्रो होइन । जब हामी आफैलाई परमेश्वरमा समर्पित गर्छौं भने हामीले उहाँमा पर्खने इच्छा पनि गर्नुपर्छ । उहाँलाई सहि लाग्ने तरीका र रफतारमा उहाँले हामीमा गर्नु पर्ने उहाँको काम गर्नु हुन्छ भनी उहाँमाथि विश्वास गर्ने इच्छा हामीले गर्नुपर्छ ।

जवानहरूले अक्सर सोच्दछन् कि तिनीहरूले आफ्ना पिताले जानेको भन्दा पनि बढी जान्दछौं । जीवन के हो भनी जान्दछौ भनेर तिनीहरू सोच्दछन् र यसलाई आफ्नै तरीकाले राम्ररी चलाउन सक्छौ भनी सोच्दछन् । (निश्चय नै सबै जवानहरू यस्ता हुँदैनन् तर यो केही घटनामा आधारित नमुना हो) कहिलेकाहीं हामी खीष्टियनहरूले पनि जवानहरूले जस्तै गरी सोच्न सक्छौं । आत्मिक "वृद्धि" राम्रो बानी व्यहोँरामा आधारित हुन्छ भनी हामी सोच्न शुरु गर्दछौं जसले हामीलाई यस्तो सोचाईमा डोऱ्याउँदछ कि राम्रो असल बानी व्यहोँरा अनुसार हामी परमेश्वरसित रहन सक्छौ । जब हामी राम्रो व्यवहार गर्दछौ तब राम्रो व्यवहार नदेखिएका मानिसहरूलाई हामी नीच रूपमा हेर्ने गर्छौ । हामी त्यति असल व्यवहार गर्दै छैनौ भने परमेश्वरले हामीलाई त्याग्नु भएछ भन्ने विश्वास गरेर हामी हताश र निराशतामा डुब्दछौं ।

तर हामी आफैलाई परमेश्वरकहाँ धर्मी बनाउनु भनेर उहाँले हामीलाई भन्नु हुन्न, उहाँले हामीलाई उहाँमा विश्वास गर्नु भन्नुहुन्छ जसले दुष्टको इन्साफ गर्नु हुन्छ (रोमी ४:५) जसले खीष्टको खातिर हामीलाई प्रेम गर्नु हुन्छ र हामीलाई बचाउनु हुन्छ। जब हामी खीष्टमा परिपक्व हुन्छौं तब खीष्टमा हामीलाई प्रशस्तगरी प्रकट गरिएको परमेश्वरको प्रेममा हामी अझ कुसलताका साथ रहन सक्छौ (१यूहन्ना ४:९) अनि जब हामी उहाँमा रहदछौ, तब हामी प्रकाश २१:४ मा व्याख्या गरिएको दिनलाई पर्खदछौं: "उहाँले तिनीहरूका आँखाको आशु पूर्ण रूपले पुछिदिनु हुनेछ र फेरी मृत्यु नै हुनेछैन र शोक र पीडा पनि हुने छैन । किनकी पहिलेका कुराहरू वितिसकेका छन्" ।

## सिद्धता !

पावल भन्दछन्, जब त्यो दिन आउँदछ, हामी आँखाको निमेष मै परिवर्तिन हुनेछौ । हामी अमर, अविनाशी, सचरित्रको हुनेछौं (१ कोरिन्थी १५:५२- ५३) अनि परमेश्वरले बाहिर मानिसलाई मात्र होइन भित्रको व्यक्तिलाई पनि छुटकारा दिनुहुन्छ । उहाँले हाम्रो आन्तरिक मनुष्यत्त्वलाई कमजोर र भ्रष्टबाट महिमित र (सबैभन्दा महत्त्वपूर्ण) पापरहितमा परिवर्तन गर्नुहुन्छ ।

अन्तिम तुरहीको साथ साथै हामी परिवर्तित हुनेछौ । हाम्रो शरीर /देहको उद्धार गरिने छ (रोमी ८:२३) तर त्यो भन्दा पनि बढि चाहिँ अन्त्यमा हामीले आफैलाई खीष्टमा परमेश्वरले हामीलाई जे हुन बनाउनु भएको छ त्यो रूपमा देख्नेछौं (१ यूहन्ना ३:२) । त्यसपछि हामीले छर्लङ्गै देख्नेछौ जस्तो परमेश्वरले साँचो गरी खीष्टमा बनाउनु भएको छ ।

खीष्टद्वारा, हाम्रो पुरानो पापी स्वभावलाई पराजित गरिएको छ र तहसनहरू पारिएको छ । वास्तवमा, यो मरेको छ । पावलले यो लेख्दछन्, “किनभने तिमीहरू मरेका छौ र तिम्रो जीवन परमेश्वरमा खीष्टसँग लुकाईएको छ” (कलस्सी ३:३) । “हामीलाई सजिल्यै अल्भाउने” पापलाई हामीले “पन्छाउनै पर्छ” (हिब्रू १२:१) जुन पाप चाहिँ परमेश्वरले खीष्टमा हामीलाई बनाउनु भएको नयाँ अंश हुन सक्तैन । खीष्टमा, हामीसित नयाँ जीवन छ ।

खीष्ट प्रकट हुनुहुँदा, पिताले हामीलाई खीष्टमा बनाउनु भएको जस्तै नै हामीले आफैलाई देख्नेछौ । हामी वास्तवमा जे छौ त्यस्तै दुरुस्त हामीले आफैलाई देख्नेछौ, खीष्ट जस्तै सिद्ध जो हाम्रो साँचो जीवन हुनुहुन्छ (कलस्सी ३:३-४) । यो चाहिँ यस कारणले हो किनभने हामी अघिबाटै मरेका छौ र खीष्टसँगै बौरी उठेका छौं जुन चाहिँ हामीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई “मार्ने” काम गर्दछौं ।

हामी शैतान (अनि पाप र मृत्यु) लाई एउटै तरीकाले जित्दछौ, थुमाको रगतद्वारा (रोमी १२:११) । यो खीष्टले क्रूसमा जित्नु भएको विजयद्वारा हो जसले गर्दा हामीसित पाप र मृत्युमाथिको विजय छ, पापको विरुद्धमा हाम्रो आफ्नै संघर्षद्वारा होइन । पाप विरुद्धको हाम्रो संघर्षहरू हामी खीष्टमा छौं भन्ने तथ्यको प्रकटिकरणहरू हुन् । हामी अब उसो परमेश्वरको शत्रुहरू होइनौ तर पवित्र

आत्माद्वारा उहाँसित संगतीमा रहेका उहाँका मित्रहरू हौं, पवित्र आत्मा जो परमेश्वरको असल अभिप्राय र इच्छा अनुसार हामीमा काम गर्नु हुन्छ (फिलिपी २:१३) ।

पाप विरुद्धको हाम्रो संघर्ष खीष्टमा हाम्रो धार्मिकताको कारणले होइन । यसले पवित्रता ल्याउदैन । खीष्टमा हाम्रो निम्ति परमेश्वरको प्रेम र अनुग्रह नै हाम्रो धार्मिकताकौं एउटै मात्र कारण हो । खीष्टद्वारा परमेश्वरले हामीलाईं धर्मी बनाउनु भएको छ, सबै पाप र अधर्मबाट छुटकाराक दिनु भएको छ किनकी परमेश्वर प्रेमिलो र अनुग्रही हुनहुन्छ र अरु कुनै पनि कारणले होइन । पापको विरुद्धमा हाम्रो संघर्ष नयाँ र धार्मिकपनको परिणाम हो जुन निस्वार्थ रूपमा हामीलाई खीष्टमा दिइएका छौ यसको कुनै कारण छैन किनकी हामी पापी छँदै खीष्ट हाम्रो निम्ति मर्नुभयो (रोमी ५:८) ।

हामी पापलाई घृणा गर्छौं, हामी पापको विरुद्धमा संघर्ष गर्छौं हामी पापले ल्याउने दुख कष्ट र पिडालाई आफ्नै निम्ति र अरुको निम्ति पनि हटाउन चाहान्छौ किनकी परमेश्वरले हामीलाई खीष्टमा जीवित रहन बनाउनु भएको छ र पवित्र आत्मा हामीमा काम गर्नु हुन्छ । यसकारणले कि हामी खीष्टमा छौ, हामी "हामीलाई अल्झाउने" पापसित लड्दछौं (हिब्रू १२:१) तर हामीले विजय हाम्रो आफ्नै प्रयासहरूद्वारा पाउँदैनौं, पवित्र आत्माद्वारा सघाइएको हाम्रो प्रयासहरूद्वारा पनि होइन । हामी विजय खीष्टको रगतद्वारा, संसारमा आउनु भएका परमेश्वरको पुत्र, हाम्रो खातिर देहमा आउनु भएका परमेश्वरको मृत्यु र पुनरुत्थानद्वारा मात्र पाउँदछौ ।

हाम्रो उद्धारको निम्ति आवश्यक सबै कुरा परमेश्वरले अगाडी नै खीष्टमा गरिसक्नु भएको छ, र खीष्टमा उहाँलाई चिन्न हामीलाई बोलाएर जीवन र धार्मिकताको निम्ति हामीलाई आवश्यक सबै कुराहरू उहाँले हामीलाई अगाडी नै दिनु भएको छ । अनि उहाँले यो यसकारणले गर्नु भयो किन भने उहाँ साह्रै नै भलो हुनुहुन्छ (२ पत्रुस १:२-३) ।

प्रकाशको पुस्तकले हामीलाई बताउँदछ कि समय आउनेछ जुनवेला कुनै रुवाई हुनेछैन र कुनै आँशु हुनेछैन, कुनै दर्द र पिडा हुनेछैन अनि त्यसको मतलब पाप पनि हुनेछैन किनकी पापको करण नै पिडा हो । आँखाको निमेष मै अन्धकार अन्त्य

हुनेछ र पापले हामी अझै पनि त्यसकै बन्धनमा छौं भनेर सोच्न लगाई हामीलाई धोका दिन सक्ने छैन । हाम्रो साँचो छुटकारा, खीष्टमा हाम्रो नयाँ जीवन उहाँमा सारा महिमाको भव्यतामा सदाको निम्ति चम्कने छ ।

यी दिनहरूमा, हामी उहाँको प्रतिज्ञाको वचनलाई विश्वास गर्छौं र त्यो नै केही मूल्यवान सोचाई हो ।

★★★

# इकाई ६ क

# मुक्ति

उद्धार ! मुक्ति एक उद्धार कार्य हो । मुक्तिलाई बुझ्नको निम्ति समस्या के थियो, यसको बारेमा परमेश्वरले के गर्नुभयो र यसलाई हामीले कसरी लिने भनेर हामीले जान्नु आवश्यक छ ।

## *मानिस के हुन्*

जब परमेश्वरले मानिस बनाउनु भयो उहाँले "आफ्नै स्वरूप" मा बनाउनु भयो र उहाँले उहाँको आफ्नो सृष्टिलाई "धेरै राम्रो" भन्नु भयो (उत्पत्ति १:२६-२७, ३१) । मानिस माटोबाट बनाइएको तर परमेश्वरको श्वासद्वारा जीवन दिइएको अचम्मको सृष्टि हो (उत्पत्ति २:७) ।

"परमेश्वरको स्वरूप" ले सम्भवत तिक्ष्णता, सृजना र सृष्टि माथिको शक्तिलाई समेट्दछ । यसले सम्बन्ध निमार्ण गर्ने क्षमता र नैतिक निर्णय गर्ने क्षमतालाई पनि समेट्दछ । हामी केही तरीकाले परमेश्वर जस्तै छौं । त्यसैले नै परमेश्वरसँग हामी उहाँका छोराछोरीको निम्ति मनमा केही विशेष कुरा छ ।

उत्पत्तिको पुस्तकले हामीलाई बताउँदछ कि परमेश्वरले नगर्नु भन्नु भएको कुरा पहिलो मानिसहरूले गरे (उत्पत्ति ३:११३) । तिनीहरूको अनाज्ञाकारीताले देखाउँदछ कि तिनीहरूले परमेश्वरलाई विश्वास गर्दैनथे र त्यो नै तिनीहरूमा उहाँको विश्वासको उल्लंघन थियो । विश्वासहिन भएर तिनीहरूले सम्बन्ध तोडे र परमेश्वरले तिनीहरूको निम्ति जे चाहानु हुन्थ्यो त्यस कुराको निम्ति चुके । तिनीहरू परमेश्वर भन्दा केही थोरै मात्र भएका थिए । परमेश्वरले भन्नुभयो, परिणाम चाहिँ, संघर्ष, पिडा र मृत्यु भयो (पद १६-१९) यदि तिनीहरूले सृष्टिकर्ताको निर्देशनलाई पछ्याउँदै थिएनन् भने तिनीहरू कठोरतामा अन्त हुँदै पनि थिए ।

मानिसहरू एकै समयमा भद्र र अभद्र दुवै हुन्छन् । हामीसित उच्च आर्दशहरू हुनु सक्छन र क्रुरताहरू पनि । हामी परमेश्वर जस्तै छौ र अधार्मिक पनि । हामी जे हुनु पर्ने हो त्यो छैनौ । हामीले आफैलाई भताभुंग पारेका छौ तैपनि परमेश्वरले अझ हामीलाई उहाँकै स्वरूपमा बनाईएको सोच्नु हुन्छ (उत्पत्ति ९:६) परमेश्वर जस्तै हुने हाम्रो नकारात्मक कुरा अझै पनि छ । यसैले उहाँले हामीलाई छुटाउन चाहानु

हुन्छ, हामीलाई बचाउन चाहानु हुन्छ, हामीसित भएको उहाँको सम्बन्ध पुनस्थापित गर्न चाहानु हुन्छ ।

परमेश्वरले हामीलाई अनन्त जीवन दिन चाहानु हुन्छ जुन जीवन पिडारहित, परमेश्वरसितको असल सम्बन्ध र एक आपसमा पनि राम्रो सम्बन्धको हुन्छ । उहाँले हाम्रो वृद्धि, सृजना र शक्ति राम्रो कुराको निम्ति प्रयोग गरिएको चाहानु हुन्छ । उहाँले हामीलाई उहाँ जस्तै, पहिलो मानिसहरूभन्दा पनि अझ असल भएको चाहानु । यो नै मुक्ति हो ।

## योजनाको केन्द्र

हामीलाई बचाइनु आवश्यक छ । र परमेश्वरले यो गर्नु भएको छ तर उहाँले यो मानिसले आशा नै नगरेको तरीकाले गर्नु भयो । परमेश्वरको पुत्र मानव बन्नु भयो, सिद्ध जीवन जीउनु भयो र हामीले उहाँलाई मार्‍यौं र परमेश्वर भन्नु हुन्छ त्यो नै हामीलाई चाहिने मुक्ति हो । कस्तो विडम्वना ! हामी एक शिकारद्वारा बचाइन्छौं । हाम्रो सृष्टिकर्ता देह हुन भयो । त्यसैले उहाँले हाम्रो निम्ति पापको दण्ड लिन सक्नु भयो तर परमेश्वरले उहाँलाई बौरी उठाएर जीवनमा फर्काउनु भयो र खीष्टद्वारा उहाँले हामीलाई पनि बौरी उठाउँने प्रतिज्ञा गर्नु हुन्छ ।

येशूको मृत्यु र पुनरुत्थानमा, मानवताको मृत्यु र मुक्तिलाई प्रतिनिधित्व गरिएको छ र सम्भव बनाईएको छ । हाम्रो असफलताको ज्याला नै उहाँको मृत्यु हो र हाम्रो सृष्टिकर्ताको रूपमा उहाँले हाम्रो सबै असफलताहरूको निम्ति ज्याला तिर्नु भयो । उहाँ मृत्युको योग्य नभए तापनि उहाँले खुशीसाथ हाम्रो सट्टामा हाम्रो पापहरूको निम्ति मर्नु भयो ।

येशू खीष्ट हाम्रो निम्ति मर्नु भयो र हाम्रो निम्ति बौरी उठ्नु भयो (रोमी ४:२५) । हाम्रो पुरानो मनुस्यत्व उहाँसित मर्‍यो र नयाँ व्यक्ति उहाँसितै जीवनमा फर्काएर ल्याइएको छ (रोमी ६:३-४) एकै पटकको बलिदानमा येशूले "सारा संसारको पापहरूको निम्ति" मोल तिर्नु भयो (१ यूहन्ना २:२) । मोल अगाडी नै तिरिसकिएको छ, अहिलेको प्रश्न चाहिँ हामीले कसरी फाईदाहरू लिन सक्छौं भन्ने नै हो । हामी पश्चाताप र विश्वसद्वारा योजनामा सहभागी हुँदछौं ।

## पश्चाताप

येशू मानिसहरूलाई पश्चाताप गर भन्न आउनु भयो (लूका ५:३२) । पत्रुसले

मानिसहरूलाई पश्चाताप गर र क्षमाको निम्ति परमेश्वरकहाँ फर्क भनेर भने (प्रेरित २:३८, ३:१९)। पावलले मानिसहरूलाई "पश्चातापमा परमेश्वरतिर फर्कनै पर्छ" भनेर भने (प्रेरित २०:२१)।

पश्चाताप गर्नु भनेको पापबाट फर्केर परमेश्वरसित आउनु हो । पावलले एथेन्सका मानिसहरूलाई भने कि अज्ञानतामा गरेको मुर्तिपूजालाई परमेश्वरले ध्यान दिनु भएन तर "अब प्रत्येक ठाउँमा सबै मानिसहरूलाई पश्चाताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रेरित १७:३०)। तिनीहरूले तिनीहरूको मूर्ति पूजा बन्द गर्नैपर्छ।

पावलको ध्यान केन्द्रित गरियो कि केही कोरिन्थीका खीष्टियनहरूले तिनीहरूको व्यभिचारको पापहरूको पश्चाताप गरेकै थिएनन् (२ कोरिन्थी १२:२१)। यी मानिसहरूको निम्ति, पश्चातापको अर्थ अनैतिकता रोक्ने एक इच्छा हुन्थ्यो। पावलले प्रचार गरे कि मानिसहरूले "तिनीहरूको कामद्वारा तिनीहरूको पश्चातापलाई प्रमाणित गर्नैपर्छ" (प्रेरित २६:२०)। हामी हाम्रो चालचलन र बानी व्यहोँरा परिवर्तन गर्छौं।

हाम्रो विश्वासको आधारको अंश "मृत्युतिर डोऱ्याउने कर्महरूबाट पश्चाताप गर्नु" हो (हिब्रू ६:२)। तर यसको मतलब सिद्ध बानी व्यहोँरा भनेको होइन - खीष्टियनहरू सिद्ध हुदैनन (१ यूहन्ना १:८) र पश्चातापको मतलब हामी हाम्रो लक्ष्यमा पुग्छौं भन्ने होइन , तर हामी सहि दिशामा हिड्न शुरु गर्छौं भन्ने हो।

अब उसो हामीले आफैलाई खुशी पार्दैनौं तर खीष्टलाई खुशी पार्न हामी जीउछौं (२ कोरिन्थी ५:१५ १ कोरिन्थी ६:२०) पावलले हामीलाई भन्छन् "जसरी तिमीहरूले एकपल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन्-झन् बढी अपराधका निम्ति समर्पण गऱ्यौं अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर" (रोमी ६:१९)।

## विश्वास

सामान्यरूपले मानिसहरूलाई पश्चाताप गर भनेर तिनीहरूलाई तिनीहरूको असफलताहरूबाट मुक्त गरिदैनन्। मानिसहरूलाई हजारौ वर्षदेखि आज्ञापालना गर्नु भनिएको छ तर तिनीहरूलाई अझै पनि मुक्त गरिनु आवश्यक छ। केही कुरा बढी नै आवश्य छ र त्यो हो विश्वास। नयाँ करारले पश्चातापलाई भन्दा विश्वासको बारेमा बढि चर्चा गर्दछ - विश्वासको निम्ति वचनहरू प्रत्येक ठाउँमा

आठ पटक भन्दा बढि आएका छन् ।

येशूमा विश्वास गर्ने हरेकलाई क्षमा दिइन्छ (प्रेरित १०:४३) "प्रभू येशूमा विश्वास गर र तिमीहरूलाई बचाईनेछ" (प्रेरित १६:३१) "विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति स-समाचार परमेश्वरको शक्ति हो" (रोमी १:१६) । खीष्टियनहरू विश्वासीको रूपमा चिनिन्छन्, पश्चातापीको रूपमा होइन । विश्वास परिभाषित चरित्र हो ।

विश्वास गर्नुको अर्थ के हो - के निश्चित तथ्यहरू स्वीकार्नु हो ? ग्रीक शब्दले विश्वासको त्यो प्रकारलाई बताउन सक्छ तर अझ बढि यसले विश्वासको भावलाई बताउँदछ । जब पावलले हामीलाई येशूमा विश्वास गर्न हौसला दिदछन् तब उहाँले तथ्यहरूलाई महत्त्व दिदै हुनुहुन्न (दुष्टलाई येशूको बारेमा तत्थ्यहरू थाहा छ तर उ बचाईंदैन) ।

जब हामी येशू खीष्टमा विश्वास गर्छौं, हामीले उहाँलाई भरोसा गर्दछौं । हामीलाई थाहा छ कि उहाँ विश्वासयोग्यं र भरोसायोग्य हुनुहुन्छ । उहाँले हेरचाह गर्नु हुन्छ र उहाँले जे प्रतिज्ञा गर्नु भएको छ सो हामीलाई दिनु हुन्छ भनेर हामी उहाँमा भर पर्न सक्छौ । उहाँले हामीलाई मानविय खराब समस्याहरूबाट मुक्त गराउनु हुन्छ भनेर हामी उहाँलाई भरोसा गर्न सक्छौ । जब हामी मुक्तिको लागि उहाँतिर फर्कन्छौ, तब हामी हामीलाई सहायताको आवश्यक छ भनी भन्दछौं र उहाँले यो जुटाउन सक्नु हुन्छ ।

हाम्रो विश्वासलले हामीलाई बचाउँदैन हाम्रो विश्वास उहाँमा हुनैपर्छ अरु कुनै कुरामा होइन । हामीले आफैलाई उहाँमा समर्पित गर्दछौं र उहाँले हामीलाई बचाउनु हुन्छ । जब हामी खीष्टमा भरोसा गर्दछौ हामी आफैलाई बचाउने कोशिस गर्न छोडिदिन्छौ । हामी ले जति नै राम्रो व्यवहार गर्न कोशिस गरे पनि राम्रो प्रयासहरूले हामीलाई बचाउँदैन (असल प्रयासले कहिल्यै पनि कसैलाई सिद्ध बनाएन) । हाम्रो प्रयासहरू असफल हुँदा नत हामी निराश नै हुन्छौं किनकी हामी हाम्रो मुक्तिको लागि खीष्टमा विश्वास गर्दछौं हामी आफैमा होइन । हाम्रो विस्वस्तता उहाँमा छ, हाम्रो सफलता वा असफलतामा होइन ।

विश्वास जसले पश्चाताप गर्न प्रेरित गर्दछ । जब हामी येशूलाई हाम्रो मुक्तिदाताको रूपमा विश्वास गर्छौं, जब हामी महसूस गर्दछौं कि परमेश्वरले

हामीलाई अति प्रेम गर्नु हुन्छ जसले गर्दा पुत्रलाई हाम्रो निम्ति मर्न पठाउनु भयो, जब हामी थाहा गर्छौं कि उहाँले हाम्रो निम्ति असल चाहानु हुन्छ तब हामी उहाँको निम्ति जीउन र उहाँमा खुशी हुन इच्छा गर्ने बन्छौ । हामी निर्णय गरौं - हामी हामीसित भएको निरर्थक र निराश जीवनलाई त्यागौं र जीवन जस्तो हुनुपर्ने हो त्यसको निम्ति उहाँको उद्देश्य र निर्देशनलाई स्विकार गरौं ।

विश्वास भित्री परिवर्तन हो जसले सबै परिवर्तन गर्दछ । येशू खीष्टले हाम्रो निम्ति जे कमाउनु भएको छ त्यसमा हाम्रो विश्वासले केही पनि गरेको र थपेको छैन । विश्वास भनेको उहाँले जे गर्नु भएको छ त्यसलाई जवाफ दिने सामान्य इच्छा हो । हामी माटोको खाल्डोमा काम गर्ने दासहरू जस्तै हौं र खीष्टले घोषणा गर्नु हुन्छ, "मैले तिमीहरूको उद्धार किनेको छु" । हामी माटोको खाल्डोमा रहनुबाट स्वतन्त्र भएका छौ, अर्थात हामी उहाँलाई भरोसा गरेर खाल्डोलाई छोडन सक्छौ । छुट्कारा गरिएको छ, हाम्रो भूमिका चाहिँ यसलाई स्विकार गर्नु र पालना गर्नु हो ।

## *अनुग्रह*

मुक्ति परमेश्वरले उहाँको अनुग्रह, उहाँको दयाले हामीलाई दिनु भएको दान हो । हामीले यसलाई हामीले काम गरेर आर्जन गर्न सक्तैनौ । "अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौं - र यो तिमीहरू आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो - कर्महरूद्वारा होइन नत्रता मानिसले घमण्ड गर्नेछ" (एफिसी २:८-९) । हाम्रो विश्वास पनि परमेश्वरको दान हो । यदि हामीले अहिले देखि नै आज्ञा पालन गऱ्यौं भने पनि हामी इनामको योग्य हुँदैनौ (लूका १७:१०) ।

हामी असल कामहरूको निम्ति बनाईएका हौं (एफिसी २:१०) तर असल कामहरूले हामीलाई बचाउन सक्तैन । तिनीहरूले उद्धार लाई पछ्याउन सक्छन तर त्यो कमाउन सक्तैनन् । पावलले भन्दछन, यदि व्यवस्थापालनद्वारा उद्धार पाउन सकिने भएता खीष्ट व्यर्थमा मर्नुभयो (गलाती २:१२) । अनुग्रहले हामीलाई पाप गर्ने अनुमति दिदैन तर हामी पापी छँदै अनुग्रह हामीलाई दिइयो (रोमी ६:१५, १ यूहन्ना १:९) । हामीले जतिसुकै राम्रो कामहरू गरे पनि परमेश्वरले ती हाम्रो निम्ति गर्नु भएको निम्ति हामीले उहाँलाई धन्यवाद दिनुपर्छ (गलाती २:२०, एफिसी २:१३) ।

परमेश्वरले "हामीलाई बचाउनु भयो र एउटा पवित्र जीवनमा बोलाउनु भयो - हामीले गरेको कुनैपनि कामको कारणले होइन तर उहाँको आफ्नै अभिप्राय र

अनुग्रहको आधारमा हो" (२ तिमोथी १:९) । हामीले गरेका धार्मिक कामहरूबाट होइन उहाँको आफ्नै अनुग्रहको कारणले उहाँले हामीलाई बचाउनु भयो (तीतस ३:५) ।

**अनुग्रह नै सु-समाचारको केन्द्र बिन्दु हो :** हामी परमेश्वरको दानद्वारा बचाइएका हौ, हाम्रो कामहरूद्वारा होइन । सु-समाचार "उहाँको अनुग्रहको सन्देश" हो (प्रेरित १४:३, २०:२४) । "हाम्रा प्रभू येशूको अनुग्रहद्वारा हामी बचाइएका हौं (प्रेरित १५:११) । परमेश्वरको अनुग्रहले खीष्ट येशूमा भएको उद्धारबाट हामीहरू सितैमा धर्मी ठहरिएको छौं (रोमी ३:२४) । परमेश्वरको अनुग्रहबिना, हामी आशारहित भएर पाप र दोषमा हुन्थ्यौं ।

खीष्टले जे गर्नु भएको छ त्यसैमा हाम्रो उद्धार आधारित छ । उहाँ नै हामीलाई बचाउने मुक्तिदाता हुनुहुन्छ । हामी हाम्रो आज्ञा पालनको बारेमा घमण्ड गर्न सक्तैनौ किनकी त्यो गर्नु गलत हुन्छ । खीष्टले जे गर्नु भएको छ त्यसैमा मात्र हामी गर्व गर्न सक्छौ (२ कोरिन्थी १०:१७-१८) र उहाँले यो हाम्रो निम्ति मात्र होइन प्रत्येकको निम्ति गर्नुभयो ।

## *धार्मिकता*

बाईबलले धेरै तरीकामा उद्धारको व्याख्या गर्दछ मोल, छुटकारा क्षमा, मिलाप, ग्रहण, दोष मुक्ति इत्यादी । त्यसैले मानिसहरूले विभिन्न तरीकामा तिनीहरूको समस्याहरूलाई बुझ्दछन् । फोहोरी महसूस गर्नेहरूलाई खीष्ट सफा बनाउनु हुन्छ । दासत्वमा रहेकाहरूलाई उहाँले छुटकारा दिनु हुन्छ अर्थात किन्नु हुन्छ । दोषीहरूलाई उहाँले क्षमा दिनुहुन्छ ।

विरानो महसूस गरेर अलग रहनेहरूलाई उहाँले मिलाप र मित्रता दिनु हुन्छ । अयोग्यहरूलाई उहाँले मूल्य र मान्यता दिनुहुन्छ । आफूलाई स्वामित्व / अधिकार विहिन ठान्नेहरूलाई उहाँले उद्धारलाई धर्मपुत्र र उत्तराधिकारीको रूपमा वर्णन गर्नुहुन्छ । लक्ष्यहिनहरूलाई, उहाँले उद्देश्य र बाटो दिनु हुन्छ । थाकेकाहरूलाई उहाँले विश्राम दिनु हुन्छ । डरपोकहरूलाई उहाँले आशा दिनु हुन्छ । चिन्तितहरूलाई उहाँले शान्ति दिनु हुन्छ । उद्धार यो सबै हो र अझ बढि पनि ।

धार्मिकता / निर्दोष सावित बारेमा हेरौ । ग्रीक शब्द चाहिँ अदालतको प्रशंगमा छ । सफाई पाएका मानिसहरूलाई "दोष नभएको" घोषण गरिन्छ । तिनीहरूलाई